सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक


नयाँ पत्रिका

nayapatrikadaily.com

२० मंसिर २०८२, शनिबार (6 Dec 2025, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २२६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

झण्डयाँ

लोकतन्त्रमा
बन्धक
खुलामञ्च



जनआन्दोलनको साक्षी
खुलामञ्च लोकतन्त्रमा भने
प्रायः बन्द नै भइरह्यो

चन्दाबाट चलेको
क्याम्पस
जहाँ पढ्छन्
छोरी-बुहारीहरू



सामान्य लेखपढ मात्र भएको
गाउँमा अहिले प्रायः हरेक घरमा
कम्तीमा एकजना छोरा, छोरी वा
बुहारी स्नातक उत्तीर्ण भेटिन्छन्

नयाँ विजेताको
पर्खाइमा
एनपिएल



२५ खेलसम्मको खेल र प्लेअफमा
प्रवेश गरेका टिमको विश्लेषण
गर्दा कोहीभन्दा कोही कम छैनन् ।
पूर्वानुमानभन्दा जुनसुकै टिमले अनपेक्षित
नतिजासहित ट्रफी उचाल्न सक्छ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ तरकारीको चर्को मूल्यको कथा

किसानको बारीदेखि उपभोक्ताको भान्सासम्म पुग्दा यसरी चल्छ बिचौलियाको सिन्डिकेट

संकलन केन्द्रको सिन्डिकेट
किसानलाई मल, बिउ दिएर बारीमै कब्जा गर्छन् तरकारी



किसानको तरकारी बारीमै बन्धक बनाइन्छ । संकलन केन्द्रहरूले किसानलाई मल र बिउ दिएर सुरुमै तरकारी आफैं उठाउने गरी बन्धनमा पारेका हुन्छन् । संकलन केन्द्रहरूलाई कालीमाटीका व्यापारीले परिचालित गरेका हुन्छन् । उनीहरूले तरकारी संकलन गरेर कालीमाटी पठाउँछन् । केन्द्रले कम्तीमा १० प्रतिशत नाफा राखेका हुन्छन् ।

ढुवानीमा पनि सिन्डिकेट
दोब्बर महँगो भाडा किसानबाटै असुल्छन्



संकलन केन्द्रले कालीमाटीको बजारमा पुऱ्याउन ढुवानी व्यवसायीलाई तरकारी जिम्मा लगाउँछन् । यी व्यवसायी पनि कालीमाटीका व्यापारी र संकलन केन्द्रसँगै मिलेका हुन्छन् । ढुवानी खर्च किसानबाटै असुल्छन् । बदमासी त्यतिमै रोकिन्न, कालीमाटीसम्म तरकारी पुऱ्याएको चलनचल्तीको भाडाभन्दा दोब्बर उठाउँछन् ।

कालीमाटीमा भन्ने सिन्डिकेट
व्यापारीले भिसमिसेमै तोक्छन् किसानको उत्पादनको मूल्य



सामान्यतयाः आफूले उत्पादन गरेको तरकारीको भाउ किसानले निर्धारण गर्नुपर्ने हो । तर, किसानको बारीबाट दुई चरणको सिन्डिकेट पार गरेर आएको तरकारीको भाउ कालीमाटीका व्यापारीले तोक्छन् । त्यो पनि बिहान ३ बजे । कालीमाटीका ६०२ व्यापारीले मूल्य निर्धारण गरेपछि भक्तपुरदेखि मकवानपुरसम्मका किसानले आफ्नो उत्पादनको मूल्य थाहा पाउँछन् ।

ढुवानीमा अर्को पनि सिन्डिकेट
थोकबजार पुऱ्याउँदा भाडामा थप मनोमानी



कालीमाटीबाट उपत्यकाका थोकबजारमा ढुवानी गर्ने साना गाडीको पनि सिन्डिकेट छ । यसरी ढुवानीका लागि ५० भन्दा धेरै साना गाडी परिचालित हुन्छन् । यी सबैको सिन्डिकेट छ । चलनचल्तीमा दुई सय भाडा पर्ने ठाउँको पनि उनीहरूले कम्तीमा एक हजार असुल्छन् । तरकारीको भाउ थप महँगिन्छ ।

साना थोकबजारमा पनि सिन्डिकेट
यस्ता बजारले पनि चर्को नाफा राखेर बजारमा पठाउँछन्



कालीमाटीबाट निस्केको तरकारी बल्खु, एकान्तकुना, कोटेश्वर, लोकन्थली, कलंकी, चाबहिल, बालाजुलगायतका थोकबजारमा पुग्छ । यसै त ढुवानीकर्ताले महँगो भाडा लिएर पुऱ्याएका हुन्छन्, त्यसमाथि त्यहाँका व्यवसायीहरूले पुनः बढाएर मूल्य तोक्छन् । उपभोक्ताको भान्सासम्म पुग्दै गरेको तरकारी थप महँगिन्छ ।

खुद्रा बजारमा भन्ने मनपरी
जति मनलाग्यो त्यतिमा बेचिन्छ उपभोक्तालाई



यसअघि नै पाँच चरणमा महँगिँदै आएको तरकारी खुद्रा बजारमा भन्ने मनपरी मूल्यमा बेचबिखन हुन्छ । अधिकांश उपभोक्ताको भान्सामा खुद्रा पसलबाटै तरकारी पुग्छ । जुन मूल्यमा कालोबजारीजस्तै भइसकेको हुन्छ । यो चक्रमा सबैभन्दा पिल्सिने किसान र उपभोक्ता छन् । न किसानले उचित मूल्य पाउँछ, न उपभोक्ताले सहुलियत मूल्यमा पाउँछन् ।



“ पाँचखाल- २, हर्सेका किसान महेश दनुवारले भने- हामीले तरकारी गाडीमा हालिदिने हो, मूल्य भोलि मात्रै थाहा हुन्छ भनेर व्यापारीले तरकारी लैजान्छन् । त्यसमाथि ढुवानी खर्च पनि किसानले नै तिर्नुपर्छ । रगत-पसिना लगाएर तरकारी फलाउँछौं, तर असाध्यै थोरै मूल्यमा तरकारी उठाउँछन् ।

अजित अधिकारी/नयाँ पत्रिका

किसानले बारीमा पसिना झारेर उत्पादन गरेको तरकारी बिचौलिया सिन्डिकेटको जालो सकेर मात्र उपभोक्ताको भान्सासम्म पुग्ने गरेको छ । संकलन केन्द्र, ढुवानीकर्ता, कालीमाटीका थोक व्यापारीदेखि स्थानीय थोक र खुद्रा पसल हुँदै उपभोक्तासम्म पुग्दा मनपरी मूल्य निर्धारण हुन्छ ।

राति ३ बजे नै थोक व्यापारीले तोक्ने भाउ, महँगो ढुवानी र स्टल भाडाको अनियन्त्रित खेलले मूल्य बढाउँदै उपभोक्तालाई चर्को मूल्य तिर्न बाध्य बनाउँछ । सिन्डिकेट जालोका कारण बारीमै ३५ रुपैयाँ पाउन संघर्ष गर्ने किसानको तरकारी उपत्यकामा सात सय प्रतिशतसम्म महँगिने गर्छ ।

नयाँ पत्रिकाले तरकारीमा बिचौलियाको जालो कहाँ-कसरी बुनिएको हुन्छ भनेर खोज गरेको छ । जसअनुसार किसानले बारीमा उत्पादन गरेको तरकारी सर्वप्रथम संकलन केन्द्रमा

» पृष्ठ २ मा क्रमशः

कालीमाटीभित्रै थोक र खुद्रा मूल्यमा दोब्बरले अन्तर

नियमनको अभावमा कालीमाटी परिसरभित्रै तरकारीको थोक र खुद्रा मूल्यबिच दोब्बर अन्तर छ । बुधबार बिहान कालीमाटीका थोक व्यापारी रामकुमार दंगालले काउली प्रतिकिलो ७० रुपैयाँका दरले बिक्री गरेको बताए । 'थोकबजारबाट काउली प्रतिकिलो अधिकतम ७० रुपैयाँका दरले बाहिरिएको छ,' उनले भने । तर, थोकबजारबाट करिब १० मिटरको दूरीमा रहेको कालीमाटी परिसरभित्रकै खुद्रा बजारमा भने यसै दिन काउली प्रतिकिलो १२० देखि १३० रुपैयाँमा बिक्री भइरहेको थियो । अन्य तरकारीको भाउ पनि यसरी नै अचाक्ली पाइयो । थोकबजारमा ५० देखि ६० रुपैयाँ प्रतिकिलो रहेको काँक्रो नजिकैको खुद्रामा १०० रुपैयाँ प्रतिकिलो थियो । त्यस्तै, थोकमा ६० रुपैयाँ प्रतिकिलो रहेको आलु खुद्रामा ८० देखि ९० रुपैयाँमा थियो । थोकबाट १०० रुपैयाँमा निस्केको अदुवा खुद्रामा १४० र १५० मा बिक्री भइरहेको थियो । १०० रुपैयाँ औसत थोक मूल्य रहेको टमाटर १० मिटर टाढाको खुद्रा बजारमा १४० रुपैयाँ थियो भने ५० रुपैयाँ थोक मूल्य रहेको मुला खुद्रामा ८० रुपैयाँ थियो ।



विनय श्रेष्ठ

एउटै छातामुनि रहेको थोक र खुद्राबिच यति ठुलो मूल्य अन्तरबारे कालीमाटी बजार विकास समिति जानकार छ । तर, मूल्य नियन्त्रणका लागि कुनै कदम चाल्न नसकिएको समितिका उपनिर्देशक विनय श्रेष्ठले बताए । 'हामी मूल्यमा हस्तक्षेप गर्न सक्दैनौं । तर, एउटै छातामुनि ठुलो अन्तर हुने गरी मूल्य नतोक्नुस् भनेर सचेत गराउने र समय-समयमा कारबाही गर्ने गरिएको छ, तैपनि सुधार हुन सकेको छैन,' उनले भने ।

मधेशमा पहिलोपटक कांग्रेस नेतृत्वको सरकार
यादव बने छैटौं मुख्यमन्त्री

सत्ता खिचातानी र सर्वोच्चको आदेशपछि नयाँ सरकार, ६ दलको समर्थनमा मुख्यमन्त्री बनेका यादवलाई स्थिर सरकार दिने चुनौती

नयाँ पत्रिका

संघीय संरचना कार्यान्वयनमा आएको नौ वर्षमा कांग्रेसले मधेश प्रदेशमा पहिलोपटक सरकारको नेतृत्व गर्ने अवसर पाएको छ । कांग्रेस नेता कृष्णप्रसाद यादव शुक्रबार मुख्यमन्त्री नियुक्त भएका छन् ।

प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले संविधानको धारा १६८ को उपधारा (२) बमोजिम कांग्रेस नेता यादवलाई मुख्यमन्त्री नियुक्त गरेका हुन् । कांग्रेस, जसपा, जनमत, लोसपा, माओवादी र एकीकृत समाजवादीको समर्थनमा यादव मुख्यमन्त्री बनेका हुन् । उनले आइतबार पद तथा गोपनीयताको शपथ लिनेछन् ।

यादव मधेशका छैटौं मुख्यमन्त्री

» पृष्ठ २ मा क्रमशः



संविधानको धारा १६८ को उपधारा (२) बमोजिम कांग्रेस नेता कृष्णप्रसाद यादवलाई मुख्यमन्त्री नियुक्त गर्दै प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्ण

चुनावी तयारीबारे दल-सरकार-सुरक्षा निकाय र आयोगबिच छलफल
सुरक्षा ब्रिफिङ र तयारीमा पूर्ण आश्वस्त देखिएनन् दलहरू



■ बहुपक्षीय बैठकमा प्रधानमन्त्री सुशीला कार्कीले भनिन्-

राजनीतिक दललाई स्थापित गर्ने चुनाव चाहिएको हो भन्ने बुझ्नुपर्छ

'चुनाव हुन्छ कि हुँदैन' भन्ने सोच अब त्यागौं । 'चुनाव सफल कसरी बनाउने' भन्ने सोच बनाऔं । १२६ वटै दलले चुनाव हुनैपर्छ भन्ने साझा धारणा लिनुपर्छ । एकमत भइदिए कसैले बाधा सिर्जना गर्न सक्दैन । खराब तत्त्वले आक्रमण पनि गर्न सक्दैन । सुरक्षाको पहिलो कडी जनता हुन्, समुदाय हो । त्यसपछि मात्र प्रहरी, सशस्त्र र सेना हो । भूतपूर्व सुरक्षाकर्मी पनि छन् । अहिलेको परिस्थितिमा सबैले भनिरहेको एउटै बाटो छ- चुनाव । यसबाहेक विकल्प छैन । हामी 'जेन-जी' आन्दोलनबाट आएको भए पनि दलका विरोधी होइनौं । राजनीतिक दललाई स्थापित गर्ने चुनाव चाहिएको हो भन्ने बुझ्नुपर्छ ।

कमलराज भट्ट/नयाँ पत्रिका

प्रधानमन्त्री, गृहमन्त्री, सुरक्षा निकायका प्रमुख तथा निर्वाचन आयोगका पदाधिकारीहरूले आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनबारे राजनीतिक दलहरूलाई आश्वस्त पार्ने प्रयास गरेका छन् । तर, दलका केही नेताहरूले सुरक्षा अवस्था र प्रवासी नेपालीको मतदान अधिकारका विषयमा सरकारी तयारीबारे पूर्ण आश्वस्त हुन नसक्ने बताएका छन् ।

बैठकमा नेता, सुरक्षा अधिकारी र आयोग पदाधिकारीले के भने ?
(पृष्ठ २)

प्रधानमन्त्री सुशीला कार्कीको पहलमा शुक्रबार बसेको उच्चस्तरीय बैठकमा चुनाव-सुरक्षा चुनौती, प्रहरीको मनोबल, फरार कैदी, लुटिएका हतियार तथा संवेदनशील राजनीतिक गतिविधिबारे दलहरूले जिज्ञासा राखेका छन् । सुरक्षा निकायका प्रमुखहरूले

» पृष्ठ २ मा क्रमशः

■ पुजारी हत्या प्रकरण

'अदालतमा हाजिर हुन्छु' भनेका राजगढ गाउँपालिका अध्यक्ष मण्डल फरार

● **टुवराज पोखरेल**, सिडिओ, सप्तरी



“ उहाँ (ओमप्रकाश मण्डल)ले शुक्रबार अदालतमा हाजिर हुन्छु भन्नुभएको थियो । तर, बिहानदेखि सम्पर्कविहीन हुनुभएको छ । प्रहरीले खोज्दै छ ।

राजविराजमा **सौरभ यादव**

पुजारी हत्या प्रकरणमा अभियुक्त रहेका सप्तरीको राजगढ गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डल 'अदालतमा हाजिर हुन्छु' भन्दै फरार भएका छन् । ०५५ मा सप्तरीको रामजानकी मन्दिरका पुजारी जन्त्रीदास बैरागीको हत्या मुद्दामा फरार सातजनामध्येका प्रतिवादी मण्डल ०७९ को निर्वाचनमा एमालेबाट गाउँपालिका अध्यक्ष निर्वाचित भएका थिए ।

पक्राउ पुर्जी जारी भएका मण्डल गाउँपालिका अध्यक्ष

» पृष्ठ २ मा क्रमशः



ओमप्रकाश मण्डल
अध्यक्ष, राजगढ गाउँपालिका

■ मण्डल सम्पर्कविहीन भएपछि सम्पत्ति रोक्का

मण्डल सम्पर्कविहीन भएपछि सप्तरी प्रहरीले पुरानै पत्र पठाएर उनको सम्पत्ति रोक्का गराएको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीबाट शुक्रबार आएको पत्रअनुसार गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डल, उनका बुबा गंगाराम (बेल्हीचपेना गाविसका तत्कालीन अध्यक्ष)समेतको सम्पत्ति रोक्का भएको भूमिसुधार तथा मालपोत कार्यालय सप्तरीका प्रमुख किशोर रामले बताए । 'प्रहरी कार्यालयबाट पत्र प्राप्त भएको छ, त्यहीअन्तर्गत गाउँपालिका अध्यक्ष मण्डल र उनका बुवाको सम्पत्ति रोक्का भएको हो, अन्य पाँचजनाको पनि सम्पत्ति खोजी हुँदै छ । उनीहरूको पनि सम्पत्ति रोक्का हुन्छ,' उनले भने ।

■ उपाध्यक्षलाई बाइपास गरेर वडाध्यक्षलाई कार्यवाहक

अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षलाई कार्यवाहक अधिकार दिनुपर्ने कानुनी व्यवस्थालाई बेवास्ता गर्दै अध्यक्ष ओमप्रकाश मण्डलले वडाध्यक्षलाई कार्यवाहक दिएका छन् । उनले १९ मंसिरबाट लागू हुने गरी ४ नम्बरका वडाध्यक्ष अशोककुमार साहलाई कार्यवाहक अध्यक्षको जिम्मेवारी दिएका हुन् । अध्यक्ष मण्डल र वडाध्यक्ष साह दुवै एमालेबाट निर्वाचित हुन् । उपाध्यक्ष रेणु मण्डल भने जसपाबाट निर्वाचित हुन् । उपाध्यक्ष रेणुले कानुनविपरीत वडाध्यक्षलाई कार्यवाहक दिइएकाले कानुनअनुसार अगाडि बढ्ने बताइन् । 'शुक्रबार कार्यालय जाँदा वडाध्यक्षलाई कार्यवाहक दिएको कुरा थाहा पाएँ, मलाई थाहा भएअनुसार उपाध्यक्षलाई दिनुपर्ने हो, कानुनमा थप के-कसो रहेछ बुझ्दै छु । त्यसैअनुसार गर्नेछु ।' स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा अध्यक्ष अनुपस्थित हुँदा उपाध्यक्षलाई कार्यवाहक दिनुपर्ने प्रावधान छ । यसअघि पनि धरान उपमहानगर र झापाको कमल गाउँपालिकामा यस्तै निर्णय गरिएकोमा अदालतले रोक लगाएको थियो ।

निर्वाचनमा लैंगिक समावेशिता बढाउन आयोगको प्रयास
प्रत्यक्षतर्फ पनि ३३% महिला उम्मेदवारी व्यवस्था गर्न दलहरूलाई निर्देशन



समानुपातिक प्रणालीमार्फत ३३ प्रतिशत महिला सहभागिता सुनिश्चितता रहँदै आए पनि यसपटक आयोगले दलहरूलाई समावेशी र समानुपातिक प्रतिनिधित्व मजबुत बनाउन प्रत्यक्षतर्फ पनि ३३ प्रतिशत महिला उम्मेदवारीको व्यवस्था गर्न भनेको छ । तर, कानुनतः बाध्यात्मक व्यवस्था नरहेकाले दलहरूले यसलाई लागू गर्छन् नै भनेर विश्वास गर्ने आधार भने छैन ।

नयाँ पत्रिका

निर्वाचन आयोगले आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फ कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार बनाउने व्यवस्था गर्न राजनीतिक दलहरूलाई निर्देश गरेको छ । कानुनतः बाध्यात्मक व्यवस्था नरहेकाले दलहरूले यसलाई लागू गर्छन् नै भनेर विश्वास गर्ने आधार भने छैन ।

समानुपातिक निर्वाचनका लागि दल दर्ता गर्न आह्वान

विभिन्न दलका महिला नेताले प्रत्यक्षतर्फ पनि ३३ प्रतिशत महिला उम्मेदवारीका लागि 'लबिङ' गर्दै आएका छन् । आयोगमा दर्ता भएका १४३ दलका नाममा शुक्रबार निर्देशन दिँदै आयोगले समानुपातिकमै

» पृष्ठ २ मा क्रमशः

सुरक्षा ब्रिफिङ...

पृष्ठ १ बाट क्रमशः

भने चुनौतीहरू पहिचान भइसकेको र आवश्यक तयारी तीव्र गतिमा भइरहेको ब्रिफिङ गरेका छन् ।

बैठकमा कांग्रेस नेताले निर्वाचन सुरक्षा, उम्मेदवार एवं बुथ सुरक्षा, सम्भावित 'थ्रेट' नस्विकारिने, समस्या आए सरकार जिम्मेवार हुने भनाइ राखेका छन् । एमाले नेताले चुनाव-प्रक्रियाप्रति विश्वास नरहेको र संसद् पुनर्स्थापनालाई प्राथमिकता दिइने धारणा राखेका छन् ।

नेकपाले शान्ति-सुरक्षा अझ सुदृढ गर्न र आयोगले थप तयारी गर्नुपर्ने सुझाव दिएको छ । रास्वपाले भयरहित वातावरणबारे अझै आशंका रहेको जनाउँदै सरकारलाई चनाखो हुन आग्रह गरेको छ ।

कांग्रेस नेतृ पुष्पा भुसालले बैठकमा चुनावी तयारीबारे विश्वास गर्न सकिने ब्रिफिङ आएको बताइन् । 'सुरक्षा निकायले आन्तरिक चुनौती व्यवस्थापन गर्न तयार रहेको स्पष्ट ब्रिफिङ दिएका छन् । आयोगले पनि तयारी पूर्ण रूपमा अगाडि बढेको बताएको छ,' उनले भनिन्, 'प्रधानमन्त्रीले जसरी पनि चुनाव गराउँछु भन्नुभएको छ । अब सबैले तदारुकतापूर्वक अघि बढ्नुपर्छ भन्ने विश्वसनीय वातावरण बैठकले दिएको छ ।'

नेकपा नेता प्रकाश ज्वालाले बैठकलाई चुनावको सुनिश्चितताका लागि फलदायी बताएका छन् । 'निर्वाचनको माहोल बनाउन, चुनाव हुन्छ भन्ने विश्वसनीयता जनतालाई दिलाउन महत्त्वपूर्ण बैठक भएको छ,' उनले भने ।

रास्वपाकी सोविता गौतमले चुनावको वातावरणलाई सुदृढ बनाउने बताइन् । 'दलहरूले प्रतिबद्धता जनाएका छन् । सुरक्षा निकाय तयार भएको ब्रिफिङ छ । समाज पनि क्रमशः तयार हुँदै छ । समयमै चुनाव सम्भव देखिँदै छ,' उनले भनिन् ।

प्रधानमन्त्री सुशीला कार्कीले छलफल निर्वाचनको वातावरण बनाउने सन्दर्भमा अहिलेसम्मकै महत्त्वपूर्ण र उपलब्धिमूलक भएको बताइन् । प्रधानमन्त्री कार्कीले अदालतले कुनै रोकावट नगरेको भन्दै चुनावतर्फ अगाडि बढ्नुपर्ने जवाफ एमालेलाई दिइन् । 'अदालतले गर्ने कुरा आफ्नो ठाउँमा छ । हाम्राविरुद्धमा अन्तरिम आदेश भएको भए हात बाँध्नुपर्थ्यो । तर, त्यो भएको छैन । हामी अगाडि बढ्नु नै पर्ने हुन्छ,' उनले भनिन् ।

सरकारका प्रवक्ता तथा सूचना सञ्चारमन्त्री जगदीश खरेलले बैठकले चुनावको प्रक्रिया अझै सुनिश्चित र दृढ बनाएको बताए । 'सबै पक्षबिच एकै थलोमा प्रश्न र जवाफ आए । चुनावसँग सम्बन्धित पक्षबिच समीक्षा भयो । छलफलपछाडि निर्वाचनमा जाने बाटो अझै बलियो, सुनिश्चित भएको र भयरहित, निष्पक्ष, धाँधलीरहित स्वतन्त्रपूर्वक हुने कुराको सुनिश्चितता बढेको महसुस भएको छ,' उनले भने ।

दल, सुरक्षा निकायले देखेको चुनौतीमा केन्द्रित भएर छलफल भएको उनले बताए । खरेलका अनुसार भाग नलिने दल, आपराधिक तत्त्व, प्रचारका क्रममा अस्वस्थ प्रतिस्पर्धाबाट निम्तिने मुडभेट, साइबर अपराध, मिथ्या सूचनाजस्ता चुनौतीको सामना गर्ने साझा धारणा बनेको छ ।

निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीसहित तीनैजना आयुक्त, सचिव र सहसचिवसमेत गरी सातजनाको प्रतिनिधिमण्डलको उपस्थिति थियो । मन्त्रीहरू र चारवटै सुरक्षा निकायका प्रमुखहरू पनि बैठकमा थिए । राप्रपा महामन्त्री भुवन पाठकले दल, जेन-जी र राजसंस्थाबिच नवीन समझदारी गरेर चुनावमा जानुपर्ने धारणा राखेका थिए । सहमतिविनै निर्वाचनमा जाँदा निकास नपाउने उनको भनाइ थियो ।

प्रधानमन्त्री कार्कीले दलहरूबाट आएको सुझावले सरकारका कमजोरीलाई औँल्याउने र सचेत गराउने भन्दै सुधार गर्दै अगाडि बढ्ने मौका मिलेको बताइन् ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोन: ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति : २०८२/०८/२० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीहरुले यस डेभलपमेन्ट बैंकको विभिन्न शाखा कार्यालय/कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौतारकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ **(पैतिस) दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दे-दस्तुर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण	जमानतकर्ताको विवरण
१) ऋणी: काले मियां बाबुको नाम : मेहरमान मिया बाजेको नाम : गाले ठेगाना : वाङ्गेसाल-०४, प्यूठान हालः सरुमारानी-०१, प्यूठान ना.प्र.नं.: १२५/३६५, जारी मिति :२०४४/११/१९ जारी गर्ने कार्यालय : जि.प्र.का., प्यूठान **कर्जा लिएको शाखा : भालुबाङ्ग, दाङ** **सुरक्षणमा रहेको धितोको विवरणः** श्री मालपोत कार्यालय जस्पुर, प्यूठानमा काले मियाको नाममा दर्ता कायम रहेको प्यूठान जिल्ला, बाँगेसाल-०४, स्थित कि.नं. १६ को क्षे.फ १८८९.८९ व.मी. रहेको को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	**क) नाम : फातुमा मियानी** बाबुको नाम : करिम वक्स पतिको नामः काले मिया ससुराको नाम : मेहरमान मिया ठेगाना : वागेसाल-०४, प्यूठान, हालः सरुमारानी-०१, प्यूठान ना.प्र.नं.: १८५४/४८६, जारी मितिः २०४३/०९/१७ जारी गर्ने कार्यालयः जि.का., प्यूठान **ख) नामः साजाहां खातुन** बाबुको नाम : मोहम्मद हमिद शाह पतिको नामः सकिल अहमद ससुराको नाम : काले मिया ठेगानाः बागेसाल-०९, प्यूठान, हालः सरुमारानी-०१, प्यूठान ना.प्र.नं.: ५३३०३४, जारी मिति : २०६३/१०/१४ जारी गर्ने कार्यालय : जि.प्र.का, प्यूठान

ऋणीको विवरण	जमानतकर्ताको विवरण
२) ऋणी: विक्रम चौधरी बाबुको नाम : जगराज चौधरी बाजेको नाम : वाल वहादुर चौधरी थारु ठेगाना : पहलमानपुर-०२, कैलाली हालः घोडाघोडी-१०, कैलाली ना.प्र.नं.: ६७-०१-७०-०९३०३ जारी मितिः २०७०/११/११ जारी गर्ने कार्यालय : जि.प्र.का., कैलाली **कर्जा लिएको शाखा : धनगढी, कैलाली** **जमानतकर्ताको विवरण** **क) नाम : वाल वहादुर चौधरी थारु** बाबुको नाम : कलम नाथ थारु बाजेको नाम : हरि प्रसाद थारु ठेगाना : पहलमानपुर-०२, कैलाली हालः घोडाघोडी-१०, कैलाली ना.प्र.नं. : ६७१०२८/५०४ जारी गर्ने कार्यालय : जि.प्र.का., कैलाली जारी मिति :२०६८/०४/१७ **ख) नाम : चमश्वरी चौधरी थारु** बाबुको नाम : वालाराम थारु पतिको नामः वाल वहादुर चौधरी थारु ससुराको नाम : कलम नाथ थारु ठेगाना : पहलमानपुर-०२, कैलाली हालः घोडाघोडी-१०, कैलाली ना.प्र.नं. : ६७१०२८/५०३ जारी गर्ने कार्यालय :जि.प्र.का., कैलाली जारी मिति : २०६८/०४/१७ **ग) नाम : जग राज चौधरी** बाबुको नाम : वाल वहादुर थारु बाजेको नाम :कलम नाथ थारु ठेगाना : पहलमानपुर-०२, कैलाली हालः घोडाघोडी-१०, कैलाली ना.प्र.नं. : ४२९, जारी मिति : २०५१/०६/१७ जारी गर्ने कार्यालय : जि.प्र.का., कैलाली **घ) नाम : सीता देवी चौधरी** बाबुको नाम : पाहारी लाल ड. थारु पतिको नामः जगराज चौधरी ससुराको नामः वाल वहादुर चौधरी थारु ठेगाना : पहलमानपुर-०२, कैलाली हालः घोडाघोडी-१०, कैलाली ना.प्र.नं. : ५८७२२, जारी मिति : २०६१/०२/१७ जारी गर्ने कार्यालय :जि.प्र.का., कैलाली	**ङ) नाम : रघुनाथ चौधरी** बाबुको नाम : बाल बहादुर थारु बाजेको नाम : कलम नाथ थारु ठेगाना : घोडाघोडी-१०, कैलाली ना.प्र.नं. : ८७७, जारी मिति : २०५१/०८/२८ जारी गर्ने कार्यालय : जि.प्र.का., कैलाली **च) नाम : राम कुमारी चौधरी** बाबुको नाम : फुलराग चौधरी पतिको नामः रघुनाथ चौधरी ससुराको नामः वाल वहादुर चौधरी थारु ठेगाना : पहलमानपुर-०२, कैलाली हालः घोडाघोडी-१०, कैलाली ना.प्र.नं. : ८८०१, जारी मिति : २०५२/१०/०७ जारी गर्ने कार्यालय : जि.प्र.का., कैलाली **छ) नाम : सोमनाथ चौधरी** बाबुको नाम : वाल वहादुर चौधरी बाजेको नाम : कलम नाथ थारु ठेगाना : पहलमानपुर-०२, कैलाली हालः घोडाघोडी-१०, कैलाली ना.प्र.नं. : ५३९५६, जारी मिति : २०६०/०७/३० जारी गर्ने कार्यालय : जि.प्र.का., कैलाली **ज) नाम : निर्मला कुमारी चौधरी** बाबुको नाम : वाम वहादुर ड. थारु पतिको नामः सोमनाथ चौधरी ससुराको नाम : वाल वहादुर चौधरी थारु ठेगाना : पहलमानपुर-०२, कैलाली हालः घोडाघोडी-१०, कैलाली ना.प्र.नं. : ६७१०२८/९४, जारी मितिः २०६६/०८/०७ जारी गर्ने कार्यालय : जि.प्र.का., कैलाली **झ) नाम : योगेश चौधरी** बाबुको नाम : जग राज चौधरी बाजेको नाम : वाल वहादुर चौधरी थारु ठेगाना : पहलमानपुर-०२, कैलाली हालः घोडाघोडी-१०, कैलाली ना.प्र.नं.: ६७-०२-७३/०२०४६, जारी मितिः २०७३/१०/०६ जारी गर्ने कार्यालय : जि.प्र.का., कैलाली **ञ) नाम : पुजा कुश्मी** बाबुको नाम : महेश प्रशाद कुश्मी पतिको नामः विक्रम चौधरी ससुराको नाम : जगराज चौधरी ठेगाना : जोशीपुर-०६, कैलाली हालः घोडाघोडी-१०, कैलाली ना.प्र.नं. : ६७१२०३९/४७८७२, जारी मिति : २०७१/०८/२९ जारी गर्ने कार्यालय :जि.प्र.का., कैलाली

ऋणीको विवरण	जमानतकर्ताको विवरण
३) ऋणी: सूचीत प्रसाद श्रेष्ठ बाबुको नाम : शंकर प्रसाद श्रेष्ठ बाजेको नाम : भोला प्रसाद श्रेष्ठ ठेगाना : वीरगंज-०६, पर्सा हाल : ललितपुर-०४, ललितपुर ना.प्र.नं.: १६०३३३९०६, जारी मितिः २०६२/०४/२५ जारी गर्ने कार्यालय :जि.प्र.का., पर्सा **कर्जा लिएको शाखा : कालिमाटी, काठमाण्डौ**	**क) नाम : शुष्मी श्रेष्ठ** बाबुको नाम : किशोर राज श्रेष्ठ पतिको नाम : सूचीत प्रसाद श्रेष्ठ ससुराको नाम : शंकर प्रसाद श्रेष्ठ ठेगाना : ललितपुर-१८, ललितपुर हाल : ललितपुर-०४, ललितपुर ना.प्र.नं.: २८-०१-०६५-००३६०, जारी मितिः २०६५/१०/२९ जारी गर्ने कार्यालय : जि.प्र.का., ललितपुर

दलका प्रतिनिधिले के भने ?

● **गगन थापा,** कांग्रेस महामन्त्री

तोकिएकै मितिमा चुनाव हुनैपर्छ । सुरक्षासम्बन्धी केही चासो छन्, ती छिटो सम्बोधन हुनुपर्छ । 'जेन-जी' आन्दोलनका व्यक्तिहरूले धम्क्याउने र जथाभावी गर्ने गतिविधि देखिएको छ, यसको नियन्त्रण चाहिन्छ । सबै दलहरूलाई समेटेर ल्याइसकेको अवस्थामा सरकारले हामी पनि महत्त्वपूर्ण स्टेकहोल्डर हौँ भन्ने बिर्सनुहुँदैन । एमाले पनि सामेल भइसकेको छ, त्यसैले सबैको भूमिका स्विकार्नुपर्छ । अन्तरजिल्ला र विदेशमा रहेका नेपालीले मतदान गर्न सक्छन् कि सक्दैनन्, यसमा सरकार र आयोगले स्पष्ट धारणा बनाउनुपर्छ ।

● **शंकर पोखरेल,** एमाले महासचिव

सरकार चुनाव गराउन सक्षम छ भन्नेमा आश्वस्त छैनौँ । चुनाव हुन्छ भन्नेमा विश्वस्त पनि छैनौँ । पार्टीका नेताहरूलाई सीमित पारेर चुनाव कसरी सम्भव हुन्छ ? निषेधको राजनीति बढ्दै गएको छ, सिमराको घटना त त्यसकै उदाहरण हो । त्यसैले चुनावपूर्व विघटनविरुद्ध कोर्टमा चलिरहेको मुद्दाको परिणाम पनि महत्त्वपूर्ण छ । विदेशी भूमिमा मतदानसम्बन्धी अन्तर्राष्ट्रिय कानुन के भन्छ ? यसको सम्भाव्यता कति छ ? स्पष्ट जवाफ चाहिन्छ ।

● **प्रकाश ज्वाला,** नेकपा नेता

प्रहरीको पोसाक र हतियार बाहिर बिक्रीमा छन् । कुनै व्यक्तिले प्रहरीको पोसाक लगाएर हतियार बोकेर आए जिम्मा कसले लिने ? संसद् पुनर्स्थापना भयो भने के हुन्छ ? अदालतले बाहिर हेर्नेछ, सायद पुनर्स्थापना नगर्ला, चुनाव नै गराउनुपर्छ भन्ला । तर, चुनाव गराउने आत्मविश्वास सरकारमै हुनुपर्छ ।

● **सोविता गौतम,** रास्वपा नेता

नागरिकमा अझै 'चुनाव हुन्छ कि हुँदैन' भन्ने शंका छ । सरकार र आयोगले जनतालाई आश्वस्त पार्न अझ धेरै काम गर्नुपर्छ । केही सुरक्षा चासोलाई हामीले पनि गम्भीर रूपमा लिएका छौँ । सरकारले सुरक्षा संयन्त्रमा आवश्यक तयारी गर्छ भन्नेमा विश्वस्त छौँ । दलहरू पनि सहयोग गर्न तयार छन् । विदेशमा बस्ने नेपाली र अन्तरजिल्ला मतदानको मोडालिटीबारे आयोगले कुनै न कुनै उपाय निकाल्नुपर्छ ।

गृहमन्त्री ओमप्रकाश अर्यालले के भने ?

अन्तरजिल्ला तथा विदेशमा रहेका नेपालीको मतदानबारे स्टेकहोल्डरहरूसँग परामर्श गरी कानुनको मस्यौदा बनेको छ । अब दलहरूको सहमति आवश्यक छ ।

सुरक्षा प्रमुखहरूको ब्रिफिङ

● **अशोक सिग्देल,** सेनापति

झडपको सम्भावना रहन्छ । जनप्रतिनिधि तथा उम्मेदवारको सुरक्षा नै सबैभन्दा ठुलो चुनौती हो । उम्मेदवारबिच 'फाउल प्ले' हुन सक्छ, त्यसैले अत्यन्त सतर्क हुनुपर्छ ।

● **दानबहादुर कार्की,** आइजिपी, नेपाल प्रहरी

साइबर आक्रमणको जोखिम सबैभन्दा ठुलो चुनौती हो । पुराना भिडियो प्रयोग गरेर प्रहरीलाई एक ठाउँमा व्यस्त बनाइदिएर अर्को ठाउँमा घटना गराउने प्रयास हुन सक्छ । उम्मेदवार धेरै भएकाले उनीहरूबिच झडपको सम्भावना छ । एक-अर्कालाई निषेध गर्ने प्रवृत्ति पनि बढेको छ । भौतिक आक्रमण नहोला भन्ने छैन, तर हामी तयार छौँ । साइबर सुरक्षाका लागि विज्ञ परिचालन भइसकेका छन् । संयुक्त अपरेसन हुन्छ । अधिकांश चुनौती निस्तेज भइसकेका छन् । कुनै पनि चुनौती सामना गर्न तयार छौँ ।

● **राजु अर्याल,** आइजिपी, सशस्त्र प्रहरी

हामी सबै चुनौती सामना गर्न तयार छौँ । सुरक्षाको जिम्मा हाम्रो हो, राजनीतिक वातावरण मिलाउनु दलको जिम्मा हो । हामीले सामना गर्छौं ।

● **टेकेन्द्र कार्की,** प्रमुख, राष्ट्रिय अनुसन्धान विभाग

हामी चुनावका लागि आवश्यक सबै खालको सहयोग गर्न तयार छौँ । सुरक्षा बैठकहरूमा निरन्तर सहभागी हुँदै सूचना संकलनमा सक्रिय छौँ ।

आयोगको तयारी

● **रामप्रसाद भण्डारी,** कार्यवाहक प्रमुख निर्वाचन आयुक्त

चुनाव तयारीका धेरै चरण अघि बढिसकेको छ । मतदान केन्द्र व्यवस्थापनदेखि सामग्री तयारीसम्म काम भइरहेको छ । २१ फागुनमै चुनाव गराउन आयोग प्रतिबद्ध छ । अन्तरजिल्ला र विदेश मतदानबारे आयोगले कानुनबमोजिम काम गर्छ । आयोगले आफैँ कानुन बनाउन सक्दैन । कानुनले नभनेको काम गर्न सकिँदैन ।

दुई फरक जन्म मिति भएको व्यक्ति फरक फरक नभई एउटै व्यक्ति भएको बारेमा

प्रकाशित मिति : २०८२/०८/२०

प्रस्तुत विषयमा खोटाङ जिल्ला दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं २ साबिक दिक्तेल गा. वि. स. वडा नं ०६ बस्ने उत्तर बहादुर तामाङको नाति स्वार्गीय भारतीय सेना संख्या ९४२१०८२ Nk (Late) **जिल्ला प्रसाद तामाङ** तथा **पदम कुमारी तामाङ**को छोरा **राजन तामाङ**को भारतीय अभिलेख कार्यलय (Sheet Roll) मा जन्म मिति **२०६२/०६/३०** गते दर्ता भएको र निज **राजन तामाङ**को नेपाली नागरिकता प्रमाण पत्र बनाउँदा विद्यालय (स्कुल) रेकर्डको **(सर्टिफिकेट)** को अनुसार जन्म मिति **२०६२/०६/०३** गते **ना.प्र.नं. १२-०१-७८-०२५८३** को आधारमा नेपाली नागरिकता प्रमाण पत्र बनाइएको हुँदा र निज **राजन तामाङ**को बुवाको भारतीय सेनामा कार्यरत (सेवामा) हुँदा नै मिति 03 May 2008 (२०६५/०१/२१) मृत्यु भए पछि मृतकका श्रीमति **पदम कुमारी तामाङ**ले पारिवारिक पेन्सनको लागि मिति **२०६५/०७/२४** गतेको जिल्ला प्रशासन कार्यालय दिक्तेलको सिफारिसमा पारिवारिक विवरण बनाई पेश गर्दा, उल्लेखित मिति **२०६२/०६/३०** गते र नेपाली नागरिकता प्रमाण पत्रमा **२०६२/०६/०३** गते भइ, जन्म मिति फरक परेको हुँदा दुबै फरक जन्म मिति भएको व्यक्ति अलग अलग नभई एउटै व्यक्ति भएको व्यहोरा यस राष्ट्रिय पत्रिकाको प्रकाशित सूचनाद्वारा जानकारी गराईन्छ ।

एपेक्स मकालु हाइड्रोपावर लिमिटेड
नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०८/२०)

शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०८२/०८/१९ गते शुक्रबार बिहान ११:३० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम आ.व. २०८१/०८२ को नवौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्न बोलाउने निर्णय भएको हुँदा उक्त साधारण सभामा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनु हुन सबै शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साधारण सभा हुने मिति, स्थान र समय

मिति : २०८२/०९/१४ गते, सोमबार अर्थात डिसेम्बर २९, २०२५ ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा.वडा नं.-५ नक्साल, काठमाडौं ।
समय : बिहान ११:०० बजे ।

छलफलका विषयहरू:

विशेष प्रस्ताव

१. प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा ।
२. प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै थपघट वा संशोधन गर्न निर्देशन दिएको खण्डमा सो बमोजिम गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

सामान्य प्रस्ताव

१. सञ्चालक समितिकोतर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व.२०८१/८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन र वार्षिक वित्तीय विवरण अन्तर्गत वासलात, २०८१ साल श्रावण १ गते देखि २०८२ साल आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन लगायत सम्पूर्ण अनुसूची पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व.२०८२/०८३ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारीश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. विविध ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

गौरीशंकर पावर डेभलपमेन्ट लिमिटेड
नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०८/२०)

शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०८२/०८/१९ गते शुक्रबार दिउँसो ३:३० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम आ.व. २०८१/०८२ को नवौं वार्षिक साधारण सभा निम्न मिति,स्थान र समयमा निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्न बोलाउने निर्णय भएको हुँदा उक्त साधारण सभामा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनु हुन सबै शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साधारण सभा हुने मिति,स्थान र समय

मिति : २०८२/०९/१४ गते, सोमबार अर्थात डिसेम्बर २९, २०२५ ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा.वडा नं. ५ नक्साल, काठमाडौं ।
समय : दिउँसो २:३० बजे ।

छलफलका विषयहरू:

विशेष प्रस्ताव

१. प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा ।
२. प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै थपघट वा संशोधन गर्न निर्देशन दिएको खण्डमा सो बमोजिम गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

सामान्य प्रस्ताव

१. सञ्चालक समितिकोतर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व.२०८१/८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन र वार्षिक वित्तीय विवरण अन्तर्गत वासलात, २०८१ साल श्रावण १ गते देखि २०८२ साल आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन लगायत सम्पूर्ण अनुसूची पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व.२०८२/०८३ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारीश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. विविध ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

किसानको बारीदेखि...

पृष्ठ १ बाट क्रमशः

पुऱ्याइन्छ । संकलन केन्द्रले उपलब्ध गराएको मल र बिउ प्रयोग गरेर किसानले खेती गरेका हुन्छन् । त्यसैले जतिसुकै न्यून मूल्य पाएका भए पनि किसान संकलन केन्द्रमै तरकारी बुझाउन बाध्य छन् ।

संकलन केन्द्रले किसानबाट खरिद गरेको तरकारीमा कम्तीमा १० प्रतिशत नाफा थपेर ढुवानीकर्तालाई सुम्पिन्छ । ढुवानीकर्ताले पनि प्रचलित मूल्यभन्दा दोब्बर भाडा लिई सोही तरकारी कालीमाटीस्थित थोक बजारसम्म पुऱ्याउने गर्छ ।

संकलन केन्द्र वा बारीदेखि कालीमाटी बजारसम्म ल्याउँदाको ढुवानी खर्चसमेत किसानले पाउने मूल्यबाटै कट्टा हुने गरेको छ । लागतभन्दा न्यून मूल्य पाएका किसानलाई ढुवानी खर्चसमेत बेहोर्नुपर्दा थप समस्यामा पर्नुपरेको काभ्रेको पाँचखाल-२, हर्सेका किसान महेश दनुवार बताउँछन् ।

संकलन केन्द्रबाट ल्याइएका तरकारी कालीमाटी थोक बजारमा भण्डारण गरिन्छ । भण्डारण गरेपछि प्रत्येक बिहान ३ बजे कालीमाटीका ६०२ थोक व्यापारी एकैठाउँ बस्छन् र मूल्य निर्धारण गर्छन् । अन्य वस्तु तथा सेवा उत्पादकले आफूले तोकेको मूल्यमा सामान बजार पठाउने परम्परा छ । तर, बारीमा कठोर परिश्रम गरेर उत्पादन गरेको कृषि उपजको मूल्य किसानले तोक्न पाउँदैनन् । व्यापारीले तोकेको मूल्यमै तरकारी बेच्न उनीहरू बाध्य छन् ।

'बजारमा आएको तरकारीको परिमाण हेरेर प्रत्येक दिन मूल्य निर्धारण हुन्छ,' नेपाल कृषि उपज आलु-प्याज आयात-निर्यात तथा थोक बिक्रेता संघका महासचिव तथा कालीमाटीका थोक व्यवसायी प्रकाश गजुरेल भन्छन्, 'धेरै तरकारी आपूर्ति भएको दिन मूल्य घट्ने र आपूर्ति कम भएको दिन मूल्य बढ्ने गर्छ ।'

व्यवसायीहरूको सिन्डिकेटका कारण कालीमाटी बजारमा मूल्य एकरूप हुने गरेको छ । कालीमाटीमा थोक व्यापारका लागि ४६४ स्टल छन्, जहाँ सबैमा समान मूल्य लाग्ने गर्छ । खुद्रातर्फका ६७ स्टलमा पनि उही मूल्य लागू हुन्छ । यसरी प्रतिस्पर्धाका आधारमा मूल्य निर्धारण हुन नपाउँदा बजार र मूल्य नियन्त्रित छ ।

यसरी कालीमाटीमा तोकिएको मूल्य खुद्रा बजारसम्म आइपुग्दा अझै महँगो हुन्छ । कालीमाटीबाट स्थानीय थोक बजारसम्मको ढुवानी लागत र खुद्रा व्यापारीले थप्ने नाफा जोडिँदा उपभोक्ताले महँगो दरमा तरकारी किन्नुपर्छ । तर, कालीमाटी बजार विकास समितिका उपनिर्देशक विनय श्रेष्ठले पछिल्ला ४-५ वर्षयता थोक र खुद्रा स्टललाई मापदण्डमा राखेर नियमन गरिँदै आएको दाबी गर्छन् । 'स्टल जसको हो, उसैले कारोबार गर्नुपर्ने व्यवस्था कडाइका साथ लागू गरेका छौँ,' उनी भन्छन्, 'यसले बजारमा अनुशासन कायम गर्न सहयोग मिलेको छ ।'

मूल्य निर्धारणमा भने समितिले हस्तक्षेप गर्न नपाउने उनको भनाइ छ । 'व्यवसायीलाई प्रचलित कानुनको दायराभित्र रही कारोबार गर्न बारम्बार सचेत गराइरहेका छौँ,' उनले भने, 'भाउ निर्धारणमा हामीले हस्तक्षेप गर्न मिल्दैन । तर, प्रत्येक बिहान ५ बजे बजार टिपोट सार्वजनिक गर्ने काम भने गर्दै आएका छौँ ।'

किसान कहिल्यै पाउँदैनन् मेहनतको मूल्य

किसानहरूले परिश्रम र मेहनत गरेर उत्पादन गरेको तरकारी र आलुले उनीहरूको लागत पनि पूरा गर्न सकिरहेको छैन । उपत्यकामा सबैभन्दा बढी तरकारी आपूर्तिकर्ता काभ्रेपलान्चोकका किसानलाई कुल उत्पादनको १० प्रतिशत मात्रै फाइदा पुग्ने गरेको छ । अहिले काभ्रेका किसान आलु रोप्न व्यस्त छन् । ५ रोपनीमा आलु लगाउन ३२ हजार रुपैयाँको बिउ, २२ हजारको मल र १० हजारको विषादी खर्च हुन्छ । किसानका अनुसार श्रमिक ज्यालासहित खेती गर्न ड्याङ उठाउने, रोप्ने, गोड्ने, विषादी छर्ने र पानी लगाउने काममा ७४ हजार रुपैयाँ खर्च लाग्छ । यसरी ५ रोपनीमा कुल खर्च एक लाख ३८ हजार रुपैयाँ पुग्छ । तर, बजार मूल्य प्रतिकिलो ३५-४० रुपैयाँमा सीमित रहेकाले किसानले आफ्नो लागत पनि उठाउन सकिरहेका छैनन् ।

संकलन केन्द्र : किसानलाई मल, बिउ दिएर तरकारी कब्जा गर्छन्

स्थानीय सहकारी वा व्यक्तिले सञ्चालन गरेको संकलन केन्द्रमा किसानले तरकारी दिन्छन् । यस्ता संकलन केन्द्रले किसानको बारीसम्मै गाडी लगेर तरकारी उठाउँछन् । संकलन केन्द्रले जुनसुकै बाली लगाउन किसानलाई मल र बिउ दिने गरेका छन्, जसकारण बाली तयार भएपछि सोही संकलन केन्द्रलाई बाली बिक्री गर्नुपर्ने बाध्यता छ ।

काभ्रेको बनेपा नगरपालिका-१, टुकुचामा संकलन केन्द्र सञ्चालन गर्दै आएका रामेश्वर श्रेष्ठले धेरै किसानलाई मल र बिउमा लगानी गरेको बताए । 'किसानलाई मल र बिउमा ठुलो लगानी गरेको छु, अब फलेपछि मैरैमा ल्याएर दिनुपऱ्यो नि' उनले भने ।

संकलन केन्द्रले किसानलाई दिनेभन्दा औसतमा १० प्रतिशत बढी भाउमा तरकारी काठमाडौं पठाउने गरेका छन् । 'हामीलाई धेरै नाफा खाएको आरोप लाग्छ, तर त्यस्तो होइन । किलोमा ५-७ रुपैयाँ राख्ने हो । त्यो भनेको १० प्रतिशत जति हुन आउँछ,' श्रेष्ठले भने ।

कालीमाटीका कतिपय थोक व्यवसायीसमेत सोझै किसानसम्म पुगेका छन् । कालीमाटीमा १५ वर्षभन्दा बढी समयदेखि तरकारीको थोक कारोबार गर्दै आएका एक व्यवसायीले आफूमातहत ४० किसान रहेको बताए । 'उनीहरूको बारी छ, मेरो लगानी छ,' ती व्यवसायीले भने, 'मल र बिउ म दिन्छु । त्यसपछि उहाँहरूले तरकारी दिनुहुन्छ ।'

काठमाडौंसम्म ढुवानी : दोब्बर महँगो भाडा

किसानको बारीबाटै तरकारी उठाउनेको गाडीभाडा चलनचल्तीभन्दा दोब्बर महँगो छ । काभ्रेको नालादेखि काठमाडौंसम्म तरकारी ढुवानी लागत प्रतिकिलो ४ देखि पाँच रुपैयाँ लिने गरेको एक व्यवसायीले बताए । 'खासमा प्रतिकिलो २ देखि अढाई रुपैयाँ मात्र ढुवानी पर्ने हो, तर गाडीवालाले महँगो लिन्छन्,' कालीमाटीका एक थोक व्यवसायीले भने । ढुवानी भाडाबापतको रकम किसानले पाउने मूल्यबाटै कटौती हुने गरेको छ । 'किसानले कति मूल्य पाउने हो, त्यहीँबाट ढुवानीबापतको पैसा काटेर मात्रै किसानलाई दिन्छौँ,' काभ्रेको बनेपा नगरपालिका-१, टुकुचामा संकलन केन्द्र सञ्चालन गर्दै आएका रामेश्वर श्रेष्ठले भने ।

एउटा गाडीले मासिक औसतमा तीन लाखसम्म ढुवानी भाडाबापत कमाइ गर्ने गरेका छन् । त्यसमध्ये इन्धन, मर्मत, चालक तथा सहचालकको खाजा-खाना र गाडीको बैंक किस्ताबापत डेढ लाखसम्म खर्च हुँदा कम्तीमा डेढ लाख नाफा गर्दै आएको एक व्यवसायीले जानकारी दिए ।

कालीमाटीको थोक बजार : राति ३ बजे तोकिन्छ मनलाग्दी भाउ

कालीमाटीमा ५० भन्दा बढी तरकारीको कारोबार गर्न ६ सय २ थोक व्यापारी छन् । उनीहरूले तरकारीको भाउ नियन्त्रण गर्दै आएका छन् । प्रत्येक दिन बिहान ३ बजे तरकारीको भाउ निर्धारण गर्दै आएको थोक व्यवसायी प्रकाश गजुरेलले बताए । 'बजारमा कति तरकारी आएको छ, सोही परिमाणको आधारमा राति ३ बजे व्यवसायी भेला भएर तरकारीको भाउ तोक्छौँ,' उनले भने, 'व्यवसायीले भेला भएर तोकेको भाउ नै सो दिनका लागि बजारमा लागू हुन्छ ।'

किसानलाई कति पैसा दिने भन्ने पनि ३ बजे राति बसेको व्यवसायीको भेलामा नै निर्धारण हुन्छ । किनभने बारीबाट तरकारी उठाउँदा किसानलाई भाउको जानकारी हुँदैन । 'हामीले तरकारी गाडीमा हालिदिने हो, मूल्य भोलि मात्रै थाहा हुन्छ भनेर व्यापारीले तरकारी लैजान्छन्,' पाँचखाल-२, हर्सेका किसान महेश दनुवारले भने ।

ढुवानीमा मनोमानी : उपत्यकाका साना थोक बजारसम्म चर्को मूल्यमा ढुवानी

कालीमाटी बजारबाट एकान्तकुना, कोटेश्वर, चाबहिल र बालाजुलगायतका साना थोक बजारमा तरकारी ढुवानी गर्ने साना गाडीले कम्तीमा १ हजार रुपैयाँ भाडाबापत लिने गरेका छन् । जुन काभ्रेको पाँचखालदेखि काठमाडौंको कालीमाटीसम्म करिब ४० किलोमिटर दूरीमा तरकारी ढुवानी गर्दाको भन्दा महँगो हो । कालीमाटीमा स्थानीय ढुवानीका लागि ५० भन्दा धेरै साना गाडीको सिन्डिकेट छ । 'एउटा गाडीमा १ सय किलो पनि तरकारी अट्दैन, भाडा भने प्रत्येकपटकको हजार रुपैयाँ तिर्नुपर्छ,' बुधबार बिहान कालीमाटीबाट एकान्तकुना तरकारी लैजाँदै गर्दा भेटिएका व्यवसायी छत्र विष्टले भने, 'किलोमै १० रुपैयाँजस्तो ढुवानी भाडा पर्न जान्छ ।'

थोक बजार : जहाँ थपिन्छ नाफा

कालीमाटीबाट निस्केको तरकारी एकान्तकुना, कोटेश्वर, चाबहिल, बालाजुलगायतका थोक बजारमा पुग्छन् । यहाँ पनि व्यवसायीले फेरि एकपटक भाउ निर्धारण गरेर खुद्रा बजार पठाउँछन् ।

खुद्रा बजार : सबैभन्दा बढी मूल्य अनियन्त्रित

उपत्यकाका साना चोक बजार, किराना पसल र ठेलागाडाबाट उपभोक्ताले तरकारी किन्ने गरेका छन् । यहाँ नजिकैको थोक बजार वा तुलनात्मक रूपमा धेरै कारोबार गर्ने व्यवसायीले भने कालीमाटीबाट सोझै खरिद गरेर पनि ल्याउँछन् । खुद्रा बजारमा सबैभन्दा बढी मूल्य अनियन्त्रित छ । पसल र चोकैपिच्छे एउटै तरकारीको भाउ फरक र चर्को हुन्छ ।

प्रत्यक्षतर्फ पनि...

पृष्ठ १ बाट क्रमशः

प्रत्यक्षतर्फ पनि ३३ प्रतिशत महिला उम्मेदवारी दिन भनेको छ । आयोगले भनेको छ, 'संविधानको धारा ३८ (४) तथा धारा ४२ (१) को व्यवस्था र धारा ४७ को मौलिक हकको कार्यान्वयनसम्बन्धी व्यवस्थालाई स्मरण गरी निर्वाचन प्रणालीमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न निर्वाचनमा प्रत्येक दलले प्रत्यक्षतर्फ उम्मेदवारी दिँदा त्यसको एकतिहाइ नघट्ने गरी महिला उम्मेदवारको प्रतिनिधित्व सुनिश्चित गर्ने एवं लैंगिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी उम्मेदवार मनोनयन व्यवस्था गर्ने ।'

आयोगले समावेशी र समानुपातिक प्रतिनिधित्व मजबुत बनाउन तथा निर्वाचन प्रक्रियामा सुशासन कायम राख्ने गरी २० बुँदे निर्देशन जारी गरेको छ । जसमा प्रत्यक्षतर्फ नै ३३ प्रतिशत महिला उम्मेदवारी दिन भनेको हो । यसअघि राजनीतिक दलहरूले मुख्यतः समानुपातिक प्रणालीमार्फत मात्र ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने गरेका थिए ।

समानुपातिकका लागि दल दर्ता आह्वान

निर्वाचन आयोगले २१ फागुनको चुनावका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूलाई निवेदन दिन आह्वान गरेको छ । आयोगले शुक्रबार सूचना प्रकाशन गरी २१-२३ मंसिरसम्म भाग लिन चाहने र ाजनीतिक दललाई निवेदन पेस गर्न आग्रह गरेको हो । आयोगमा १४ मंसिरसम्म १४३ दल दर्ता छन् ।

आयोगले गत आइतबार समानुपातिक निर्वाचन प्रणालीतर्फका लागि आयोगको कान्तिपथस्थित कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिसकेको छ । यस प्रणालीका लागि आयोगका सचिव महादेव पन्थलाई निर्वाचन अधिकृत तोकिएको छ । समानुपातिकतर्फ उम्मेदवारको बन्दसूची बुझाउने समय १३ र १४ पुसमा तोकिएको छ ।

यादव बने...

पृष्ठ १ बाट क्रमशः

बनेका छन् । यहाँ संसद्को अघिल्लो पाँचवर्षे कार्यकालमा जसपा नेपालका लालबाबु राउत तथा दोस्रो कार्यकालको तीन वर्षमा जसपा नेपालका सरोजकुमार यादव, जनमतका सतिशकुमार सिंह, लोसपाका जितेन्द्र सोनल र एमालेका सरोजकुमार यादव मुख्यमन्त्री बनिसकेका छन् ।

मुख्यमन्त्रीमा नियुक्त भएपछि सञ्चारकर्मीसँग कुरा गर्दै यादवले अब मधेशमा स्थिर र लोकतान्त्रिक सरकार गठन भएको बताए । 'धेरै उथलपुथलपछि यो सरकार गठन भएको छ,' उनले भने, 'विगतमा देखिएका विकृति-विसंगतिलाई सच्याउँदै प्रदेश सरकार आर्थिक समृद्धिका साथै संघीय लोकतान्त्रिक व्यवस्थालाई मजबुत बनाउन अगाडि बढ्छ ।'

पछिल्लोपटक २३ कात्तिकमा मुख्यमन्त्री नियुक्त भएका एमाले नेता सरोजकुमार यादव नेतृत्वको सरकार २२ दिनमै ढलेपछि गत बुधबार नयाँ सरकार गठनको आह्वान भएको थियो । मधेश प्रदेशमा हाल कायम १०४ जना प्रदेश सभा सदस्यमध्ये ७७ जनाको समर्थनमा यादवले शुक्रबार दाबी पेस गरेका थिए । मुख्यमन्त्रीका लागि लोसपाका जितेन्द्र सोनलको पनि दाबी थियो । तर, जसपा नेपाल र माओवादी कांग्रेसको पक्षमा खुलेपछि लोसपा पछि हटेको हो । कांग्रेसले जसपालाई सभामुख दिने भनेर आन्तरिक सहमति गरेको स्रोतको भनाइ छ ।

'अदालतमा...

पृष्ठ १ बाट क्रमशः

रहे पनि प्रहरीले पक्राउ नगरेको भन्दै नयाँ पत्रिकाले १७ मंसिरको अंकमा समाचार प्रकाशन गरेपछि प्रहरी प्रशासनले चासो दिएको थियो । मण्डल शुक्रबार बिहानदेखि सम्पर्कविहीन भएको सप्तरीका प्रमुख जिल्ला अधिकारी टुवराज पोखेलले बताए । 'उहाँले शुक्रबार अदालतमा हाजिर हुन्छु भन्नुभएको थियो । तर, बिहानदेखि सम्पर्कविहीन हुनुभएको छ । प्रहरीले खोज्दै छ,' उनले भने । मण्डल फरार भएको बताइए पनि प्रहरीको मिलेमतोमा भगाइएको आरोप छ । किनकि उनी समाचार प्रकाशन भएकै दिन १७ मंसिरमा प्रहरीकै सुरक्षामा पालिकाकामा भएको कार्यक्रममा पुगेका थिए । प्रहरीले पक्राउ गरेको थिएन । नयाँ पत्रिकाले शुक्रबारको अंकमा यससम्बन्धी समाचार प्रकाशन गरेपछि भने उनी फरार भएका हुन् ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ.नयाँ
शनिबार २० मंसिर ०८२
nayapatrikaofficial @nayapatrika

लोकतन्त्रमा बन्धक खुलामञ्च

जनआन्दोलनको साक्षी खुलामञ्च लोकतन्त्रमा भने प्रायः बन्द नै भइरह्यो



तस्बिर : संजित परियार



०४६ सालको जनआन्दोलन सफल भएपछि खुलामञ्चमा आन्दोलनकारी



०६२/६३ को जनआन्दोलनमा खुलामञ्चमा जम्मा भएका आन्दोलनकारी



११ दिन हिँडेर १३ चैत ०७९ मा काठमाडौं आइपुगेका मिटरब्याजपीडितलाई खुलामञ्च प्रवेशमा रोक लगाउँदै नगर प्रहरी

विरासत



● शान्ति तामाङ

'पञ्चायत मा समेत खुला भएको म लोकतन्त्रमा वर्षौंदेखि बन्धक छु,' हिजो हजारौंको आवाज मुखरित गर्ने खुलामञ्च आज यही सोच्दो हो। कहिले बसपार्क, कहिले विद्यालय, कहिले फुटपाथ, कहिले तथाकथित संरक्षणको नाममा करिब एक दशकदेखि खुलामञ्च बन्द छ।

धेरै राजनीतिक परिवर्तनको साक्षी बनेको खुलामञ्च आज खुला हुन आफैँसँग संघर्ष गरिरहेको छ। उसले भनिरहेझैँ लाग्छ,'म कहिले तालामुक्त हुन्छु ?'

कांग्रेस नेताहरू बिपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, डा. केआई सिंह, नेकपा एमालेका नेता मदन भण्डारी, मनमोहन अधिकारी, वामपन्थी राजनीतिज्ञ तथा मानव अधिकारकर्मी पद्मरत्न तुलाधर, लेखक तथा अधिकारकर्मी मल्ल के सुन्दर, परराष्ट्रविद् तथा राजनीतिज्ञ हिरण्यलाल श्रेष्ठजस्ता थुप्रै नेताहरूले आफ्नो कुरा खुलामञ्चबाटै राखे। कतिपय नेता यहींबाट उदाए। खुलामञ्च अर्को अर्थमा नेता जन्माउने थलो पनि थियो।

पहिलो जनआन्दोलन २०४६ र दोस्रो जनआन्दोलन ०६२/०६३ ताका धेरै महत्त्वपूर्ण कार्यक्रम यहीं भए। दुई सय ३७ वर्षे राजतन्त्र ढाल्न जनता त्यहीं जुर्मराए। नेताहरूले त्यहींबाट नारायणहिटीतिर औंला ठड्याउँदै भाषण गरे। लोकतन्त्रका लागि गगनभेदी नारा सबैभन्दा चर्को त्यहींबाट जनताले लगाए। तर, लोकतन्त्र आएको दुई दशक पुग्न लाग्दा लोकतन्त्रका लागि आवाज उठाएको स्थान भने बन्दी बनिरह्यो। लोकतान्त्रिक संसारमा समाज खुला हुँदै जाँदा खुलामञ्च भने बन्द भइरह्यो। लोकतन्त्र मजबुत बनाउन जनआवाज महत्त्वपूर्ण मानिन्छ। तर, जनआवाज गुन्जिने खुलामञ्च झनझन् बन्दी भइरह्यो।

तीन वर्षअघि न्याय माग्न महोत्तरी बर्दीबासबाट १२ दिन पैदलै आएका मिटरब्याजपीडितका लागि खुलामञ्च खुला भएन। काखे बच्चा बोकेर, खुट्टाभरि फोका उठाएर धेरै महिलाहरू खुलामञ्च आइपुगेका थिए। केहीबेरको घम्साघम्सीपछि २०७९ चैत १३ गते उनीहरूलाई खुलामञ्चको गेटमै काठमाडौं महानगरका नगर प्रहरीले रोक लगायो। त्यसपछि उनीहरूले खुलामञ्च बाहिरै रात कटाए।

लोकतन्त्रपछिका धेरै आन्दोलन, सभाहरू माइतीघर, तिनकुने, बल्खु, सिफल, भद्रकालीतिर पुगे। नागरिकको आवाज बोल्ने खुलामञ्च भने बन्द भइरह्यो। ०७७ पुस ५ गते तत्कालीन प्रधानमन्त्री केपी ओलीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गर्दा विरोधका आवाज बढे। असंवैधानिक एवं प्रतिगामी कदम भन्दै विभिन्न दलहरूले विरोध प्रदर्शन गरे। सोही क्रममा नेकपाले पनि विरोधसभाको आयोजना गऱ्यो। सिंहदरबारको पश्चिमी गेटदेखि सहिदगेटसम्म, जमलदेखि भद्रकालीसम्म, पुतलीसडकदेखि प्रदर्शनीमार्गसम्म सडक जाम गरेर नेकपाले अर्को महिना माघ ९ र २८ गते विरोधसभा गऱ्यो।

०८० मंसीर ७ गते मेडिकल व्यवसायी दुर्गा प्रसाईं समर्थितले गणतन्त्रको विरोध र राजतन्त्रको पक्षमा बल्खुमा आन्दोलनको आयोजना गरे। भ्रष्टाचारको विरोध र सुशासनको पक्षमा भएको जेन-जी आन्दोलनताका खुलामञ्चको नामनिसानै सुनिएन। भदौ २३ र २४ गतेको जेन-जी आन्दोलन माइतीघर, बानेश्वर, तिनकुने, कंलकीलगायत क्षेत्रमा सीमित भयो।

२०४६ सालको जनआन्दोलन, ०६२/६३ को जनआन्दोलन, जसले व्यवस्था परिवर्तन गऱ्यो, त्यस्ता आन्दोलनको साक्षी बनेको खुलामञ्च राजनीतिक गतिविधि गर्ने, नागरिकको आवाज बोल्ने, विचार मन्थन गर्ने ठाउँको रूपमा कसरी उदायो ?, लोकतन्त्रमा खुलामञ्चको नाम एकाएक कसरी गुमनाम भयो ? उथलपुथल नै भएको जेन-जी आन्दोलनमा खुलामञ्चको नामै किन सुनिएन ? खुलामञ्च लोकतन्त्रमै कसरी बन्धक भयो ? यस्ता प्रश्न आज धेरैको जिज्ञासा बनेको छ।

■ ०३२ सालमै खुला

इतिहासकार महेशराज पन्तका अनुसार टुँडिखेलको चार सय वर्ष लामो इतिहास छ। सोही टुँडिखेलको एउटा भाग हो, खुलामञ्च। नेपालको संविधान २०१९ लागू भएपछि अञ्चलको विभाजन भयो। काठमाडौं बागमती अञ्चलअन्तर्गत रह्यो। विष्णुमणि आचार्य अञ्चलाधीश बने। त्यहीबखत तत्कालीन रानी रत्न राज्यलक्ष्मी देवी शाहको योजनामा राजा महेन्द्रले बालबालिकाहरूका लागि भनेर पार्क तयार पार्न लगाए। २०१८ सालदेखि निर्माण सुरु भएको त्यो पार्क २०२१ सालमा सम्पन्न भयो। त्यहीवेला टुँडिखेलको खण्डीकरण सुरु भयो। दक्षिणतिरको खण्ड नेपाली सेनाले शाही सेना मञ्चको रूपमा विस्तार गऱ्यो। उत्तरतिर सेनाको अधीनमा रहनेगरि गोलो मञ्च बनाइयो। र त्यसलाई खुलामञ्चको नाम दिइयो। त्यो मञ्चमा सेनाले सर्वसाधारणलाई पस्न र घाम ताप्न दिन थाल्यो।

०३२ सालदेखि भने खुलामञ्चमा बागमती अञ्चलाधीश कार्यालयको अनुमतिमा सांस्कृतिक र सार्वजनिक कार्यक्रम गर्नसमेत पाइने भयो। त्यसपछि त्यहाँ अनुमति नै लिएर राजनीतिक तथा गैरराजनीतिक संघ-संगठनले कार्यक्रम गर्ने परम्परा बस्न थाल्यो। त्यसपछि राजनीतिक गतिविधि धेरै हुन थाल्यो। सर्वसाधारणका लागि पनि भेटघाट, छलफल, बहस, भेला गर्ने थलो बन्यो। त्योभन्दा अघि धेरैजसो राजनीतिक गतिविधि तीनधारा पाठशाला र भूगोल पार्कमा हुन्थ्यो। भूगोल पार्कभन्दा अघि धेरै राजनीतिक गतिविधि तीनधारा पाठशालामा हुन्थ्यो। ००७ सालपछि धेरै आमसभा, ठुला राजनीतिक भेला तीनधारा पाठशाला र भूगोल पार्कमा हुन्थे।

लेखक तथा अधिकारकर्मी मल्ल के सुन्दर जीवनको सुरुवाती दिन खुलामञ्चसहितको टुँडिखेलमा खेल्दै बित्यो। उनका अनुसार ०१८ सालमा बेलायती महारानी एलिजाबेथ द्वितीय नेपाल भ्रमणका क्रममा सहर सौन्दर्यीकरण गर्ने भन्दै पहिलोपटक टुँडिखेललाई धेराबन्दी पारियो। 'टुँडिखेललाई पहिलोपटक त्यही वेला धेराबन्दी गरियो,' टुँडिखेल धेराबन्दीमा परेको दिन सम्झँदै मल्ल के सुन्दरले भने।

'तीनधारा पाठशाला त्रिचन्द्र क्याम्पसको रूपमा विस्तार गरियो। पर्खाल लगाइयो। सार्वजनिक चौर मासिएपछि भेला गर्न सक्ने अवस्था रहेन। त्यसको विकल्पमा खुलामञ्चमा राजनीतिक गतिविधि बढ्यो,' मल्ल के सुन्दर भन्छन्। ०३६ सालमा जनमतसंग्रह गर्ने घोषणा भएपछि बिपी कोइरालाले खुलामञ्चमै पुगेर भाषण गरे। खुलामञ्चलाई सिंगो टुँडिखेलको रूपमा देखेका मल्ल के सुन्दर पनि त्यहाँ हुने धेरै राजनीतिक गतिविधिमा सामेल भए। ०४६ सालको जानआन्दोलनपछि चैत २६ गते खुलामञ्चमा गणेशमान सिंहले राखेको अभिव्यक्तिको उनी साक्षी थिए।

परराष्ट्रविद्, राजनीतिज्ञ हिरण्यलाल श्रेष्ठको बाल्यकाल पनि खुलामञ्चको माटोसँग खेलेरै बित्यो। बार नलगाइएको खुलामञ्चमा उनले महिना दिनसम्म जुवा मेला, घोडेजात्रा र गुरु म्हापालाई इटुम्बहालबाट खाना खुवाउनका लागि आएका भिड पनि देखे। त्यसपछि उनी आफैँ पनि खुलामञ्चका थुप्रै कार्यक्रममा सहभागी भए। 'जनताले मागेको प्रजातन्त्र भनेको राजाविनाको प्रजातन्त्र हो। तर, परिणाम राजासहितको प्रजातन्त्र भयो। यो हदसम्म कसैलाई चित्त बुझ्यो भन्ने जवाफ खोज्नुभन्दा मुलुकको अहिलेको शक्ति सन्तुलनको स्थिति के रहेको छ भन्ने विश्लेषण गर्नु नै जवाफ हुनेछ,' ०४७ कात्तिक २३ गते मदन भण्डारीले खुलामञ्चमा यही बोलेका थिए। यो भेलामा उपस्थित थिए, श्रेष्ठ पनि।



● मल्ल के सुन्दर
लेखक तथा अधिकारकर्मी

२०१८ सालमा बेलायती महारानी एलिजाबेथ द्वितीय नेपाल भ्रमणमा आउँदा सहर सौन्दर्यीकरणका नाममा सबै घरमा सेतो पोत्नेदेखि टुँडिखेलमा सिमेन्टको बारसमेत बनाइयो। टुँडिखेललाई पहिलोपटक त्यही वेला घेराबन्दी गरियो।

● हिरण्यलाल श्रेष्ठ
परराष्ट्रविद् तथा राजनीतिज्ञ

लामो समय खुलामञ्चजस्तो आममानिसको सहज प्रवेश हुने, विचार मन्थन, बहस, छलफल, विरोध गर्ने ठाउँ बन्द हुनु अभिव्यक्ति स्वतन्त्रताको हनन हो।

उनी आफैँले पनि ०३६ सालको जनमतसंग्रहमा धाँधली भएको भन्दै बोले। गण्डक सम्झौता, कोशी सम्झौताको विरुद्ध खुलामञ्चमा आफ्नो अभिव्यक्ति राखे।

■ यसकारण खुलामञ्च महत्त्वपूर्ण

मल्ल के सुन्दर भन्छन्, 'खुलामञ्चमा कहिले मार्केट, कहिले अस्थायी बसपार्क भयो। त्यसैले त्यहाँ सभा, सम्मेलन गर्न सकिने अवस्था रहेन। कुनै वेला हप्तैजस्तो जुलुस, आमसभा हुन्थे। त्यसलाई व्यवस्थित गर्नुपर्छ।' यसबारे श्रेष्ठले फरक मत राख्दै भने,'काठमाडौंमा जनसंख्या बढ्दै जाँदा एउटा खुलामञ्च मात्रैले पुगेन। त्यसैले खुलामञ्चबाट सभा-सम्मेलन अन्तै सऱ्यो। माइतीघर उपत्यकाका तीनै जिल्लाबाट आउन पायक पर्ने ठाउँ भयो। र सिंहदरबारलाई प्रेसर दिने उपयुक्त ठाउँ पनि भयो,' उनी जेन-जी आन्दोलनको वेला खुलामञ्च गुन्जिन नसक्नुका कारण जेन-जीको निसाना भ्रष्ट सांसदहरू केन्द्रित भएको र यसका लागि माइतीघर, बानेश्वर उपयुक्त ठाउँ भएको बताउँछन्। मल्ल के सुन्दर भने जेन-जी आन्दोलन अन्तर्राष्ट्रिय अभ्यासअनुसार भएकाले खुलामञ्च प्राथमिकतामा नपरेको बताउँछन्।

खुलामञ्चको गरिमा अहिले पनि नघटेको भन्दै श्रेष्ठ लामो समय खुलामञ्चजस्तो आममानिसको सहज प्रवेश, विचार मन्थन, बहस, छलफल, विरोध गर्ने ठाउँ बन्द हुनु अभिव्यक्ति स्वतन्त्रताको हनन भएको बताउँछन्। खुलामञ्चजस्तो सार्वजनिकस्थल ओझेलमा पर्नु भनेको नेताहरूको लोकप्रियतामा कमी आउनुभएको उनी दाबी गर्छन्। 'पहिले नेताहरू खुला रूपले हिँड्थे। खुलामञ्चजस्ता सार्वजनिक थलोहरूकै कार्यक्रममा रमाउँथे,' श्रेष्ठले भने, 'अहिले नेताहरू सामाजिक सञ्जालबाटै आफ्नो धारणा राख्ने, मिडियामा मात्रै बोल्ने गर्छन्। आफ्ना विभिन्न कर्तुत लुकाएका उनीहरूले आफूलाई असुरक्षित ठानेको पनि हुन सक्छ।' उनी नेताहरूको रोजाइमा यस्ता सार्वजनिक स्थल पर्न नसक्नु जनता र नेताबिचको सम्बन्धमा दूरी आउनुभएको बताउँछन्।

■ पहिलेकै अवस्थामा फर्काऔँ

कांग्रेस नेता सिर्जना सिंहको परिवारले नै त्यहींबाट प्रजातन्त्रको वकालत गरे। उनले पनि खुलामञ्चबाटै प्रजातन्त्रको आवाज उठाइन्। यस्तो खुलामञ्च सधैँ खुला हुनुपर्ने उनी बताउँछिन्। 'म ३६ सालदेखि नै खुलामञ्चसँग जोडेर विभिन्न राजनीतिक गतिविधिमा सहभागी भएको छु। पहिले कांग्रेसको अधिवेशन नै खुलामञ्चमा हुन्थ्यो,' उनले भनिन्, 'मैले खुलामञ्चको बारेमा यहाँका जनप्रतिनिधिसँग पटक-पटक जिज्ञासा राखेको छु। उहाँहरूले सफाइ र व्यवस्थापनका लागि मात्र खुलामञ्च बन्द भएको बताउनुभएको छ।'

अभियन्ता गणपतिलाल श्रेष्ठ खुलामञ्च देशको हरेक परिवर्तनको साक्षी र ऐतिहासिक थलो भएकाले आममानिसका लागि खुला गरिनुपर्ने बताउँछन्। ०७६ सालमा टुँडिखेल क्षेत्रको संरक्षण गर्न सरकारलाई दबाब दिने उद्देश्यले 'अकुपाई टुँडिखेल' अभियान सुरु भएको थियो। तीन महिनासम्म अभियानले विभिन्न रचनात्मक काम गऱ्यो। उनी सोही अभियानमा समेत संलग्न थिए।

मल्ल के सुन्दर पछिल्लो समय महानगरपालिको नेतृत्वले गरेको काम हेर्दा खेल मैदान वा राम्रै काम गर्न लागेको देखिएको भन्दै कम्तीमा खुलामञ्चलाई पहिलाकै अवस्थामा राख्नुपर्ने बताउँछन्। 'खुलामञ्च जोकोही आएर खुला ठाउँमा आफ्नो कला प्रस्तुत गर्न सकिने ठाउँ हो। त्यसैले स्वास्थ्य, खेलकुद, सार्वजनिक बहस, सार्वजनिक जीवनका लागि खुलामञ्च उपलब्ध हुनुपर्छ। पहिले जुन रूपमा प्रयोग गर्न दिइएको थियो, त्यो यथावत् नै हुनुपर्छ,' उनले भने। परराष्ट्रविद् श्रेष्ठ पनि खुलामञ्चलाई खुलै राख्नुपर्ने भन्दै बिहान व्यायाम गर्ने, साँझमा सांस्कृतिक कार्यक्रम गर्न मिल्ने, सामान्य मान्छेले सजिलै त्यहाँको गतिविधि हेर्न सकिने बनाउनुपर्ने बताउँछन्।

■ जनप्रतिनिधिबाटै बन्द खुलामञ्च

पुरानो बसपार्कमा काठमाडौं भ्यु टावर बन्ने भएपछि त्यहाँ बसपार्क तयार नहुँदासम्मका लागि २०७३ सालमा खुलामञ्चमा अस्थायी बसपार्क निर्माण भयो। सोहीअनुसार महानगरपालिका र निर्माण व्यवसायी जलेश्वर स्वच्छन्द बिकोई बिल्डर्सबिच तीन वर्षसम्म खुलामञ्च उपभोग गर्ने गरी सम्झौता भयो। महानगरपालिकाका तत्कालीन प्रमुख कार्यकारी अधिकृत रुद्रसिंह तामाङले २०७३ साउन ३० गते कार्यादेशमार्फत निर्माण कम्पनीलाई खुलामञ्च उपयोग गर्न दिए। निर्माण कम्पनीले त्यहाँ बसपार्कबाहेक दुईवटा शौचालय, दुईवटा प्रतीक्षालय, क्यान्टिन, मेडिकल पसल, एक टिकट काउन्टरलगायत पनि निर्माण गऱ्यो। अवैध रूपमा धमाधम संरचना बन्न थालेपछि ०७६ सालमा त्यहाँ रहेको संरचना महानगरका तत्कालीन मेयर विद्यासुन्दर शाक्यले भत्काउन लगाए। त्यसपछि खुलामञ्च सर्वसाधारणका लागि खुल्ने भने पनि फोहोर हुन्छ भन्दै महानगरले खोलेन।

त्यसपछि खुलामञ्च नखुल्दै बालेन्द्र शाह (बालेन)को नेतृत्व महानगरमा आयो। मेयर बालेनको नेतृत्वले पनि पटक-पटक खुलामञ्च खोल्ने भने पनि खुलाएन। बरु उसको नेतृत्वले मिटरब्याज पीडितलाई समेत खुलामञ्च प्रवेशमा रोक लगायो। उनको नेतृत्वले खुलामञ्चमा प्लास्टिकको दुबोसहित दुई फुटबल मैदान बनाउनका लागि विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) बनायो। तर, त्यसको चौतर्फी विरोधपछि त्यो काम अगाडि बढ्न सकेन। कात्तिक २७ गते सामाजिक सञ्जालमा खुलामञ्च छिट्टै खुल्ने तयारी भइरहेको जानकारी गराए। उनले उक्त जानकारी गराएको हप्ता दिन बित्दा पनि खुलामञ्च कहिले खुल्ने पत्तो छैन। यसअघि पनि पटक-पटक खुल्ने भनेको खुलामञ्च नखुलेकाले उनको जानकारी कति सत्य हो शंका उब्जिएको छ। महानगरका प्रवक्ता नवीन मानन्धरले भने खुलामञ्च कहिलेदेखि खुल्ने भन्ने यकिन नभए पनि खोल्ने निर्णय भएको बताउँछन्। 'खुलामञ्च उज्यालोदेखि उज्यालोसम्म खुल्छ,' उनले भने।

महानगरका अनुसार खुलामञ्चको चौरमा १४ हजार ६ सय वर्गमिटर क्षेत्रफलमा प्राकृतिक दुबो रोपिएको छ। खुलामञ्चमा खेलकुद पूर्वाधारको मर्मत-सम्भार, सुधार तथा स्तरोन्नति गर्ने कार्यक्रमअन्तर्गत चौरमा मलिलो माटो राखेर दुबो रोप्ने काम भएको हो। यसका लागि करिब ९० लाख रुपैयाँ खर्च भएको छ। ४६ रोपनी क्षेत्रफलमा फैलिएको चौरको वरिपरि चार मिटर चौडाइको पैदलमार्ग बनाइएको छ। सहरका विभिन्न ठाउँका पैदलमार्ग स्तरोन्नति गर्दा निकालिएका हेक्जागोनल ब्लक ल्याएर यस ठाउँको पैदलमार्ग बनाउन पुनः प्रयोग गरिएको छ। खुलामञ्च सबैका लागि खुला रहने, बहुउपयोगी स्थानका रूपमा प्रयोग हुनेछ। बिहान शारीरिक अभ्यास गर्न सकिनेछ। बालबालिकाका लागि स्वतन्त्र खेल्ने ठाउँ हुनेछ। पाका उमेरका व्यक्तिहरूका लागि टहल्ने, आराम गर्ने र सहरी जीवन नियाल्ने ठाउँ हुनेछ। शारीरिक व्यायामका लागि उपयुक्त मार्ग हुनेछ। युवाहरूलाई खेल प्रशिक्षण गर्ने तथा रमाउने ठाउँ हुनेछ। भलिबल, ब्याडमिन्टन लेख्ने ठाउँ पनि हुनेछ।

शारीरिक करसतसम्बन्धी सम्पूर्ण गतिविधि हुने भनिए पनि राजनीतिक सभासमारोहका लागि खुलामञ्च खुला हुने या बन्द हुने महानगरले केही भनेको छैन। खुलामञ्चको खास विरासत, सौन्दर्य राजनीतिक अभिव्यक्ति हो। जनताले फेरि आफ्नो आवाज खुलामञ्चबाट सत्तासीनलाई सुनाउन पाउनेछन् या छैनन् हेर्न बाँकी छ।

जुम्लाका उदाहरणीय उद्यमी





बिर्ख नेपाली



गोपाल रोकाया

रोजगारीका लागि बिदेसिने क्रम बढिरहेकै वेला केही जुम्लीहरू भने जन्मथलोमै दसकौंदेखि स्वरोजगार बनिरहेका छन् । बिर्ख नेपाली र गोपाल रोकाया त्यस्ता उदाहरणीय उद्यमी हुन्, जसले जन्मथलोमै लाखौं कमाइरहेका छन्, उद्यमशीलताको उदाहरण बनिरहेका छन् ।

उद्यम



● मानदत्त रावल

रोजगारका लागि बिदेसिने युवाहरूको लर्को रोकिएको छैन । जिल्ला प्रशासन कार्यालय जुम्लामा राहदानी बनाउन युवाको लाइन तीव्र रूपमा बढिरहेकै छ । चालू आर्थिक वर्ष ०८२/०८३ को मंसिर दोस्रो सातासम्म चार सय ९१ जनाले राहदानी फाराम भरेका छन् । यस्तै आर्थिक वर्ष ०८१/०८२ मा १ हजार ९४ जना र ०८०/८१ मा जुम्लाबाट १ हजार २ सय २५ जनाले राहदानी लिएका छन् । त्रिवर्षीय तथ्यांक हेर्ने हो भने महिलाभन्दा ७५ प्रतिशत पुरुषले बिदेसिनका लागि राहदानी लिने गरेका छन् ।

रोजगारीका लागि बिदेसिने क्रम बढिरहेकै वेला केही जुम्लीहरू भने जन्मथलोमै दसकौंदेखि स्वरोजगार बनिरहेका छन् । बिर्ख नेपाली र गोपाल रोकाया त्यस्ता उदाहरणीय उद्यमीहरू हुन्, जसले जन्मथलोमै लाखौं कमाइरहेका छन्, उद्यमशीलताको उदाहरण बनिरहेका छन् ।

गुठीचौर गाउँपालिका- ५ देपाल गाउँका ५२ वर्षीय बिर्ख नेपाली एक सफल उद्यमी हुन् । उनले २०५३ सालदेखि उद्यमशीलतामा लागेका हुन् । उनीले जडीबुटी र फलफूलसम्बन्धी उद्योग सञ्चालन गर्दै आएका छन् । उनले जडीबुटी र फलफूल उत्पादन गरी प्रशोधन गरेर बजारमा बिक्री-वितरण गर्ने गरेका छन् । उनले पाँच सय वर्गमिटर क्षेत्रफल जमिनमा १८ प्रकारका जडीबुटीको खेती गरेका छन् । यस्तै, उनले स्याउ ओखर फलफूल उत्पादनदेखि नर्सरीबाट बिरुवा पनि उत्पादन गर्छन् । उनको नर्सरीमा दुई हजार स्याउको बिरुवा र चार सय ओखरको बिरुवा छन् । उनले स्याउ, ओखरको दाना बिरुवा र जडीबुटी बि-क्रीवितरण गरी वार्षिक ६ लाख रुपैयाँ आम्दानी गर्ने गरेका छन् । यसै आम्दानीबाट उनको परिवार चल्छ ।

उनका दुई छोराबुहारी, नानीनातिनासहित ६ जनाको घरपरिवार छ । बालबच्चाको शिक्षा स्वास्थ्यदेखि लुगाफाटो सबै यसै आम्दानीबाट चल्छ । उनले जेठो छोरालाई आफूजस्तै उद्यमी बनाएका छन् । कान्छो छोरा अहिले काठमाडौंमा ब्याचलर पढ्दै छन् । काठमाडौंमा पढिरहेको कान्छो छोरालाई वार्षिक दुई लाख ५० हजार रुपैयाँ खर्च लाग्छ । त्यो खर्च उनले यही उद्यमशीलताबाटै धान्दै आएका छन् ।

मिहिनेत गरेर जोडेको घरमा २०७२ वैशाख २२ गते आगलागी हुँदा ठुलो क्षति व्यहोर्नुपरेको उद्यमी बिर्ख नेपाली बताउँछन् । उनले भने, 'त्यतिवेला करिब १८ लाखबराबरको सम्पत्ति क्षति भएको थियो । धेरै दुःखकष्टले आर्जेको सम्पत्ति क्षति हुँदा फेरि शून्यमा पुग्नुपर्ने अवस्था आइपुग्यो ।'

हिमा गाउँपालिका- ३ मोफूला गाउँका गोपाल रोकाया पनि एक सफल उद्यमी हुन् । द्वन्द्वकालमा उनी माओवादी राजनीतिमा सहभागी थिए । द्वन्द्वकालपछि राजनीतिकभन्दा कृषि र उद्यमशीलतामा उनी सक्रिय भए । त्यही नै उनको परिचय बन्यो ।

उनले २०७४ सालदेखि व्यावसायिक रूपमा स्याउ, ओखरखेती थालेका हुन् । चार वर्षसम्म शिक्षण पेसा अँगालेका रोकाया अहिले पूर्णकालीन रूपमा कृषि पेसामा आबद्ध छन् । उनकै अथक परिश्रम र मिहिनेतले दुर्गम ठाउँको मुहार फेरिएको हो । मोफ्ला गाउँदेखि तीन किलोमिटरको दूरीमा रहेको रुम्तुसम्म ग्रामीण सडक पुगेको छ । उद्यमी रोकायाको परिकल्पना, इच्छाशक्ति र लगनशीलताका कारण सुक्खा रुम्तु उर्वर बनेको छ । एक बिघा क्षेत्रफलमा कृषिकर्म फस्टाएको छ । व्यक्तिगत र बैंकिङ ऋण गरेर कुल एक करोड लगानी गरेका छन् ।

रोकायाले एउटै ठाउँमा धेरै व्यवसाय गरेका छन् । सबैभन्दा धेरै ओखरको नर्सरी छ । उनको लोकल र फुजी स्याउको बर्गैंचा नै छ । खरायो र बाख्रासमेत पालन गरेका छन् । त्यहीं भित्र माछा पोखरीसमेत छ । केसर खेतीसमेत सुरु गरेका छन् ।

यी सबै व्यवसायबाट उनले वार्षिक ६ लाख आम्दानी गर्ने गरेका छन् । उनी भन्छन्,'फुजी स्याउको बिरुवा १ हजार १ सय ५० छ । स्थानीय स्याउको तीन सय ५० बिरुवा छ ।' उनी आफैं नर्सरीमा ग्राफ्टिङ गर्छन् । उनीसँग ओखरको १५ हजार रुडस्टक ग्राफ्टिङ गर्नुपर्ने बिरुवा छ । उनले ओखरका बिरुवा बेचेर मात्रै मनग्ये आम्दानी गरिरहेका छन् । चन्दननाथ नगरपालिकालाई साढे सात लाखको ओखरका बिरुवा उनले बेचेका थिए । सिन्जा गाउँपालिकालाई ११ लाखको बिरुवा बेचेको उनले सुनाए । उनी भन्छन्,'हिमा गाउँपालिकाले १३ लाखको बिरुवा किन्यो । यस्तै १० लाख मूल्यबराबरको ओखरका बिरुवा सुपरजोन किनेको छ ।'

कृषक रोकायासँग साढे चार सयवटा स्याउका रुखसमेत छन् । स्याउ फल्न थालिसकेको छ । उनले स्याउ र स्याउका चानासमेत बिक्री गरेर आम्दानी गर्दै आएका छन् । वार्षिक २१ लाखको कारोबार गर्ने गरेको उनी सुनाउँछन् । भन्छन्,'सबै खर्च कटाएर ६ लाख वार्षिक आम्दानी हुन्छ ।'

रोकायाको पाँचजनाको परिवार छ । घरखर्चदेखि छोराछोरी पढाउने खर्च सबै यसैबाट जुटाउने गरेको उनको भनाइ छ । उनी भन्छन्,'जेठी छोरीलाई बुटवलमा आइस्सीएजी पढाएँ । कान्छी छोरी जुम्ला बहुमुखी क्याम्पसमा बिबिएस पढ्दै छे । छोरा बुटवलमा विज्ञान विषय लिएर पढ्दै छ ।'

लामो समयदेखि वनपैदावर जडीबुटीसम्बन्धी काम गर्दै आएका सामुदायिक वन उपभोक्ता महासंघ जुम्ला शाखाका अध्यक्ष गोकर्ण चौलागाईं भन्छन्,'जिल्लामा सफल उद्यमी थोरै छन् । उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय जुम्लामा जटीबुटीसम्बन्धी करिब तीन हजार उद्योग दर्ता भएका छन् । तर, व्यावसायिक उद्यमी भने जिल्लामा १० जना जति होलान् ।'

उद्यमी हुनु भनेको स्वरोजगार हुनु हो । तर, धेरैजसो नेपाली रोजगारीको खोजीमा बिदेसिने रहेका छन् । आफ्नै माटोमा केही उद्यमशीलता गर्न सके विदेशी माटोमा पसिना बगाउनुपर्ने थिएन । बिर्ख र गोपालजस्तै उद्यमी बन्न सके बिदेसिनु नपर्ने चौलागाईं बताउँछन् ।

लामो समयदेखि नेपालमा हिमाली जडीबुटीहरूको संरक्षण र दिगो व्यापार परियोजना सञ्चालन गर्दै आएको सन्साब नेपालका फिल्ड परियोजना संयोजक चण्डिका उम्गाई भन्छन् 'वन पैदावरबाट थुप्रै फाइदा लिन सकिन्छ । जडीबुटी तथा वनमा आधारित उद्यमशीलता गर्न सकिने थुप्रै सम्भावना हुँदाहुदै पनि रोजगारीका लागि बिदेसिनेहरूको लर्को लाग्छ ।'

वन पैदावरको उद्यमी वृद्धिका लागि उद्यमशीलता विकास तथा व्यावसायिक योजनासम्बन्धी चार दिवसीय तालिम पनि सञ्चालन गरिएको उम्गाई बताउँछन् । जुम्लामा सञ्चालन गरिएको तालिममा १९ जना सहभागिता थिए । उद्यमी व्यवसायीलाई व्यावसायिक योजना तयारी गर्न सक्षम बनाउने उद्देश्य रहेको यन्साब नेपालका वन अधिकृत प्रवेश कक्षपति बताउँछन् ।



चन्दाले चलेको क्याम्पस, जहाँ पढ्छन् छोरी-बुहारी

सुरुंगा-१, सप्तरीमा खुलेको क्याम्पस पढेर कैयौं विपन्न परिवारका युवा, छोरीबुहारीले आफूलाई अब्बल देखाएका छन् । सामान्य लेखपढ मात्र भएको गाउँमा अहिले प्रायः हरेक घरमा कम्तीमा एक छोरी-बुहारी स्नातक उत्तीर्ण भेटिन्छन् ।

शिक्षा

● मणिलाल विश्वकर्मा

डिकुरा पोखरेलको घर सप्तरीको सुरुंगा नगरपालिका-२ भेडिया गाउँमा पर्छ । उनले करिब १५ वर्षअघि उदयपुरको गाईघाटस्थित त्रियुगा जनता बहुमुखी क्याम्पसमा मानविकी संकायमा १२ कक्षाको अन्तिम परीक्षा दिएकी थिइन् । उनलाई एउटा विषय लाग्यो । थप पढ्ने रहर त गरिन्, तर विवाहपछि रोकियो । 'अन्तिम परीक्षामा एक विषयमा अल्झिएँ, विवाह भएपछि परीक्षा दिन पनि सकिनँ' उनले भनिन्, 'पछि घरनजिकै शिशुवारी क्याम्पस खुलेपछि त्यहींबाट शिक्षा विषयमा पुनः १२ उत्तीर्ण गरेर नेपाली विषयमा त्यहींबाट स्नातक गरैं ।'

स्नातक पास गरेपछि डिकुराले सामाजिक संस्थामा काम गर्दागर्दै समाजशास्त्रमा स्नातकोत्तर पास गरिन् । अहिले सुरुंगा-५ कुसहास्थित मसीलाल जनता माविमा शिक्षण गरिरहेकी उनले भनिन्, 'फेरि नेपाली विषयमा डिग्री गर्ने जमर्को गर्दै छु । आफैं कार्यरत विद्यालयमा १२ कक्षालाई नेपाली विषय पढाइरहेकी छु ।'

डिकुरा उदाहरण मात्र हुन् । उनीजस्तै पढ्ने रहर हुँदाहुँदै विभिन्न कारणले पढाइ छोड्न बाध्य छोरी-बुहारीका लागि सप्तरीको उत्तर पश्चिमी कुनामा पर्ने सीमान्त गाउँ शिशुवारीस्थित शिशुवारी क्याम्पस भरपर्दो शैक्षिक गन्तव्य बन्दै गएको छ । घरायसी आर्थिक अवस्था, पारिवारिक उल्झनजस्ता विभिन्न कारणले पढ्न नपाएका स्थानीय युवा, छोरी-बुहारीको शैक्षिक गन्तव्य बन्दै गएको छ, शिशुवारी क्याम्पस । उक्त क्याम्पस स्थानीय गाउँलेले गाँस काटेर गरेको सहयोगमा पछिल्लो १४ वर्षदेखि सञ्चालनमा छ ।

■ गाउँले वातावरण, न्यून शुल्क

शिशुवारी क्याम्पसले १५ साउन २०६९ मा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिएको थियो । क्याम्पसमा नेपाली, अंग्रेजी र जनसंख्या विषयमा पढाइ हुन्छ । सुरुंगा नगरपालिका-१ मा रहेको उक्त क्याम्पस पढेर अहिलेसम्म नौ ब्याचमा तीन सय चारजना छोरी-बुहारी र एक सय ९८ जना युवाले स्नातक तह उत्तीर्ण गरिसकेका छन् । उत्तीर्णमध्ये कैयनले पेसा व्यवसायसहित शिक्षण, निजामती सेवामा नाम निकालेको क्याम्पस प्रमुख कृष्णप्रसाद तिम्सिना बताउँछन् । 'गाउँले वातावरण, न्यून शुल्क, गुणस्तरीय पढाइ, उच्च अनुशासनजस्ता कारणले स्थानीय र डेरा लिएर पढ्ने छोरी-बुहारी यहाँ पढ्न आउँछन्,' उनले भने, 'क्याम्पसमा छिमेकी उदयपुरको त्रियुगा, रौतामाई, उदयपुरगढी, बेलका, लिम्चुङबुङ, मोरङको लेटाङ, सुनसरीको इटहरीलगायत बहुसंख्यक छात्रा पढिरहेका छन् ।'

वार्षिक १४ हजार रुपैयाँमा एक वर्ष पढाइरहेको क्याम्पस प्रमुख तिम्सिना बताउँछन् । 'यो शुल्क छिमेकी जिल्लामा रहेका सामुदायिक क्याम्पसले लिइरहेका शुल्कभन्दा झन्डै २५ देखि ३० प्रतिशत सस्तो हो,' उनले भने । न्यून शुल्क त छँदै छ, अन्य ठाउँबाट पढ्न आएका विद्यार्थीका लागि सुरक्षित वातावरण, सस्तोमा डेरा

साप्ताहिक राशिफल

२० मंसिर (शनिबार)
२६ मंसिर (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो. : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साताको प्रारम्भमा जीविकोपार्जनका लागि गरिएका प्रयासले अपेक्षित सफलता मिल्नेछ । यो साता आर्थिक स्थितिमा सुधार आउने देखिन्छ । व्यापार-व्यवसायमा संलग्न व्यक्तिले पहिले गरेको लगानीबाट सोचेअनुसार लाभ उठाउन सकिनेछ । बजारमा पुँजी अड्किएका व्यक्तिहरूले यो साता मिहिनेत गरेमा अप्रत्याशित रूपमा धनआर्जनका योग बनिरहनेछन् ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

यस साता वृष राशिका व्यक्तिहरूलाई भाग्यको साथ मिल्नेछ । कडा परिश्रमबाट धेरै सफलता मिल्ने योग रहेको छ । सोमबार र मंगलबार व्यावसायिक लगानीमा साथीभाइ र सहकर्मीबाट पनि सहयोग मिल्नेछ । कपडा र मेकअप सामानको व्यापार गर्ने व्यक्तिहरू आफ्नो कमाइबाट खुसी हुनेछन् । राजनीतिक तथा सामाजिक कार्यमा संलग्न व्यक्तिले समाजमा मानप्रतिष्ठा प्राप्त गर्नेछन् ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

मिथुन राशिका व्यक्तिहरूका लागि साताको प्रारम्भमा भाग्यले पूर्ण रूपमा साथ दिनेछ र तपाईंका सबै योजना सजिलै पूरा हुनेछन् । कुनै बैंकबाट ऋण लिने सोचमा हुनुहुन्छ भने फाइदा हुनेछ । पुराना साथीभाइबाट सहयोग मिल्नेछ र असल साथीहरू पनि बढ्नेछन् । साताको अन्त्यमा श्रीमतीको तर्फबाट सबै प्रकारको सहयोग प्राप्त हुनेछ र योजना सफल हुनेछन् ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

धन र सम्मानमा वृद्धि हुने योग रहेको छ । रोकिएका काम सजिलै पूरा हुनेछन् र भाग्यले पूर्ण रूपमा साथ दिनेछ । मातृ पक्षबाट माया र सहयोग प्राप्त हुने योग रहेकाले आमाको सल्लाहअनुसार अगाडि बढेमा कार्यसिद्धि हुनेछन् । बिहीबार र शुक्रबार खर्च हुने हुँदा विशेष सावधानी अपनाउनु पर्नेछ । कुनै पनि शुभकार्य गर्नुअघि देवीको पूजा तथा प्रार्थना गरेमा भाग्यको पूर्णसाथ रहने साता रहेको छ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

नयाँ परियोजनाबाट सफलता मिल्नेछ । स्थान परिवर्तनसँग सम्बन्धित कुनै पनि काम सफल हुनेछन् । साताको उत्तरार्द्धमा केही जटिलता देखिए तापनि तपाईंको हिम्मत बढ्नेछ । परिवारमा मांगलिक कार्य हुनाले मन प्रसन्न रहनेछ । कार्यालयमा तपाईंका लागि अनुकूल वातावरण बन्नेछ । तपाईंका सहकर्मीहरूले पनि तपाईंलाई साताभर पूर्ण रूपमा सहयोग गर्नेछन् ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

आर्थिक हिसाबले साता बलियो नै रहेनछ । वैदेशिक यात्राका लागि गर्न खोजिएका कार्य सजिलै सम्पन्न हुनेछन् । अनावश्यक खर्च हुने सम्भावना रहेकाले साताको उत्तरार्द्धमा विशेष सावधानी अपनाउनु पर्नेछ । व्यापार-व्यवसायमा आर्थिक लाभको योग रहेकाले लगानी गर्दा शुभ रहनेछ । लामो यात्राको योग रहेकाले यात्रामा निस्किँदा विशेष लाभ मिल्ने साता रहेको छ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

विशेष धनलाभ हुनुका साथै गर्न खोजेका कार्य सजिलै सम्पन्न हुनेछन् । कुनै पनि निर्णय लिँदा भाग्यको पूर्णसाथ रहनेछ । मंगलबार र बुधबार सहयोगी भावना रहने हुँदा उपचारमा अनावश्यक धन खर्च हुने सम्भावना रहेकाले विशेष सावधानी अपनाउनु पर्नेछ । साताको अन्त्यमा घरमा छिमेकीहरूको सहयोगमा मांगलिक कार्यमा मन रमाउनेछ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

शनि अढैया दशाका कारणले साताको प्रारम्भमा मन विचलित रहनुकाका साथै आफैं अन्योलमा परिनेछ । व्यापार वृद्धिका लागि गरिएका प्रयास असफल हुनेछन् । बिहीबार र शुक्रबार अरूको कारणले केही समस्याको सामना गर्नु पर्नेछ । साताको अन्त्यमा शत्रुपक्षलाई जित्न सफल हुनुका साथै कानुनी विवादमा सफलता मिल्नेछ । यदि कुनै मुद्दा विचाराधीन छ भने जित्नुहुनेछ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

यस साता आर्थिक हिसाबले लाभदायक रहनेछ । रोकिएका आयोजनाबाट लाभ मिल्नेछन् । तपाईंभित्र परोपकार र सहयोगी भावना विकास हुनेछ । धार्मिक कार्य रुचिका साथ सम्पन्न हुनेछन् । साताको अन्त्यमा भाग्यको पनि पूर्ण सहयोग मिल्नेछ । वैदेशिक यात्रामा भने केही बाधा उत्पन्न हुन सक्ने हुँदा सत्यनारायणको दर्शन तथा पूजा गरेमा लाभ मिल्नेछ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

सुरुमा लाभांश बढे पनि प्राप्त रकम तत्काल खर्च गर्नुपर्ने स्थिति आउनेछ । केही अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्दा मन खिन्न रहनेछ । फजुल खर्चका बीच कामको बोझ पनि बढ्न सक्छ। बुधबारदेखि कीर्तिमानी काम सुरु हुन सक्छ । प्रतिष्ठित काम गर्ने मौका प्राप्त हुनेछ । नातेदार र कुटुम्बले काममा सहयोग गर्नेछन् । साथीहरूसित मनोरञ्जनको अवसर जुर्नेछ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

प्रतिष्ठित काम गरेर अवसर हात पार्ने साता रहेको छ। आयआर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ । मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । तर, आम्दानीका साथै कामको दायित्व पनि बढ्न सक्छ । बुधबारदेखि खर्चको मात्रा बढ्नेछ । बिचमा काम रोकिए पनि दोहोऱ्याएर प्रयत्न गर्दा फाइदा हुन सक्छ । सप्ताहान्तमा आस मारेको काम बन्नेछ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

विशेष जिम्मेवारी अथवा नोकरीप्राप्तिको योग रहेको छ । विशिष्ट व्यक्तित्वसँग मित्रता बढ्नेछ । परिश्रमअनुसार राम्रै फल पाइने साता रहेको छ । खर्च भए पनि दिगो फाइदा हुने काम प्रारम्भ गर्ने अवसर छ । लगनशीलताले प्रसिद्धि पनि बढ्नेछ । मिहिनेतले दाम र इनाम दिलाउने योग रहेकाले साप्ताहिक रूपमा दिनहरू सफल रहनेछन् ।

कविता



● घिमिरे युवराज

मेरो टोलमा हरेक बिहान एक हुल बचेरा
कन्सन्ट्रेसन क्याम्पतिर जान्छन् !
म आफ्नै अतीतलाई सम्झन्छु
तर्सन्छु,
कुन क्षणमा आएपछि एउटा बालक
सबै रहर त्यागेर
हरेक दिन ठ्याक्कै उही समयमा
स्कुल जान तयार हुन्छ ?

आफ्नै साइजको ब्याग बोकेर
रुँदै किन्डर गार्डेन जाने बचेरा
कुन क्षणमा पुगेर
हरेक बिहान निद्रा मारेर ब्युँझन्छ ?
लगाउँछ कन्सन्ट्रेसन क्याम्पको
युनिफर्म, टाई र कालो जुत्ता
भिर्छ ब्याग
सुरुमा रुँदो हो
अनेक बहाना गर्दो हो ।





बिएडतर्फ तेस्रो वर्षको नतिजामा कोशी प्रदेशमै पहिलो



● **छत्रबहादुर राउत**, अध्यक्ष, सञ्चालक समिति

विपन्न परिवारका विद्यार्थीले आर्थिक अभावका कारण उच्च शिक्षाबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले चन्दा उठाएरै स्नातक तहसम्मको नियमित कक्षा सञ्चालन गरिरहेका छौं। शिक्षक, कर्मचारीको महिनौंदेखिको करिब दुई लाख रुपैयाँ बक्यौता थियो। क्याम्पसमा बिएड प्रथम वर्षमा १० जना मात्र विद्यार्थी भर्ना भएका थिए। तर, नियमित पठनपाठन भइरहेको थिएन। क्याम्पस बन्द हुन्छ कि भन्ने त्रास बढ्दो थियो। म अध्यक्ष चुनिएपछि गाउँगाउँमा चन्दा सहयोग संकलन गरी क्याम्पसको नवीकरण गरायौं। शिक्षक कर्मचारीको बक्यौता रकम निकासा गरिदियौं। पठनपाठन नियमित सञ्चालन गर्दै त्यही शैक्षिक सत्रमा घरदैलो अभियानमार्फत ५२ जना छोरी-बुहारी, युवालाई क्याम्पस भर्ना पनि गरायौं। पठनपाठन नियमित सुचारु गरियो। पछिल्लो १४ वर्षको यात्रामा गाउँलेको सहयोग, क्याम्पस प्रशासनको मिहिनेत, सञ्चालक समितिको प्रयासमा आफ्नै सुविधा सम्पन्न भवन छ। दैनिक पठनपाठनलाई सूचना प्रविधिमैत्री बनाउन मल्टिमिडियाको उपयोग गरिरहेका छौं। सबैको मिहिनेतको फलस्वरूप बिएडतर्फ तेस्रो वर्षको नतिजामा हाम्रो क्याम्पस कोशी प्रदेशमै पहिलो भएको छ। विद्यार्थीलाई स्नातक तहपछि भविष्यमा शिक्षण पेसामा जाने गरी शिक्षक सेवा आयोगको तयारी कक्षा सञ्चालनसँगै कम्प्युटरको आधारभूत सीपका लागि अतिरिक्त शुल्क नलिई सिकाइरहेका छौं। गाउँमा खुलेको क्याम्पस पढेर कैयौं विपन्न परिवारका युवा, छोरी-बुहारीले आफूलाई अब्बल देखाएका छन्। सामान्य लेखपढ मात्र भएको गाउँमा अहिले प्रायः हरेक घरमा कम्तीमा एकजना छोरा, छोरी वा बुहारी स्नातक उत्तीर्ण भेटिन्छन्।

पाइने, स्थानीय विद्यार्थीले घरको काम भ्याएर पनि पढ्न सक्ने भएकाले निम्न वर्गका छोरी-बुहारी, युवा विद्यार्थीका लागि पहिलो रोजाइ बनेको उनको तर्क छ। पछिल्लो ब्याचमा खोटाङ, उदयपुर, सप्तरी, मोरङसहित सुरुंगा नगर क्षेत्रका प्लसटु र स्नातक तहमा गरी करिब तीन सयजना विद्यार्थी पढिरहेको उनले बताए।

उदयपुर जिल्लाको उदयपुरगढी गाउँपालिका-७ हाडेबास गाउँकी सजिता मगर अंग्रेजी विषयमा बिएड दोस्रो वर्षकी विद्यार्थी हुन्। गाउँकै विद्यालयबाट २०७८ सालमा एसईई गरेपछि उनले गाइघाटबाट प्लसटु उत्तीर्ण त गरिन्, तर बाहिर गएर स्नातक पढ्न सकिनन्। उनी अहिले घरबाट साइकलमा करिब एक घण्टाको दूरीमा रहेको क्याम्पस पढिरहेकी छिन्। 'मेरी दिदी पनि नेपाली विषयमा स्नातक गर्दै हुनुहुन्छ,' उनले भनिन्।

सुरुंगा-२ रक्साहा गाउँकी ममता परियार नेपाली विषयमा बिएड पहिलो वर्षमा पढिरहेकी छन्। 'खेतीपाती, पशुपालन गरेर बाआमाले बाहिर राखेर पढाउने अवस्था थिएन,' उनले भनिन्, 'माइली दिदी पनि नेपाली विषय लिएर तेस्रो वर्षमा पढ्दै हुनुहुन्छ।'

■ चन्दाको भरमा सञ्चालन

विपन्न विद्यार्थीका लागि गाउँमै चन्दा उठाएर क्याम्पस सञ्चालन गरिएको स्थानीय अभिभावक बताउँछन्। गाउँलेका अनुसार उदयपुरका विद्यार्थी शिशुवारीमा रहेका आफन्तको घरमा र कतिपय गाउँमै डेरा लिएर क्याम्पस पढिरहेका छन्। गाउँमा क्याम्पस सञ्चालन गर्न स्थानीयले १० हजार रुपैयाँ नगददेखि तीन लाख रुपैयाँसम्मको जग्गा दान दिएका छन्। स्थानीय नारायणप्रसाद पराजुलीले अहिलेको बजार मूल्यअनुसार करिब तीन लाख रुपैयाँबराबरको दुई कठ्ठा जग्गा क्याम्पसको नाममा दिएका छन्। स्थानीय, सांसद, छिमेकी उदयपुर र सिरहाका मनकारीले क्याम्पसलाई १० हजार रुपैयाँदेखि ५१ हजार रुपैयाँसम्म नगद सहयोग गरेका छन्। क्याम्पसमा राजविराज, लहान र गाईघाटबाट विद्यार्थी पढ्न आउँछन्।

स्नातक तहसम्मको क्याम्पस सञ्चालन गर्न सुरुंगा नगरपालिकासहित नगर क्षेत्रका सामान्य किसानदेखि सरकारी सेवामा रहेका कर्मचारी, सर्वसाधारण, शिक्षक, विद्यालयले सहयोग गरेको क्याम्पसका लेखापाल ज्ञानेन्द्र धमलाले सुनाए। उनका अनुसार स्थानीयले १४ वर्षको अवधिमा क्याम्पस सञ्चालनका लागि १७ लाख रुपैयाँभन्दा बढी नगद सहयोग गरेका छन्।


आर्थिक वर्ष ०७८-७९ मा सुरुंगा नगरपालिका कार्यालयबाट दुई लाख ५० हजार, त्रिभुवन विश्वविद्यालयबाट नियमित अनुदान नौ लाख ६ हजार र पुस्तक खरिदका लागि दुई लाख ५० हजार रुपैयाँ सहयोग प्राप्त भएको लेखापाल धमलाले बताए। क्याम्पसको आफ्नै भवन नहुँदा स्थानीय जनता माविको स्वामित्वमा रहेको भवनमा दाताहरूले गरेको आर्थिक सहयोगको भरमा क्याम्पस सञ्चालन हुँदै आएको थियो। क्याम्पसमा पढाइरहेका शिक्षकले कैयौं महिना तलब नपाए पनि कक्षा सञ्चालन नरोकिएको स्थानीय गणेशबहादुर विष्टले सुनाए।

पछिल्लो समय क्याम्पसमा सहयोग गर्नेहरूको संख्या बढ्दै गएको छ। शिक्षकलाई नियमित तलब खुवाउन सहज हुनुका साथै तराई मधेश समृद्धि कार्यक्रममार्फत चारकोठे पक्की भवन निर्माण भएपछि आफ्नै भवनमा नियमित कक्षा सञ्चालन भइरहेको क्याम्पस सञ्चालक समितिले जनाएको छ। क्याम्पस प्रशासनका अनुसार त्रिविको सम्बन्धनअन्तर्गत क्याम्पसमा चारवर्षे बिएड र प्लस टुतर्फ शिक्षा र व्यवस्थापन संकायको कक्षा चलाउन तीन कर्मचारी तथा पूर्णकालीन र आंशिक गरी १० जना शिक्षकले अध्यापन गरिरहेका छन्।

गाउँ छाडेर सहर र सहर छाडेर विदेश पढ्न जाने क्रम बढ्दो छ। कतिपय पुराना र नाम चलेका क्याम्पसमा नियमित पठनपाठनका लागि विद्यार्थी संख्या नपुग्दा त्रिविका आंगिक क्याम्पस आपसमा मर्ज भइरहेका वेला शिशुवारी क्याम्पसमा भने विद्यार्थी बढिरहेका छन्। 'त्यसमा गाउँलेले पनि मिहिनेत गरिरहेका छन्,' क्याम्पसका पूर्वअध्यक्ष अम्बरबहादुर राउतले भने, 'प्लस टु उत्तीर्ण गरेका छोरी, बुहारी, छोरालाई सकेसम्म गाउँकै क्याम्पसमा भर्ना गर्ने, एसइई गरेकालाई पनि गाउँकै माविमा भर्ना गरेर पढाउन प्रोत्साहित गरिरहेका छौं।' २०६९ सालमा स्थानीयले घरघरमा चन्दास्वरूप नगद, धान चामल संकलन गरेर क्याम्पस स्थापना गरेको थियो। क्याम्पस सञ्चालक समितिले पनि त्यसका लागि हरेक दिन मिहिनेत गरिरहेको उनले बताए।

सञ्चालक समितिको अध्यक्षमा तेस्रो तीनवर्षे कार्यकालका लागि पुनः छत्रबहादुर राउत (राजकुमार) दोहोरिएर सिंगो समितिले क्याम्पसको विकासका लागि काम गरिरहेको गाउँले बताउँछन्। क्याम्पसको भौतिक, शैक्षिक विकासका लागि जग्गादाता, अभिभावक, स्थानीय समाजसेवीले सञ्चालक समितिलाई सहयोग गर्दै आएको स्थानीय समाजसेवी शोभित विश्वकर्मालले सुनाए। समितिमा काशीकुमार कार्की, निर्मला खत्री, मानबहादुर खत्री, मीनाकुमारी मगर, प्रेमकुमारी थापामगर, दुर्गबहादुर भुजेल, टेकबहादुर राउत र सदस्य सचिवमा क्याम्पस प्रमुख तिम्सिना छन्।

...अनि छुट्यो स्टोन आर्ट



कला

● **दीपा मग्राती**

सुनसरी चतराकी दीपा मग्रातीको अनेक परिचय छन्। उनी कविता लेख्छिन्। ढुंगामा चित्र बनाउँछिन्। स्कुल पढाउँछिन्। टेलिभिजनमा कार्यक्रम पनि चलाउँछिन्। सामाजिक मुद्दाहरूमा खरो रूपमा प्रस्तुत हुन्छिन्। यीमध्ये कविता र चित्रकला उनको प्राथमिकतामा पर्छ।

भोजपुरमा जन्मिएकी दीपाले हतुवागढी गाउँपालिकाको सरस्वती आधारभूत विद्यालय पढ्दा नै चित्र कोर्न सिकिन्। उनले सुरुवाती दिनमा कागजमा सिसाकलमले विभिन्न आकार-प्रकार बनाइन्। कक्षा तीनमा पढ्दै गर्दा विद्यालयको प्रतिनिधित्व गर्दै चित्रकला प्रतियोगितामा सहभागी भइन्। त्यो प्रतियोगितामा उनले तेस्रो स्थान हासिल गरिन्। त्यसपछि उनको चित्रकला यात्रा निरन्तर अगाडि बढ्यो। 'कक्षा तीनमै हुँदै चन्दकला म्यामले एकपटक डाँफेको चित्र बनाउन लगाउनुभएको थियो। त्यो चित्र हेरिसकेपछि प्रतियोगितामा लिएर जानुभएको थियो। प्रतियोगितामा तेस्रो भएपछि मेरो कलाप्रतिको लगाव बढ्दै गयो,' दीपाले भनिन्।

दीपा कक्षाहरूमा उक्लिरहिन् र प्रतियोगितामा पनि भाग लिइरहिन्। पहिलो हुने सपनालाई पनि छाडिनन्। पहिलो स्थान हासिल गर्ने दृढताका साथ उनी लागिरहिन्। किनभने प्रतियोगितामा पहिलो स्थान हासिल गर्नेले रंगीबिरंगी रंगको बट्टा पाउँथ्यो। त्यही रंग प्राप्त गर्ने सपना देख्दै उनी प्रतियोगितामा भाग लिइरहिन्। कक्षा पाँच पढ्दा उनी फेरि प्रतियोगितामा सहभागी भइन्। त्यतिवेला उनले दोस्रो स्थान प्राप्त गरिन्। कक्षा ६ पढ्दै गर्दा फेरि सहभागी भइन्। त्यतिवेला उनले कुनै पनि स्थान जित्न सकिनन्। तर, उनले हरेश खाइनन्। धैर्य, मिहिनेत, सपनाको अगाडि उनी लागिरहिन्। कक्षा सात पढ्दै गर्दा उनले प्रथम स्थान हासिल गरिन्। 'म जति कक्षा माथि उक्लिँदै गएँ त्यति नै पहिलो हुने चाहना बढ्दै गयो। जो पहिलो हुन्थ्यो, उसले कलर पाउँथ्यो। कक्षा सात पढ्दै गर्दा पहिलो भएँ,' दीपाले भनिन्,'पहिलो भएपछि अब मैले चित्र कोरिरहनुपर्छ भन्ने लाग्यो। तर, बिचमा विभिन्न कारणले चित्र कोर्न छोड्नुपर्ने अवस्था आयो।'

चित्रकलासँगै दीपाले भोजपुरमै रहँदा कविता लेख्न थालिन्। सामाजिक काममा पनि लागिन्। गाउँपालिकाभित्र हुने बालविवाह रोक्नका लागि अडिग भएर लागिन्। त्यसको फलस्वरूप उनले गाउँ छाड्नुपऱ्यो। कक्षा नौ र दश पढ्न धनकुटा झरिन्। त्यतिवेला उनको चित्रकला यात्रा केही समय रोकियो। उच्च शिक्षा हासिल गर्ने क्रममा उनी परिवारसहित सुनसरीको चतरा आइपुगिन्। त्यसपछि उनको चित्रकला यात्रा फेरि मुर्झाउन थाल्यो। कागजमा कोर्दै गरेको उनको चित्रकला यात्रा ढुंगातर्फ मोडियो। 'धनकुटा झरेपछि धेरै समस्याका कारण चित्रकलामा ध्यान दिन सकिनँ। चतरा आएपछि प्लस टु पढ्दै गर्दा चित्रकलालाई निरन्तरता दिएँ,' उनले भनिन्,'चित्रकलालाई निरन्तरता दिइरहे पनि मलाई चित्त बुझेको थिएन। जति सोचेको थिएँ, त्यति गर्न सकेको थिइनँ। मलाई केही गर्नुपर्छ भन्ने लाग्यो। त्यसपछि स्टोर्न आर्टतर्फ मोडिएँ।'

...त्यसपछि स्टोन आर्ट

साढे तीन वर्षअघिको कुरा हो, दीपा घरनजिकैको धारामा बसी यसै केही सोचिरहेकी थिइन्। त्यहीवेला उनले धारानजिकै एउटा ढुंगा देखिन्। त्यही ढुंगाले उनको स्टोर्न आर्टतर्फ यात्रा मोडियो। त्यही ढुंगालाई उनले घर ल्याइन्। आफूसँग भएको ब्रसले जसोतसो रंग्याइन्। ढुंगामा डाँफे र हिमालको चित्र बन्यो। त्यही चित्र उनको पहिलो स्टोन आर्ट बन्यो।

दीपा कहिले बालविवाहविरुद्ध आवाज उठाउन पुग्छिन्। कहिले सामाजिक मुद्दामा कविता सुनाउन पुग्छिन्। कहिले भ्रष्टाचार र सुशासनको पक्षमा प्लेकार्ड बोकेर सडकमा उभिन्छिन्। स्कुल पनि पढाइरहेकी छिन्। यी सबै कर्मका बाबजुद उनलाई खोलाका ढुंगाले पनि पर्खिरहेका छन्। ढुंगाले भनेझैं लाग्छ, 'दीपा हामी मूर्ति मात्रै बन्न चाहँदैनौं।'

चित्रकलामा कखरा सिक्दै गर्दा उनले स्टोन आर्टबाट अनपेक्षित प्रतिक्रिया पाउन थालिन्। त्यस्ता धेरै प्रतिक्रियाले उनलाई अगाडि बढ्ने प्रेरणा मिल्यो। 'स्टोन आर्टबाट निकै राम्रो प्रतिक्रिया पाएँ। त्यसपछि थप काम गर्न हौसला मिल्यो,' ती दिन सम्झँदै उनले सुनाइन्।

स्टोन आर्टले उनको चर्चा चल्न थाल्यो। सम्बन्धको घेरा फराकिलो हुँदै गयो। उनको कलालाई माया गर्नेहरू थपिँदै गए। जसले गर्दा उनले चित्रकलाको नौमहिने आधारभूत तालिम लिन पाइन्। सो तालिम लिन उनी चतराबाट धरान गइन्। त्यसपछि घरदेखि ४५ मिनेट टाढा रहेको पट्टनाली खोलामा गएर ढुंगा जम्मा गर्न थालिन्। खोलाका ढुंगा उनको कला फक्रिने उर्वर स्थान बन्यो। उनको स्टोन आर्ट धरान, धनकुटा हुँदै टाढाटाढासम्म बिक्री भयो। तर, उनले आफ्नो कलाको मूल्य कहिल्यै राखिनन्। कलालाई माया गर्नेहरूले जति दिन्थे, त्यति नै लिन्थिन्। उनले बनाएको कलाले १५ सयदेखि पाँच हजारसम्मको मूल्य पायो। 'मैले बनाएका स्टोन आर्ट दाङ घोराहीसम्म पुग्यो,' दीपाले भनिन्,'कलाको मर्म बुझ्ने धेरैले मैले बनाएको स्टोन आर्ट किनिदिनुभयो। सिक्ने क्रम भएको र आवश्यकताअनुसार रंग प्रयोग गर्न नसकेकाले आफ्नो कलाको मूल्य राख्न सकिनँ। उहाँहरूले कलालाई सम्मान गर्दै आफ्नै मनले पैसा दिनुहुन्थ्यो।'

चित्रकलासँगै शिक्षण पेसाबाट आएको केही रकमले उनको दैनिकी सजिलो बनाएको थियो। चित्रकलाका लागि सामान जुटाउन केही हदसम्म सजिलो भएको थियो। तर, अहिले उनको चित्रकला यात्रा रोकिएको छ।

२३ वर्षीया दीपाले सानै उमेरमा जातीय विभेद, लैंगिक विभेदजस्ता अनेक पर्खाल पार गरिन्। विभेदको पर्खाल नाघ्ने क्रम अझै जारी छ। संघर्षपूर्ण जीवन बाँच्दै, कलाक्षेत्रमा खटिरहेकी उनको चित्रकला यात्रामा अहिले अवरोध खडा भएको छ। 'अहिले पूर्ण रूपमा स्टोन आर्टमा केही गर्न सकेको छैन। त्यसमा फरकपन सिर्जना गर्ने मन छ। फरक काम गर्न नयाँ सामान चाहिन्छ। नयाँ सामान किन्न आर्थिक रूपमा अलि गाह्रो छ। तर, जसरी हुन्छ निरन्तरता दिन्छु।' दीपाले भनिन्। कलाप्रतिको लगावकै कारण उनले कलायात्रालाई निरन्तरता दिने लक्ष्य राखेकी छिन्।

दीपा कहिले बालविवाहविरुद्ध आवाज उठाउन पुग्छिन् त कहिले सामाजिक मुद्दामा कविता सुनाउन पुग्छिन्। कहिले भ्रष्टाचार र सुशासनको पक्षमा प्लेकार्ड बोकेर सडकमा उभिन्छिन्। स्कुल पनि पढाइरहेकी छिन्। यी सबै कर्मका बाबजुद उनलाई खोलाका ढुंगाले पनि पर्खिरहेका छन्। ढुंगाले भनेझैं लाग्छ, 'दीपा हामी मूर्ति मात्रै बन्न चाहँदैनौं। आऊ अनेक रंगहरूले हामीलाई रंग्याऊ र समाजलाई केही भन।'

प्रस्तुति : **शान्ति तामाङ**

कन्सन्ट्रेसन क्याम्प



कुन घडीमा आएर उसलाई लाग्छ
मेरो आँसुको अर्थ छैन,
मेरो सकस सुनुवाइ हुँदैन !
हरेक दिन फर्किएर फेरि कन्सन्ट्रेसन क्याम्प
बस्छ होमवर्क गर्न
पट्यारलाग्दो क्लासरुम
सैनिकजस्ता शिक्षक
ब्रोइलर चल्लाजस्ता साथी
सबैलाई स्विकारेर

कुन पलमा उसले सरेन्डर गर्छ
'नाइँ'
'जान्नँ'
'मन पर्दैन'
'आज अल्छी लागेको छ'
'आज अबेरसम्म सुत्ने मन छ'

यसरी नै प्रत्येक दिन
एउटा बालक दिनभर

एउटा कारागारमा हुन्छ
र, थकित भएर साँझ
अर्को कारागारमा फर्किन्छ !

र, बिर्सन्छ आफ्नै मातृभाषा बोल्न !
भुल्छ सोच्न !
सिक्छ रंगभेद, लिंगभेद
धर्म, जाति र वर्गको खेल
र, खोल्छ अर्को कन्सन्ट्रेसन क्याम्प !

भ्याप्पै !



रवि मिश्र
@rabimishra



नयाँ विजेताको पर्खाइमा एनपिएल

खेल



● श्रीलोचन राजोपाध्याय

दोस्रो संस्करणको सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल) अब 'क्लाइमेक्स'तिर अग्रसर भइरहेको छ। ठ्याक्कै एक सातापछिको शनिबार (२७ मंसिर) मा एनपिएलले नयाँ विजेता पाउनेछ। सांविक विजेता जनकपुर बोल्ट्सले शीर्ष चारभित्र स्थान रक्षा गर्न नसक्दा एनपिएलले दोस्रो संस्करणमै नयाँ विजेता पाउन लागेको हो। यतिवेला उपाधिको दौडमा सांविक उपविजेता सुदूरपश्चिम रोयल्स, विराटनगर किंग्स, काठमाडौं गोर्खाज र लुम्बिनी लायन्समध्ये एक च्याम्पियन हुनेछन्। विराटनगर, काठमाडौं र लुम्बिनी पहिलोपटक शीर्ष चारभित्र समावेश भएका हुन्। पहिलो संस्करणमा कर्णाली याक्ससँग झिनो रनरेटले पछि पर्दा काठमाडौं पाँचौं स्थानमा रह्यो। पछिल्लो संस्करणमा पुछारमा रहेको लुम्बिनी यसपटक प्ले अफमा पुगेको हो।

त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा शुक्रबार लुम्बिनी र जनकपुरको खेलसँगै एनपिएलका ३२ मध्ये २५ खेल समाप्त भएका छन्। दर्शक फुलड लाइटमा मजा लिइरहेका छन्। त्रिवि क्रिकेट मैदानमा साँझको समयको मौसम चिसो हुन्छ। तर, आठै फ्रेन्चाइजका दर्शकले आआफ्नो टोलीका खेलाडीको हौसला बढाउन मुटु नै काम्ने चिसोको वास्ता गरेका छैनन्। यो खेलाडीप्रतिको दर्शकको अथाह माया नै हो।

यद्यपि, कहिलेकाहीं दर्शकको भावनाअनुसार खेलाडीले उत्कृष्ट प्रदर्शन गर्न नसक्दा प्यारापिटफर्कको माहोल शान्त हुने गर्छ। विश्व क्रिकेटमा एनपिएलको 'ब्रान्ड भ्यालु' बढाउन दर्शककै ठुलो भूमिका रहेको छ। उनीहरूले प्रत्येक रन, विकेट, शतक र अर्धशतकमा भरपूर मनोरञ्जन लिइरहेका छन्। यहाँ दर्शकलाई पहिलो प्राथमिकतामा राख्नुको पछाडि प्रतियोगितामा उनीहरूको भूमिका सर्वाधिक रहने गर्छ। चाहे त्यो राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरका प्रतियोगिता किन नहोस्, दर्शकको साथ नपाउँदा जतिसुकै लगानी गरे पनि सफल हुन सक्दैन। चालू एनपिएलमा दर्शकले यसको ब्रान्डभ्यालु बढाउने क्रममा प्रत्येक खेलमा उपस्थिति जनाउँदै समर्थन गरिरहेका छन्। २५ खेलसम्मको तथ्यांक केलाउँदा कोहीभन्दा कोही कम छैनन्। विधागत रूपमा हेर्दा भने ब्याटिङमा विदेशी र बलिङमा भने नेपाली बलर चम्किरहेका छन्। अघिल्लो संस्करणको तुलनामा यसपटक नेपाली बलरले विकेट लिने पक्षमा व्यापक सुधार गरेको देखिन्छ।

विशेषतः कीर्तिपुरको पिचमा फास्ट बलरभन्दा पनि स्पिनरको दबदबा देखिन्छ। चालू एनपिएलमा घरेलु ब्याट्सम्यानको एकनास प्रदर्शन भएन। एक खेलमा चम्किँदा अर्को खेलमा डक आउट भएका छन्।

अघिल्लो खेलमा घातक बलिङ स्पेल फ्याँकेका बलर अर्को खेलमा खर्चिलो हुने गरेका छन्। खेलको रमाइलो पक्ष भनेको यही नै हो।

■ सर्वाधिक रन बनाउने पोखराका रोसिंटन

दोस्रो एनपिएलमा विदेशी खेलाडीको ब्याटबाट रन निस्किरहेका छन्। शीर्ष चार स्थानसम्म अनुबन्ध भएका विदेशी खेलाडी नै छन्। पाँचौं स्थानमा मात्र घरेलु ब्याट्सम्यानको उपस्थिति रहेका छन्। इंग्ल्यान्डका विकेटकिपर ब्याट्सम्यान एडम रोसिंटनलाई एनपिएल निकै फापेको छ। २५८ रनका साथ उनी सर्वाधिक रन बनाउने सूचीको शीर्ष स्थानमा छन्। विराटनगर किंग्सविरुद्ध १०८ रनको शतकीय इनिङ्स खेलेपछि पोखराका यी ब्याट्सम्यान शीर्ष स्थानमा उक्लेका हुन्। प्रतियोगितामा रोसिंटनल १५५.४२ को स्ट्राइकरेटमा ब्याटिङ गरिरहेका छन्। पोखराका लागि ओपनिङमा आउने रोसिंटन सर्वाधिक चौका प्रहार गर्ने खेलाडीमा पर्छन्। उनले ६ खेलमा २७ चौका प्रहार गरेका छन्। एनपिएलमा समान एक शतक र अर्धशतकीय इनिङ्स खेलेका रोसिंटनले १४ छक्का हिर्काएका छन्।

कर्णालीका मार्क वाटले रोसिंटनलाई पछ्याइरहेका छन्। वाट २४२ रनका साथ दोस्रो स्थानमा छन्। पहिलो तथा दोस्रो स्थानमा केवल १६ रनको दूरी छ। रोसिंटन र वाटबिच सर्वाधिक रन बनाउने होडबाजी नै चलेको छ। धेरै छक्का लगाउने पक्षमा वाट नै अगाडि छन्। उनले अहिलेसम्म २१ छक्का प्रहार गरेका छन्। चितवन राइनोजबाट लगातार दोस्रोपटक मैदानमा देखिएका बोपारालेे लगातार तीन खेलमा अर्धशतकीय इनिङ्स खेल्दै सनसनी मच्चाए। उनले ६ खेलमा २ सय ३६ रन जोडेका छन्। पोखराका कुशल भुर्तेल १८६ रनका साथ पाँचौं स्थानमा छन्।

■ सर्वाधिक विकेट लिने नेपाली

यसपटक अचम्मले एनपिएलमा सर्वाधिक विकेट लिने बलरको सूचीको शीर्ष चारसम्म स्वदेशी नै छन्। उनीहरूले समान १२ विकेट लिएका छन्। विराटनगरका कप्तान सन्दीप लामिछाने, सुदूरपश्चिमका अभिनाश बोहरा, काठमाडौं गोर्खाजका साहब आलम तथा काठमाडौंका कप्तान करण केसीले १२-१२ खेलाडीलाई आउट पारेका छन्। साहब र करणले आआफ्ना पूरै सात खेल पूरा गरिसकेका छन्। उनीहरूको विकेट संख्या बढ्नेछैन। तर, सन्दीप र बोहराले अन्तिम खेलमा विकेट संख्या बढाउने अपेक्षा गर्न सकिन्छ। नपत्याउँदो रूपमा सुदूरपश्चिमका अमेरिकन स्पिनर हर्मित सिंहले सर्वाधिक विकेट लिनेमा बाजी मार्न सक्छन्। यसका लागि उनले कम्तीमा अन्तिम खेलमा चार विकेट लिनुपर्नेछ। त्यो पनि विराटनगरविरुद्ध हो। काठमाडौंका साहबले आफ्नो अन्तिम खेलमा पोखराविरुद्ध ६ विकेट लिँदै धेरै विकेट लिने सूचीमा आफूलाई समावेश गरेका हुन्।

■ दुई शतक र ३१ अर्धशतक

आयोजक क्यानले एनपिएलका लागि नयाँ पिच निर्माण गरेको हो। लगातार १९ दिनसम्म फरकफरक पिचमा ब्याट्सम्यान र बलरले आफ्नो प्रतिभा तिखार्न अवसर पाएका छन्। बलरका तुलनामा दायाँ तथा बायाँहाते ब्याट्सम्यानले बढी नै आक्रामक देखिएका छन्। गत वर्ष एक शतक तथा २८ अर्धशतक बनेका थिए। यसपटक भने दुई शतक तथा ३१ अर्धशतकीय इनिङ्स दर्शकले हेर्न पाएका छन्। अझ एनपिएल एक सातासम्म



चल्नेछ। यसक्रममा यो संख्या बढ्न नसक्ने भने होइन। चालू सिजनमा पहिलो शतक कर्णाली याक्सका ब्याट्सम्यान मार्क वाटले बनाएका थिए। उनले लुम्बिनी लायन्सविरुद्ध ४४ बलमा अविजित एक सय १४ रन बनाएका थिए। पोखराका रोसिंटनले विराटनगरविरुद्ध १०८ रनको शतकीय पारी खेले। अर्धशतक लगाउनेमा पुनः एकपटक पोखराका बोपारा अगाडि छन्। उनले तीन अर्धशतक प्रहार गरेका छन्। पोखराका कप्तान कुशल भुर्तेल र कर्णालीका प्रियांक पाञ्चालले समान दुई अर्धशतक बनाएका छन्।

> २५ खेलसम्मको तथ्यांक केलाउँदा कोहीभन्दा कोही कम छैनन्। विधागत रूपमा हेर्दा भने ब्याटिङमा विदेशी र बलिङमा भने नेपाली बलर चम्किरहेका छन्। अघिल्लो संस्करणको तुलनामा यसपटक नेपाली बलरले विकेट लिने पक्षमा व्यापक सुधार गरेको देखिन्छ।

■ पहिलो ह्याट्रिक र १८ बलमा अर्धशतक

चालू एनपिएलमा नेपाली स्पिनर र फास्ट बलर हाबी भइरहेका छन्। २५औं खेलसम्म पिचमा उनीहरूकै दबदबा देखिएको छ। यसमध्ये काठमाडौं गोर्खाजका साहब आलमले एनपिएलमा एक रेकर्ड राखेका छन्। जुन क्रिकेटको छोटो फर्म्याटमा टी-२० मा दुर्लभ नै मानिन्छ। उनले २४औं खेलमा पोखरा एभेन्जर्सविरुद्ध ह्याट्रिकसँगै सर्वाधिक ६ विकेट लिए। यो सफलता हात पार्ने उनी एनपिएलकै एक्ला बलर हुन्। आलमको यसै प्रदर्शनको सहयोगमा काठमाडौंले पहिलोपटक प्ले अफ स्थान सुरक्षित गरेको हो। लक्ष्य पछ्याएको पोखराको अन्तिम ओभरमा आलमले १९.१ देखि १९.३ सम्म ऋषि धवन, विपिन खत्री र आकाश चन्दको विकेट लिँदै ह्याट्रिक पूरा गरेका थिए। उनी यतिकैमा रोकिएनन्, इनिङ्सकै अन्तिम बलमा सागर ढकाललाई समेत आउट गर्दै एकै खेलमा आफ्नो ६ विकेटसमेत पूरा गरे। एकै खेलमा ६ विकेट लिने उनी दोस्रो बलर बनेका छन्। गत संस्करणमा कर्णाली याक्सका विलियम बोसिस्टोले पोखराविरुद्ध २८ रन खर्चेर ६ विकेट हात पारेका थिए।

काठमाडौंका भीम सार्कीले कम बलमा अर्धशतक बनाउने नेपाली खेलाडीको नाम दर्ता गरेका छन्। उनले पोखराविरुद्ध १९ बलमा पाँच चौका र चार छक्कासहित अर्धशतक पूरा गरेका थिए। चालू एनपिएलमै भीमभन्दा अघि सुदूरपश्चिम रोयल्सका विदेशी खेलाडी हर्मित सिंहले काठमाडौं गोर्खाजविरुद्ध १९ बलमा अर्धशतक बनाएका थिए। भीमले हर्मितसँग कम बलमा अर्धशतकीय इनिङ्स खेल्ने रेकर्ड बराबरीसमेत गरेका छन्। पहिलो संस्करणमा जनकपुर बोल्ट्सका जिमी निसमले १८ बलमै अर्धशतक बनाएका थिए।

■ विश्व क्रिकेटका दिग्गज एनपिएलमा

दोस्रो संस्करणको एनपिएल चलिरहे पनि यसले विश्व क्रिकेटमा कुनै समय आफ्नो प्रभुत्व जमाइसकेका क्रिकेटर आएका छन्। अझ खेलाडी मात्र नभएर प्रशिक्षकमा पनि नाम चलेकै छन्। जनकपुर बोल्ट्सले यस सिजनका लागि वेस्ट इन्डिजका पूर्व बायाँहाते खेलाडी शिवनारायण चन्द्रपाउललाई मुख्य प्रशिक्षकका रूपमा अनुबन्ध गरेको थियो। प्रशिक्षणको अनुभव त्यति धेरै नभए पनि उनी कुनै समय वेस्ट इन्डिजकै मुख्य ब्याट्सम्यानमा पर्थे। अहिले ठुला नाम गरेका क्रिकेटरमा दक्षिण अफ्रिकाका पूर्वकप्तान फाफ डु प्लेसिस हुन्। विराटनगरले उनलाई अनुबन्ध गरेको हो। दुबईको टी-२० लिगपछि उनी एनपिएलसँग जोडिए। लुम्बिनीविरुद्धको पहिलो खेलमा उनको ब्याटिङ जमेनन्। न्युजिल्यान्डका पूर्वखेलाडी जिमी निसम र मार्टिन गुप्टिलले एनपिएलमा निरन्तरता दिएका छन्। निसिमले लिग चरणका खेल पूरा नगर्दै दुबई हानिए। गुप्टिल विराटनगरमै छन्। यसैगरी, इंग्ल्यान्डका पूर्वओपनर ज्यासन रोय पनि पोखरामा जोडिए। उनले ब्याटिङमा आफ्नो कला देखाइसकेका छन्। अफगानिस्तानका अलराउन्डर गुल्बिदिन नैब पाँच खेल खेलेर फर्किए। श्रीलंकाली विकेटकिपर निरोसन डिक्वेला पनि लुम्बिनीमा छन्। पाकिस्तानका अलराउन्डर माज सदाकत र श्रीलंकाली लाहिरू मिलान्था पनि एनपिएलमै छन्।

■ एक इनिङ्समा उच्च योगफल

चालू सिजनको एनपिएलमा फरक-फरक टोलीले समान एकपटक दुई सय रन योगफल बनाए। विपक्षीविरुद्ध ठुलो योगफल बनाउने विराटनगर किंग्स पहिलो टोली हो। विराटनगरले पोखरा एभेन्जर्सविरुद्ध ६ विकेट गुमाएर दुई सय २० रन बनाएको थियो। यसैगरी, पोखराले कर्णाली याक्ससँगको २१औं खेलमा २०१ रन जोडेको थियो। यस खेलमा पोखराका रोसिंटनले ५८ बलमा १०८ रन बनाउँदा पोखराले दुई सय रन कटाएको थियो। त्यसपछि सुदूरपश्चिम रोयल्सले पोखराविरुद्ध सात विकेट गुमाएर एक सय ९३ रन बनाएको थियो। एनपिएलमा सबैभन्दा ठुलो रनअन्तरको जित भने विराटनगर किंग्स र काठमाडौं गोर्खाजका नाममा छन्। विराटनगरले पोखरा एभेन्जर्सलाई ५३ रनले हराएको थियो। काठमाडौंले चितवन राइनोजलाई पनि ५३ रनले पराजित गरेको थियो। विकेटका आधारमा सबैभन्दा ठुलो अन्तरको जित भने कर्णाली याक्सको नाममा छ। कर्णालीले लुम्बिनी लायन्सलाई ४६ बल बाँकी रहँदै नौ विकेटले हराएको थियो।

■ पाँचपटक शतकीय साझेदारी

एनपिएलमा अहिलेसम्म पाँचपटक मात्र शतकीय साझेदारी भएका छन्। रोचक पक्ष के छ भने चारमध्ये तीन साझेदारी दोस्रो विकेटका लागि भएका थिए। पहिलो विकेटका लागि दुईपटक शतकीय साझेदारी भयो। सबैभन्दा ठुलो साझेदारी एक सय ३२ रन हो। विराटनगरका लोकेश बम र मार्टिन गुप्टिलले पोखरा एभेन्जर्सविरुद्ध दोस्रो विकेटका लागि सो साझेदारी गरेका थिए। यसैगरी, दोस्रो ठुलो साझेदारी पोखराका ज्यासन रोय तथा रोसिंटनले कर्णालीविरुद्ध १२७ रनको दोस्रो विकेटमा रन जोडे। इंग्ल्यान्डका दिग्गज खेलाडी रोयले आफ्नो पहिलो खेलमै प्रभावशाली प्रदर्शन गरेका थिए। तेस्रो ठुलो साझेदारी अविजित एक सय २३ रन हो। कर्णालीका वाट र विल बोसिस्टोले लुम्बिनी लायन्सविरुद्ध दोस्रो विकेटका लागि सो साझेदारी गरेका थिए। यसैगरी, चितवनका अर्जुन साउद र डेभिड मालानले जनकपुरविरुद्ध पहिलो विकेटका लागि ११२ रन जोडेका थिए। सुदूरपश्चिमका जोस ब्राउन र विनोद भण्डारीले पहिलो विकेटका लागि पोखराविरुद्ध १०९ रन बनाएका थिए।

■ सबैभन्दा महँगो ओभर

काठमाडौं गोर्खाजविरुद्ध लुम्बिनी लायन्सका मुख्य बलर रुवेन टुम्पलम्यानले एउटै ओभरमा ३१ रन खर्चिए। एनपिएलको इतिहासमै यो सबैभन्दा महँगो ओभर साबित भयो। यस ओभरमा काठमाडौंका कप्तान करण केसीले रुवेनविरुद्ध एक्लैले २८ रन बटुलेका थिए। टुम्पलम्यानको पहिलो बलमा करणले छक्का, त्यसपछि नो बलमा चौका प्रहार गरे। अर्को बलमा करणले छक्का हिर्काए। त्यसपछिको बलमा पनि करणले छक्का नै प्रहार गरे। चौथो बलमा लेग बाईबाट एक रन आयो। पाँचौं बलमा आदिल आलमले एक रन लिए। अन्तिम बलमा करणले छक्का हिर्काए। समग्रमा १९औं ओभरमा काठमाडौंले ३१ रन बटुलेको थियो। यही ओभरकै कारण काठमाडौंले लुम्बिनीलाई हराएको थियो।

सहर



● निक कोसर



● अलिरेजा नादेर

इरानको राजधानी तेहरानमा अहिले पानीको चरम अभाव देखिएको छ। यस परिप्रेक्ष्यमा देशका राष्ट्रपति मसुद पेजेस्कियानले केहीअघि राजधानीवासीलाई अन्यत्र स्थानान्तरण गर्नुपर्ने हुन सक्ने बताए। उनको टिप्पणीले तेहरानवासीमा त्रास फैलायो। तथापि, इरानी अधिकारीहरूले देशको राजधानी सार्ने कुरा गरेको यो पहिलोपटक भने होइन।

सन् १९९० को मन्जिल-रुडबार भूकम्पपछि र फेरि सन् २००३ मा बाम भूकम्पपछि पनि राजधानी अन्यत्र सार्ने कुरा उठेको थियो। भूकम्पले दसौं हजारको ज्यान लिएपछि शीर्ष सरकारी अधिकारीहरूले राजधानी कम भूकम्पीय जोखिम रहेको भागमा सार्नुपर्ने तर्क गरेका थिए। तर, समयसँगै प्रकोपको घाउ बिसिँदै गएसँगै त्यो विचार त्यसै हराएर गयो।

अहिले चरम पानीको संकट देखिएपछि फेरि राजधानी सार्ने बहस सुरु भएको छ। तर, तेहरानको समस्या पानी अभाव र भूकम्पीय जोखिम मात्र होइन, यो सहरले वर्षौंदेखि विषाक्त वायु प्रदूषणको समस्या भोग्दै आएको छ। कहिलेकाहीं प्रदूषणको स्तर यति उच्च दरमा पुग्छ कि सारा सहर नै ठप्प हुन्छ। तर, कारण जे भए पनि तेहरानवासीलाई अन्यत्र सार्ने कुरा (हाल चर्चामा बढी मकरन क्षेत्र रहेको छ।) समाधान कम, स्वैरकल्पना बढी हो।

विशाल रकम खर्च हुने राजधानी स्थानान्तरणको पछि लाग्नुको सट्टा इरानले तेहरानको विद्यमान समस्याको सामनामा ध्यान केन्द्रित गर्नु बुद्धिमानी हुन्छ। अहिले तेहरानमा जेजति समस्या देखिएको छ, त्यो दसकौंको बेवास्ता, खराब शासन र पानीको गलत व्यवस्थापनको परिणाम हो। पानीको अभाव र खस्किँदो आपूर्ति सञ्जालले तेहरानलाई अप्ठ्यारोमा पारेको यथार्थ अहिले कोहीबाट लुकेको छैन। जमिनमुनिको पानीको चरम दोहनले जमिन भासिन थालेकाले सहरको संरचना नै जोखिमपूर्ण बनेको छ। तेहरान भूकम्पीय क्षेत्रमाथि पनि बसेको छ। ठुला भूकम्प यसै पनि विनाशकारी हुन्छन्। तर, समस्याको मूल कारण इरानको वर्तमान धार्मिक शासन हो। इरानमा पानीको जिम्मेवारी दसकौंदेखि रिभोलुस्नरी गार्ड्स र शासकनजिकका ठेकेदारहरूको हातमा सुम्पिएको छ। उनीहरू पानी वितरणमा भन्दा पूर्वाधार निर्माणकेन्द्रित छन्। ठुलो पैसा चलखेल गर्न पाइने भएकाले ती पानी माफिया अन्धाधुन्ध बाँध निर्माण र नदी स्थानान्तरणमा संलग्न छन्। र, यस क्रममा विज्ञान मात्र होइन, पारिस्थितिक सीमिततासमेत बेवास्तामा पर्ने गरेको छ।

तेहरानको अहिलेको समस्याको सुरुवात खोज्न सहरका पूर्वमेयर घोलाम हुसेन कार्बासची (१९९०-९८) सम्म पुनुपर्छ। उनको कार्यकालमा राजधानीको क्षेत्रफल विनाअनुसन्धान व्यापक विस्तार गरियो। बढ्दो



पानीको संकटले दोहोरियो इरानको राजधानी सार्ने बहस

> इरानमा राजधानी सार्ने कुरा सन् १९७९ को इस्लामिक क्रान्तिअघि देखि नै उठ्न थालेको थियो। तर, यो बहस कहिल्यै पनि वास्तविक नीतिगत बहसमा परिणत भएन। क्रान्तिपछि हरेकपटक तेहरानलाई भूकम्पले हल्लाएपछि बहस सतहमा आउने गरेको छ। तर, सहरका एक करोडभन्दा बढी बासिन्दालाई अन्यत्र स्थानान्तरण गर्नु व्यावहारिक रूपमा सम्भव छैन।

सहरलाई आवश्यक पर्ने पिउनेपानी, जलभण्डार, स्वच्छ हावा, स्थिर जमिन, व भूकम्पीय सुरक्षाजस्ता कुनै कुरालाई पनि ख्याल गरिएन।

उसो त इरानमा राजधानी सार्ने कुरा सन् १९७९ को इस्लामिक क्रान्तिअघि पनि कहिलेकाहीं उठ्ने गर्थ्यो। तर, यो बहस कहिल्यै पनि वास्तविक नीतिगत बहसमा परिणत भएन। क्रान्तिपछि हरेकपटक तेहरानलाई भूकम्पले हल्लाएपछि बहस सतहमा आउँछ। सन् १९८० को दशकमै अर्मेनियाली जातिका इरानी भूगर्भशास्त्री म्यानुएल बर्बेरियनले तेहरानमाथिको भूकम्पीय खतरा एकदम वास्तविक रहेको तथ्य सार्वजनिक गरेका थिए। बर्बेरियनको भूगर्भीय सर्वेक्षणको निष्कर्षले सहरको ठुलो भाग गम्भीर भूकम्पीय जोखिममा रहेकाले तिनमा संरचना निर्माण गर्नु नै गलत भएको देखायो। तर, उनको यस खोजलाई राजनीतिज्ञले महत्त्व दिएनन्।

सन् १९८९ मा अली अकबर हासेमी रफसन्जानी राष्ट्रपति चुनिए। भर्खरै विनाशकारी इरान-इराक युद्ध (१९८०-८८) समाप्त भएको थियो। त्यस उत्साह र शान्तिको माहोलमा रफसन्जानीले 'पुनर्निर्माण'को युग सुरु भएको घोषणा गरे। निर्माणको कामलाई जोड दिइएकाले शासनसत्तामा स्पष्ट रूपमा बढी प्राविधिक नोकरशाहीहरू हाबी भए। त्यही अवधिमा उदाएका नेता थिए कार्बास्ची, जो मेयर हुँदा तेहरानमा ठुला स्तरका निर्माण परियोजनाले व्यापकता पायो। बर्बेरियनलगायत विज्ञहरूले रफसन्जानीलाई सहर विस्तारको जोखिमको बारेमा चेतावनी नदिएको होइन। तर, चेतावनीका बाबजुद तेहरानको विस्तार जारी रह्यो।

सन् १९८० को दशकमा, इरानले भूकम्पप्रतिरोधी पूर्वाधार निर्माणका लागि भवन निर्माण संहिता अपनाएको थियो। तर, कार्बास्ची र उनीपछि आएका मेयरले यस संहिताको पूरै बेवास्ता गरे। परिणामस्वरूप पुराना भवनको प्रबलीकरणको विषय मात्र ओझेलमा परेन नयाँ बनेका भवन ठूलो भूकम्पको सामना गर्न सक्ने क्षमताविनै बनाइए। सहरको विस्तारसँगै यसको पानीको आवश्यकता पूरा गर्न गहिरो इनार खन्ने र नदी स्थानान्तरण गर्ने कामलाई प्रधानता दिइयो। कारबास्चीपछि जो-जति मेयर आए तिनीहरूले पहिलेकै कुरालाई निरन्तरता दिए।

वर्षौंसम्म जमिनमुनिको पानीको अत्यधिक दोहनका कारण तेहरानमुनिको जमिन खुम्चिन थाल्यो। जमिन भासिने क्रम बढ्यो, पाइप फुट्न थाले, चुहावट बढ्यो। हेर्दाहेर्दै भवन धसिन थाले। जमिन धराशायी हुन थाले।

खासमा अन्य समाधानमा जोड नदिई राजधानी सार्ने विचार मात्र उठाइरहनुपछाडि आर्थिक स्वार्थले काम गरिरहेको छ। राजधानी स्थानान्तरणको बहस मात्रै सुरु हुँदा पनि सत्तानजिकका ठेकेदारहरूको वृत्तलाई फाइदा हुन्छ। यसमा पानी माफियादेखि रिभोलुस्नरी गार्डसम्मको खातम अल-अन्बिया निर्माण मुख्यालसम्म जोडिन्छन्। गत वर्ष, तत्कालीन आन्तरिकमन्त्री अहमद वाहिदीले राजधानी स्थानान्तरणमा झन्डै १०० अर्ब डलर खर्च हुने बताएका थिए। यसमा मुख्य काम सुरु हुनुअघि गरिनेः सम्भाव्यता अध्ययन, क्षेत्र छनोट, मास्टर प्लान, भूकम्पीय र पानी सर्वेक्षण, नयाँ राजमार्ग तथा रेल लिकहरूको खाका अध्ययन, बिजुली र पानी करिडोर, आवास क्षेत्रलगायत अनन्त परामर्शका काम आउँछन्।

यस्तोमा राजधानी सार्ने वास्तविक योजना नै नभए पनि यसअन्तर्गतका उपपरियोजनामा खातम अल अन्विया र यससम्बद्ध कम्पनीमा ठुलो रकम प्रवाहित हुने गर्छ। अब राजधानी सार्ने सम्भाव्य अध्ययनमै विभिन्न 'चरण' वर्षौंसम्म वा दसकौंसम्म मेगा ठेक्कापट्टा चलिरहेको हुन्छ।

वास्तविकता भने तेहरान र यसको वरपरका उपनगरहरूबाट एक करोड ४० लाखभन्दा बढी मानिसलाई स्थानान्तरण गर्नु व्यावहारिक रूपमा सम्भव छैन। फेरि इरानका अन्य कुनै पनि क्षेत्रसँग यति धेरै नवआगन्तुकहरूलाई आवास, रोजगारी, सेवा, वा पानी उपलब्ध गराउने न त क्षमता छ। खासमा समाधान तेहरान खाली गर्नु वा अर्को राजधानी खोज्नु नभई यस सहरको पानीको अभाव सम्बोधन गर्नु हो। सुरुवात पानीको माग घटाउनबाट गर्नुपर्ने हुन्छ। पानीका पाइपमा बग्रेल्ती रहेका चुहावट मर्मतलाई पनि प्राथमिकता दिनुपर्छ। त्यस्तै, सहरले गम्भीरतापूर्वक भूमिगत पानी पुनर्भरणमा काम गर्नुपर्ने हुन्छ।

भूकम्पको क्षति सीमित गर्न, इरानी नेताहरूले भूकम्पीय रेखावरपर निर्माण रोक्नुपर्छ। पुराना र असुरक्षित भवन अझ विशेष रूपमा अस्पताल, पुलको सबलीकरण सुरु गरिहाल्नुपर्छ। भूकम्प रोक्न नसकिने भएकाले त्यसको तयारीका लागि नियमित पूर्वतयारी गर्ने, निकासी मार्ग खोल्ने र विपत्पछि पानी तथा बिजुली आपूर्ति नरोकिने व्यवस्था सुनिश्चित गर्नुपर्छ। यसले सहर ठुलो भूकम्पछि पनि ठप्प हुन दिँदैन। यी सबै काम कागजमा त गर्न सकिन्छ, तर इरानको अहिलेको शक्ति संरचनाले यसको कार्यान्वयन लगभग असम्भव बनाएको छ।

*(इरानी मूलका अमेरिकी पत्रकार निक पानीसम्बन्धी समस्याका विश्लेषक हुन्। अलिरेजा इरान र मध्यपूर्वका एक स्वतन्त्र विद्वान् हुन्। 'फरेन पोलिसी'बाट **श्रवण उप्रेती**को अनुवाद।)*

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार २० मंसिर ०८२

■ सार्वजनिक संस्थानमा सरकारको लगानी

भाका नाघेको साँवा–ब्याज दोब्बर बढेर चार खर्ब नाघ्यो

स्रोतमा संकुचन हुँदा आयोजना र कार्यक्रम कटौती गरिरहेको सरकारले सार्वजनिक संस्थानको भाका नाघेको साँवा-ब्याज उठाउन सकेन

कृष्ण रिजाल/नयाँ पत्रिका

स्रोतमा संकुचन भई खर्च कटौतीको नीति लिएको सरकारले आफ्नो लगानीबापतको साँवा-ब्याज असुलीमा भने ध्यान पुऱ्याउन सकेको छैन । सरकारले सार्वजनिक संस्थान र निकायमा गरेको लगानीको साँवा-ब्याज समयमै उठाउन नसक्दा भाका नाघेको साँवा-ब्याज दोब्बरले बढेको देखिएको छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार आर्थिक वर्ष ०८१/८२ सम्ममा भाका नाघेको साँवा-ब्याज चार खर्ब आठ करोड २० लाख ९९ हजार दुई सय ९५ रुपैयाँ पुगेको छ । यो गत आव ०८०/८१ को तुलनामा दोब्बरले बढी हो । आव ०८०/८१ सम्म भाका नाघेको साँवा-ब्याज एक खर्ब ८१ अर्ब १५ करोड सात लाख रुपैयाँ रहेको थियो । कार्यालयका प्रमुख गोपीकृष्ण कोइरालाले भाका नाघेको साँवा-ब्याज असुलीमा निरन्तर ताकेता गरिरहेको बताए ।

संस्थान तथा निकायले तोकिएको समयमा साँवा-ब्याज भुक्तानी नगर्दा यस्तो बक्यौता अझ बढिरहेको छ । उक्त समयसम्म भाका नाघेको साँवा दुई खर्ब ५९ अर्ब १९ करोड ९७ लाख तीन हजार एक सय २६ रुपैयाँ पुगेको छ । त्यस्तै, भाका नाघेको ब्याज एक खर्ब ४० अर्ब ८८ करोड २३ लाख ९६ हजार एक सय ६९ रुपैया पुगेको छ । जबकि, आव ०८०/८१ मा भाका नाघेको साँवा ७१ अर्ब ४३ करोड ८० लाख र ब्याज एक खर्ब नौ अर्ब ७२ करोड २६ लाख रुपैयाँ रहेको थियो । भाका नाघेको साँवा-ब्याज बढी भएका सार्वजनिक संस्थानमा नेपाल विद्युत् प्राधिकरण, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, नेपाल खानेपानी संस्थान, नेपाल नागरिक उड्डयन प्राधिकरणलगायत रहेका छन् ।



'लामो समयदेखिको भाका नाघेको साँवा-ब्याज रहेको छ, अझ बढिरहेको पनि छ । साँवा-ब्याज भुक्तानीमा विलम्ब गर्दा यो रकम बढिरहेको छ,' उनले भने, 'कतिपय संस्थान तथा निकायले ऋण तथा ब्याजको पुनर्संरचनाका लागि आग्रह गरिरहेका छन्, तर हामीले भुक्तानीका लागि ताकेता गरिरहेका छौं ।'

साँवा-ब्याज असुली ४५ प्रतिशतले घट्यो

आव ०८०/८१ को तुलनामा आव ०८१/८२ मा साँवा र ब्याज असुली ४५ प्रतिशतले घटेको छ । आव ०८१/८२ मा सात अर्ब ९१ करोड साँवा ब्याज प्राप्ति भएको छ । जबकि, त्यसअघिको आव ०८०/८१ साँवा तथा ब्याज असुली १४ अर्ब ६२ करोड रहेको थियो ।

त्यस्तै, सरकारले गरेको लगानीबाट प्राप्त हुने लाभांशसमेत घटेको छ । आव ०८०/८१ मा ३९ अर्ब ८८ करोड रुपैयाँ लाभांश प्राप्त भएको छ । जुन अघिल्लो आवको तुलनामा १६.९ प्रतिशत अर्थात् ६ अर्ब ७२ करोड ८५ लाखले न्यून हो । आव ०८०/८१ मा ४६ अर्ब ६० करोड ८५ लाख लाभांश प्राप्त भएको कार्यालयको तथ्यांक छ ।

समीक्षा आव ०८१/८२ मा नौवटा संस्थानबाट साँवातर्फ दुई अर्ब ६२ करोड, १३ वटा संस्थानबाट ब्याजतर्फ पाँच अर्ब २९ करोड र १४ वटा संस्थानबाट नगद लाभांशबाट ३९ अर्ब ८८ करोड गरी जम्मा ४७ अर्ब ७९ करोड प्राप्त भएको छ । अघिल्लो आवमा भने कुल ६१ अर्ब ३२ करोड प्राप्त भएको थियो ।

■ साँवा-ब्याज उठाउन निरन्तर ताकेता गरिरहेका छौं

● **गोपीकृष्ण कोइराला**, कार्यालय प्रमुख, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय



लामो समयदेखिको भाका नाघेको साँवा-ब्याज उठाउन बाँकी छ, अझ बढिरहेको पनि छ । संस्थान तथा निकायले नतिरेका कारण र कतिपय सन्दर्भमा हिसाब मिलान बाँकी भएका कारण पनि भाका नाघेको साँवा-ब्याज बढिरहेको छ । कतिपय निकायका पूर्वाधार परियोजनामा समयमा कार्यान्वयनमा नजाँदा आम्दानी हुन नसकेरसमेत साँवा-ब्याज तिर्न सकेका छैनन् । खानेपानीले तिर्न सक्ने अवस्थासमेत देखिँदैन । विद्युत् प्राधिकरणले पुनर्संरचनाका लागि आग्रह गरिरहेको छ । हामीले निरन्तर ताकेता गरिरहेका छौं ।

संस्थान तथा निकायमा सरकारको लगानी सवा नौ खर्ब पुग्यो

सार्वजनिक संस्थान तथा निकायमा सरकारको सेयर तथा ऋण लगानी सेवा नौ खर्ब पुगेको छ । आर्थिक वर्ष ०८१/८२ मा सरकारले एक सय ५९ वटा सार्वजनिक संस्थान तथा निकायमा ४६ अर्ब १० करोड रुपैयाँ लगानी थपेको छ । यससँगै सरकारको कुल लगानी नौ खर्ब ३० अर्ब आठ करोड चार लाख ६८ हजार रुपैयाँ पुगेको हो । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार आर्थिक वर्ष ०८१/८२ सम्ममा सरकारको संस्थान तथा निकायमा पाँच अर्ब ५२ करोड रुपैयाँबराबरको सेयर लगानी तथा ४० अर्ब ५८ करोडबराबरको ऋण लगानी थपेको हो ।

सरकारको कुल सेयर लगानी एक सय १६ संस्थानमा चार खर्ब चार अर्ब ८१ करोड ४१ लाख ५८ हजार रहेको छ । सबैभन्दा बढी सेयर लगानी रहेका संस्थाहरूमा नेपाल विद्युत् प्राधिकरण, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल टेलिकम, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंक रहेका छन् । आर्थिक वर्ष ०८१/८२ सम्ममा नेपाल सरकारको कुल ऋण लगानी पाँच खर्ब २६ अर्ब ६ करोड ६३ लाख १० हजार रहेको छ । जसमध्ये आन्तरिक स्रोतबाट एक खर्ब ५८ अर्ब १८ करोड २१ लाख ८४ हजार र वैदेशिक स्रोतबाट तीन खर्ब ६७ अर्ब ८८ करोड ४१ लाख २६ हजार रहेको छ । आर्थिक वर्ष ०८०/८१ सम्ममा बढी ऋण लगानी भएका संस्थानमा नेपाल विद्युत् प्राधिकरण, काठमाडौं उपत्यकाको खानेपानी व्यवस्थापन बोर्ड, नेपाल नागरिक उड्डयन प्राधिकरण र नेपाल खानेपानी संस्थान रहेका छन् ।

सबैभन्दा धेरै भाका नाघेका, साँवा-ब्याज बढिरहेका संस्थान तथा निकाय

संस्थान/निकाय	भाका नाघेको साँवा	भाका नाघेको ब्याज
नेपाल विद्युत् प्राधिकरण	१ खर्ब ७५ अर्ब ६७ करोड	१ खर्ब २ अर्ब ९८ करोड
काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड	२९ अर्ब ७३ करोड	७ अर्ब ८५ करोड
नेपाल खानेपानी संस्थान	१४ अर्ब ५६ करोड	५ अर्ब १३ करोड
नेपाल नागरिक उड्डयन प्राधिकरण	८ अर्ब ७० करोड	८ अर्ब २६ करोड
साना किसान विकास लघुवित्त वित्तीय संथा लिमिटेड	७ अर्ब ६५ करोड	-
नेपाल राष्ट्र बैंक	४ अर्ब ९ करोड	-
जनकपुर चुरोट कारखाना लिमिटेड	२ अर्ब ६४ करोड	१ अर्ब ७६ करोड
नेपाल वायुसेवा निगम	१ अर्ब ७५ करोड	१ अर्ब ५८ करोड
उदयपुर सिमेन्ट उद्योग लिमिटेड	१ अर्ब ७४ करोड	१ अर्ब ६१ करोड
गोरखकाली रबर उद्योग लिमिटेड	१ अर्ब ६९ करोड	१ अर्ब ३८ करोड
नेपाल ओरियन्ट म्याग्नेसाइट प्रालि	-	१ अर्ब ६१ करोड
नेपाल औषधि लिमिटेड	-	७९ करोड

स्रोत : सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

बिपी राजमार्गको पुनर्निर्माण धमाधम

काठमाडौं/ बाढीपहिरोले क्षति पुऱ्याएको बिपी राजमार्गको पुनर्निर्माण धमाधम भइरहेको छ । अविरल वर्षाका कारण रोशी नदीमा आएको बाढीले राजमार्गको काभ्रेपलाञ्चोक-सिन्धुली खण्डको करिब २८ किलोमिटर खण्ड क्षतिग्रस्त भएको थियो । क्षतिग्रस्त सडकलाई पाँच खण्डमा विभाजन गरी पुनर्निर्माण अगाडि बढाइएको छ । त्यसमध्ये चार खण्डमा पर्ने २५ किलोमिटर सडक पुनर्निर्माणका लागि ठेक्का सम्झौता भई काम भइरहेको छ । पुनर्निर्माण दुई वर्षभित्र सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरिएको छ । बाँकी एक खण्डमा पर्ने तीन किलोमिटर सडक जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)को सहायतामा पुनर्निर्माण हुनेछ । यसका लागि डिजाइन स्वीकृत भई ठेक्काको प्रक्रियामा रहेको बताइएको छ ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले बिहीबार त्यस क्षेत्रको स्थलगत अनुगमन गर्दै सडक पुनर्निर्माणको विषयमा जानकारी लिएका छन् । अस्थायी रूपमा सवारीसाधनका लागि खोला-किनारबाट डाइभर्सन निर्माण गरिएको र उक्त डाइभर्सनले वर्षायाम सुरु भएसँगै काम नगर्ने उल्लेख गर्दै मन्त्री घिसिङले यसतर्फ विशेष ध्यान दिन आग्रह गरे । संघीय राजधानीलाई पूर्वी क्षेत्रसँग जोड्नका लागि महत्त्वपूर्ण रहेको उक्त बिपी राजमार्ग जापान सरकारको अनुदान सहयोगमा निर्माण सम्पन्न भएको थियो । एक सय ६० किलोमिटर लम्बाइ रहेको बिपी राजमार्ग गत सालको बाढीले ३०.५ किलोमिटर क्षतिग्रस्त भएको थियो । हाल भइरहेको इन्टरमिडियट लेनलाई क्षतिग्रस्त राजमार्गको खण्डमा भने दुई लेनको बनाई पुनर्निर्माण गरिँदै छ ।

NOTICE FOR PROCUREMENT OF LIFE INSURANCE MANAGEMENT SYSTEM (SOFTWARE)

Issued Date (First): November 20, 2025
Issued Date (Second): December 06, 2025
Deadline for Submission: December 12, 2025

Citizen Life Insurance Company Limited (CitizenLife) invites sealed Tenders/Bids from eligible Software Companies/Vendors for procurement of **Life Insurance Management System (Software)** for managing life insurance business. Interested Software companies/vendors are invited to submit Technical & Financial proposal in accordance with the requirements as detailed below:

- All the relevant documents need to be submitted by the bidders in respect to evidence the respective eligibility criteria.
- The company should be reputed IT system/solution provider having existence of more than 5 Years and should not be blacklisted.
- The company should have a registered office with legal presence in Nepal with localized development and support center .
- The company should have annual turnover of at least NPR 10 million in last 3 fiscal years.
- The company should have experience of integrated Core **Life Insurance Management System (Software)** and same software implemented/deployed at least 3 life insurance companies in Nepal. The principal officer or project/team leader should have minimum of 7 Years of experiencein technical as well as business areas of life insurance industry.

The following documents must be submitted by Bidders:

- Company/Firm Registration Certificate
- PAN/VAT Registration Certificate
- Audited Financial Statement of last 3 fiscal years with Tax Clearance Certificate
- Document evidencing their engagement in the areas of deployment of Integrated Core **Life Insurance Management System (Software)** in other life insurance companies
- Details work plan explaining the implementation of the software with required timing for complete system migration
- Bid document can be procured during office hours from IT Department of the company at Head Office, Thapathali, Kathmandu upon payment of non-refundable fee of NRP 5,000.00 (Nepalese Rupee Five Thousand only). A copy of bank cash deposit voucher should be submitted while collecting Bid document. Bid document fees should be deposited in the Account Name **Citizen Life Insurance Company Limited** in Bank A/C Number **5441503026524001** of **NIC Asia Bank Limited, Thapathali Branch, Kathmandu.** Similarly, bid document will be provided in authorized email ID of bidders, if the bid fee is deposited/transferred by any means in the bank account mentioned above and requested for the same.
- Eligible Bidders should submit Financial Bid and Technical Bid in separate envelops covered by a single envelop with a label **"Bid for Procurement of Life Insurance Management System (Software) for CitizenLife"** to General Service Department of the company, on or before 2:30 PM on December 12, 2025. Bid documents received after the deadline will be rejected. Bidders not submitting both Technical and Financial Bids in separate envelops shall be automatically disqualified. The financial bid of the bidders qualified shall be opened on fulfilment of the eligible criteria in technical qualification. Technical Proposal of all the bidders will be evaluated first. Date, time and place for opening of Financial Bid of technically qualified bidder will be notified through all possible means of communication, so provided by the bidders in their respective bid and the financial bid will be opened in the presence of technically qualified bidders.
- Bids submitted under the first notice shall be considered valid. All Technical Bids will be opened on December 14, 2025 at 11:30 AM in the presence of the bidder's authorized representative(s). However, the absence of any representative shall not affect or delay the bid opening process.
- If the last date of purchasing of the bid document, submission of bid and opening of bid falls on a public holiday, it shall be done on the next working day at same place and time.
- CitizenLife reserves the rights to accept or reject, wholly or partly, any or all the bids without assigning any reason whatsoever or renegotiate with the winning bidder.

Citizen Life™ समृद्धि तपाईंको, साथ हाम्रो Insurance

Citizen Life Insurance Company Limited
LS Complex, Thapathali, Kathmandu, Contact No.: 01-5970217
Email: info@citizenlifenepal.com |Website: www.citizenlifenepal.com

■ तिला कर्णालीमा विद्युत् उत्पादन सम्भाव्यता अध्ययन

३८ मेगावाट बिजुली उत्पादन गर्न सात अर्ब लाग्ने

जुम्लामा **मानदत्त रावल**

तातोपानी गाउँपालिका- ४ स्थित गिडीदहबाट बगिरहेको पानीबाट विद्युत् उत्पादन सम्भाव्यता अध्ययन गरेर विस्तृत अध्ययन प्रतिवेदन बनाउने तयारी थालिएको छ । विद्युत् प्राधिकरणले ७२ मेगावाट विद्युत् उत्पादनका लागि अनुमति दिएको छ । तिला कर्णालीमा जर्मनी र भारतीय विज्ञसहितको टोलीले विद्युत् उत्पादनको सम्भाव्यता अध्ययन गरिरहेका छन् । अध्ययनले तिला गाउँपालिका र कालीकोटको तिलागुफा नगरपालिकाको सिमानामा ३८.०७ मेगावाटको तिला जलविद्युत् निर्माणका लागि सात अर्ब लाग्ने देखाएको छ । तिला गाउँपालिका- १ र ७, कालीकोटको तिलागुफा नगरपालिका- १, २, ३, ४ र ९ को प्रभावित क्षेत्रमा पहिलो चरणको प्रारम्भिक अध्ययन भएको आयोजनाका परामर्शदाता तथा वातावरणविद् सुरेन्द्रदेव भट्टले बताए ।



तिलामा जलविद्युत् आयोजना निर्माण गर्न सम्भाव्यता अध्ययन चार वर्षपहिला भइसकेको छ । तिला गाउँपालिका र तिलागुफा नगरपालिका भएर बग्ने तिला नदीमा निर्माण हुने प्रस्तावित आयोजनाको 'डिजाइन डिस्चार्ज' ५२.५१ घनमिटर प्रतिसेकेन्ड रहेको वातावरणविद् सुरेन्द्रदेव भट्टको भनाइ छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत विद्युत् विकास विभागबाट उक्त योजनाको नापजाँच ०७८ सालमा स्वीकृत भएको हो ।

आयोजना सञ्चालनबाट प्राप्त हुने रोजगारी, रोयल्टी, सेयर, सामुदायिक सहयोग कार्यक्रमबाट स्थानीयस्तरदेखि राष्ट्रियस्तरसम्म लाभ पुग्ने तिला गाउँपालिका अध्यक्ष मोतीलाल रोकायाले बताए । प्रस्तावित आयोजनाका लागि तिला नदीमा सात मिटर उचाइको बाँध निर्माण गरी तिला नदीको पानीलाई 'साइड इन्टेक गेट'मार्फत ग्राभेल ट्र्यापमा पुऱ्याइनेछ । पानीलाई दुई सय ८९ मिटर लामो स्टिल पेनस्टक पाइपमार्फत ३६ मिटर लम्बाइ, १६ मिटर चौडाइ र ३२ मिटर गहिराइ भएको अर्धसतही विद्युत्गृहमा पुऱ्याई ३८.०७ मेगावाट विद्युत् उत्पादन गरिने विद्युत् विकास विभागका उपसचिव गोपीप्रसाद शाहले बताए ।

उत्पादन भएको विद्युत्लाई एक सय ३२ केभी सिंगल सर्किटको प्रसारणलाइनमार्फत जुम्ला बजारको सबस्टेसनमा जोडिनेछ । विद्युत्गृहबाट निष्कासन भएको पानीलाई २५ मिटर लामो टेलरेस टनेलद्वारा पुनः तिला नदीमा छाडिनेछ ।

आयोजनाका सम्पूर्ण संरचना तिला नदीको बायाँ किनारमा रहनेछन् । आयोजनाको कुल लागत नेपाल सरकारको सात अर्ब ५६ करोड ७४ लाख ३७ हजार चार सय पाँच लाग्ने अनुमान गरिएको छ ।

आयोजनाबाट उत्पादन भएको विद्युत् ३०.२० किमि लामो र एक सय ३२ केभी सिंगल सर्किट प्रसारणलाइनमार्फत जुम्ला बजारमा जोडिनेछ । आयोजना निर्माण गर्न कुल ७.५८५ हेक्टर जग्गा आवश्यक पर्नेछ । जसमा वन क्षेत्रको जग्गा ४.७७२ हेक्टर र निजी जग्गा २.८१३ हेक्टर छ ।

सातवटा विद्युत् ग्रिड सबस्टेसन स्वचालित प्रणालीमा सञ्चालन

काठमाडौं/ नेपाल विद्युत् प्राधिकरणका पुराना सातवटा ग्रिड सबस्टेसन स्वचालित भएका छन् । विद्युत् प्रणालीलाई आधुनिक, स्वचालित र स्मार्टमा रूपान्तरण गर्ने दीर्घकालीन रणनीतिसहित १३ वटा ग्रिड सबस्टेसनलाई स्वचालित बनाउन सुरु गरिएको थियो । त्यसमध्ये पाँचखाल, बनेपा, पाटन, लैनचौर, बालाजु, चपली र भक्तपुरका ग्रिड सबस्टेसन स्वचालित प्रणालीमा आबद्ध गरी सञ्चालनमा ल्याइएको छ । अब उक्त सबस्टेसन मीनभवनस्थित प्रमाणीकरणको भवनमा बनाइएको नियन्त्रण कक्षबाट सञ्चालन गरिएको छ । स्वचालित रूपमा सबस्टेसन सञ्चालन तथा नियन्त्रणका लागि नयाँ नियन्त्रण कक्षसमेत निर्माण गरी सञ्चालनमा ल्याइएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ ।

स्युचाटार, टेकु, मातातीर्थ, चाबहिल, के ३ र लामासाँघु गरी बाँकी ६ वटा सबस्टेसन दुई महिनाभित्र स्वचालित प्रणालीमा आबद्ध गरिनेछ । प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवाललेे सबस्टेसन पूर्ण रूपमा स्वचालित भएपछि बारम्बार हुने विद्युत् अवरोध न्यून हुने, वास्तविक समयको तथ्यांक प्रयोग हुने भएकाले भार (लोड) व्यवस्थापन सहज हुने, सञ्चालन, सम्भार खर्च कम हुने, प्राविधिक क्षति कम हुने र स्मार्ट ग्रिड विकास हुने बताए । उनले स्वचालित बनेपछि क्रमिक रूपमा मानवरहित अवस्थामा अर्थात् भौतिक रूपमा सञ्चालनका लागि कर्मचारी ड्युटीमा खट्नुनपर्ने बताए ।

एसियाली विकास बैंक (एडिबी)को विद्युत् प्रसारण तथा वितरण दक्षता सुदृढीकरण परियोजनाअन्तर्गत प्राप्त भएको सहुलियतपूर्ण ऋणमा सबस्टेसनलाई स्वचालित बनाइएको छ । समग्र आयोजनाको लागत करिब ६१ करोड रुपैयाँ रहेको छ ।



लुम्बिनीको जितसँगै प्लेअफ समीकरण पूरा

सुदूरपश्चिमसहित काठमाडौं, विराटनगर र लुम्बिनी पहिलोपटक शीर्ष चारमा। पोखरा, चितवन र जनकपुर प्लेअफबाट बाहिरिए।

रमेश सुवेदी/नयाँ पत्रिका

लुम्बिनी लायन्सले दोस्रो संस्करणको सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)अन्तर्गत शुक्रबार साबिक विजेता जनकपुर बोल्ट्सलाई चार विकेटले हराएको छ। लुम्बिनीको एक जितेले प्लेअफ दौडमा रहेका जनकपुरसँगै पोखरा एभेन्जर्स र चितवन राइनोज लिग चरणबाटै बाहिरिएका छन्। चालू एनपिएलमा लुम्बिनी प्लेअफमा पुग्ने चौथो टोली बनेको छ। साबिक उपविजेता सुदूरपश्चिम रोयल्स, काठमाडौं गोर्खाज र विराटनगर किंग्स शीर्ष तीनभित्र रहँदै प्लेअफमा पुगेका थिए। हारसँगै जनकपुरले उपाधि रक्षा गर्न सकेन।

लुम्बिनीमाथि जित निकाल्दा जनकपुरसँगै चितवन र पोखराका पनि आशा कायमै हुन्थे। तर, लुम्बिनीको जितले तीन टोलीका शीर्ष चारमा छनोट हुने आशा समाप्त भएका छन्। दोस्रो एनपिएलमा सुदूरपश्चिम मात्र अहिलेसम्म ६ वटै खेलमा अपराजित रहने टोली हो। त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा लुम्बिनी र जनकपुरबिच महत्त्वपूर्ण खेल भएको थियो। यसै खेलको नतिजाले प्लेअफमा पुग्ने चौथो र बाहिरिने टोलीहरूको समीकरण तयार भएको थियो।

जनकपुरले पहिलो ब्याटिङ गरी २० ओभरमा ६ विकेट गुमाउँदै एक सय ३२ रनको मध्यम योगफल खडा गरेको थियो। प्रत्युत्तरमा लुम्बिनीले १९ ओभरमा ६ विकेट गुमाएर चौथो जित निकाल्दै प्लेअफ स्थान सुनिश्चित गऱ्यो। इनिङ्सको पहिलो बलमै सुमित महर्जनको विकेट गुमाएको लुम्बिनीका लागि डार्सी सर्ट र कप्तान रोहित पौडेलले दोस्रो विकेटका लागि ६१ रनको महत्त्वपूर्ण साझेदारी गरेका थिए। डार्सीले २४ बलमा ३० रन र रोहितले ३२ बलमा ३४ रनको योगदान दिए। जेजे स्मिटले १० बलमा २१ रन तथा दिलीप नाथले १५ रन बटुल्दा जनकपुर पराजित भयो।



क्वालिफायर एकमा सुदूरपश्चिम

लगातार ६ खेलमा जित निकालेको सुदूरपश्चिमको शीर्ष स्थान सुरक्षित छ। दोस्रो स्थानमा रहेको काठमाडौंले सात खेलबाट १० अंक जोडेको छ। तेस्रो विराटनगरको आठ अंक छ। सुदूरपश्चिमलाई शनिबार हराउँदा पनि विराटनगर शीर्ष स्थानमा पुग्न सक्दैन। क्वालिफायर एकमा अब सुदूरपश्चिमले काठमाडौं र विराटनगरमध्ये एक टोलीलाई प्रतिद्वन्दीका रूपमा पाउनेछ। सुदूरपश्चिमसँग पराजित हुँदा विराटनगर तेस्रो स्थानमै रहनेछ। यो नतिजा निस्किँदा क्वालिफायर एकमा सुदूरपश्चिम र काठमाडौंबिच फाइनल प्रवेश खेल हुनेछ। यो खेलको विजेता फाइनलमा पुग्नेछ। उसले दुई खेलको नतिजापछि आफ्नो प्रतिद्वन्द्वी पाउनेछ। क्वालिफायर एकमा पराजित टोलीले तेस्रो र चौथो स्थानमा रहेका टोलीबिचको विजेताविरुद्ध खेल्नेछ। त्यसपछि मात्र फाइनल पुग्ने दोस्रो टोलीको छिनोफानो हुनेछ। दोस्रो स्थानमा रहेको काठमाडौंभन्दा विराटनगर दुई अंकले पछि छ। विराटनगरले ठुलो अन्तरले जित निकाले सुदूरपश्चिमविरुद्ध खेल्नेछ।

खेल नगुमाएको सुदूरपश्चिम

चालू एनपिएल सुदूरपश्चिमले आक्रामक प्रदर्शन गरिरहेको छ। ६ वटै खेलमा ब्याटिङ-बलिङमा सुदूरपश्चिमले विपक्षीविरुद्ध दबाब राख्यो। सुदूरपश्चिमको प्रदर्शनमा विदेशी तथा स्वदेशी खेलाडीले योगदान दिएका छन्। अहिलेसम्म पाँच खेलाडीले अर्धशतकीय इनिङ्स खेलेका छन्। प्लेअफ स्थान पक्का गर्न सुदूरपश्चिमले काठमाडौंलाई २९ रन, पोखरालाई १८ रन, कर्णालीलाई ४५ रन, लुम्बिनीलाई सात विकेट, जनकपुरलाई ६ तथा चितवनलाई ४९ रनले पराजित गरेको थियो। बलर अभिनाश बोहराले सर्वाधिक १२ विकेट लिएका छन्। ब्याटिङतर्फ ओपनर विनोद भण्डारीले एक अर्धशतकसहित एक सय ८६ रन बनाएका छन्। साथै अमेरिकाका हर्मित सिंह र कप्तान दीपेन्द्रसिंह ऐरीले अलराउन्ड प्रदर्शन गरेका छन्।

मोन्टीको साथ पाएको काठमाडौं

नेपाली राष्ट्रिय क्रिकेट टोलीलाई गत वर्ष आइसिसी टी-२० विश्वकप, एसिया-कप तथा एकदिवसीय विश्वकप ग्लोबल छनोटमा स्थान पक्का गराएका जादुमयी प्रशिक्षक मोन्टी देसाईको साथमा काठमाडौं पहिलोपटक प्लेअफमा पुगेको हो। काठमाडौंले लगातार चार खेलमा जित निकाली शीर्ष चारभित्र आफूलाई समावेश गरेको छ। काठमाडौंले सातमध्ये पाँच खेल जितेको छ। प्रतियोगिताकै उद्घाटन खेलमा काठमाडौंले अप्रत्याशित रूपमा साबिक विजेता जनकपुरलाई पाँच विकेटले हराएको थियो। त्यसपछि काठमाडौं सुदूरपश्चिमसँग २९ र विराटनगरसँग २२ रनले पराजित हुँदा दबाबमा आयो। ब्रेकपछि रणनीति परिवर्तन गरेको काठमाडौंले लुम्बिनीविरुद्ध २२ रन, चितवनविरुद्ध ५३, कर्णालीविरुद्ध पाँच विकेट तथा पोखराविरुद्ध १३ रनको जित निकाल्दै प्लेअफ पक्का गरेको हो। काठमाडौंका शाहवले पोखराविरुद्ध एकै खेलमा ह्याट्रिकसँगै ६ विकेट लिएका थिए। उनी र करण केसीले पनि १२ विकेट लिएका छन्। मिलिन्द कुमारले पनि १० विकेट हात पारेका छन्। ब्याटिङमा काठमाडौंका बेन चार्लस्वर्थ एक सय ९७ रनको पाँचौं स्थानमा छन्।

स्टार खेलाडीले भरिएको विराटनगर

गत सिजनमा विराटनगरको प्रदर्शन गतिलो भएन। यसपटक विराटनगरले विदेशी तथा घरेलु खेलाडी अनुबन्ध गर्न राम्रो खर्च गरेको छ। यसैको प्रतिफल विराटनगर पहिलोपटक प्लेअफमा पुगेको छ। नेपाली खेलाडीको औसत प्रदर्शन गरिरहँदा विदेशी खेलाडीले राम्रो प्रदर्शन गरेका छन्। ६ खेलमा चार जित निकाल्दै विराटनगर आठ अंक जोडेर तेस्रो स्थानमा छ। पछिल्लो खेलमा चितवन राइनोज पराजित हुँदा विराटनगर एक खेलअगाडि नै प्लेअफमा पुगेको हो। विराटनगरले पहिलो खेलमै पोखरालाई ५३ रन, काठमाडौंलाई पाँच विकेट तथा तेस्रो खेलमा जनकपुरलाई नौ रनले हरायो। त्यसपछि चौथो खेलमा कमजोर देखिएको चितवनसँग ४८ रनले पराजित भयो। पाँचौं खेलमा कर्णाली याक्सविरुद्ध तीन विकेटको जित निकालेको विराटनगर छैटौं खेलमा लुम्बिनीसँग पाँच विकेटले पराजित भयो। विराटनगरले न्युजिल्यान्डका मार्टिन गुप्टिलसँगै दक्षिण अफ्रिकाका फाफ डुप्लेसिसलाई अनुबन्ध गरेको छ। सन्दीप लामिछाने १२ विकेटसहित सर्वाधिक विकेट लिने खेलाडीको शीर्ष स्थानमा छन्।

उत्कृष्ट पुनरागमन गरेको लुम्बिनी

एनपिएलको मध्यतिर लुम्बिनीको प्लेअफ दौड कमजोर बनेको थियो। तर, लगातार तीन खेलमा जित निकाली लुम्बिनी पहिलोपटक प्लेअफमा पुग्यो। रोहित पौडेलको कप्तानीमा रहेको लुम्बिनीले चौथो स्थान रक्षा गर्न चितवनलाई ६ विकेट, पोखरालाई तीन विकेट, विराटनगरमाथि पाँच विकेट तथा जनकपुरलाई चार विकेटले हराएको थियो। लुम्बिनी लगातार तीन खेलमा पराजित भएको थियो। काठमाडौंसँग २२ रन, सुदूरपश्चिमबाट सात विकेट तथा कर्णालीबाट नौ विकेटको हार लुम्बिनीले व्यहोरेको थियो। लुम्बिनीका शेर मल्लले १० विकेट तथा कप्तान रोहितले दुई सय आठ रन बनाएका छन्।

अंकतालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
सुदूरपश्चिम	६	६	०	१२	१.४८
काठमाडौं	७	५	२	१०	०.५३
विराटनगर	६	४	२	८	०.१८
लुम्बिनी	७	४	३	८	-०.३९
पोखरा	६	२	४	४	-०.२४
चितवन	६	२	४	४	-०.६९
कर्णाली	६	१	५	२	-०.४३
जनकपुर	६	१	५	२	-०.४९



खेलपछिको भनाइ

ब्याटिङमा अझै सुधार्नुपर्छ




●**रोहित पौडेल**, कप्तान, लुम्बिनी

सबै खेलाडीसँग प्लेअफमा पुग्ने आत्मविश्वास थियो। सुरु उत्कृष्ट भए पनि त्यसपछि राम्रो भएन। लगातारको हारले हाम्रो प्लेअफ दौड कमजोर बनिसकेको थियो। तर, सबै खेलाडी एक भएर पछिल्लो खेलमा प्रतिस्पर्धा गरे। जसका कारण आज लुम्बिनी प्लेअफमा पुगेको छ। खेलाडी, प्रशिक्षक तथा टिम स्टाफले लुम्बिनी जसरी पनि शीर्ष चारमा पुग्ने आत्मविश्वास राखेका थिए। जनकपुरसँगको खेल ज्यादै महत्त्वपूर्ण थियो। यसमा तलमाथि भयो। म पनि आउट हुन पुगेँ। कहिलेकाहीं अम्पायरले गल्ती गर्छन्। यसको अर्थमा उनीहरूले जानाजान गल्ती गरेका हुँदैनन्। मानवीय त्रुटि हुन्छ। म आउट हुनुलाई पनि मैले यही रूपमा लिएँ। क्रिजमा रहँदा एक वा दुई रन लिएर अगाडि लैजाने योजना थियो। अवश्य पनि आफ्नो विकेट जाँदा दुःखी सबै हुन्छन्। हामीले आजको खेलमा अफस्पिनरविरुद्ध आक्रामक हुने योजना बनाएका थियौं। योजना सफल पनि भयो। लुम्बिनीले अब प्लेअफमा थप सुधारिएको खेल खेल्नेछ। विशेषतः आमाका अगाडि जित निकाल्दा थप खुसी भएँ। अब उहाँलाई ट्रफी दिलाउनु छ। लुम्बिनीले आगामी दिनमा थप उत्कृष्ट खेल देखाउनेछ।

प्लेयर्स टु वाच


सन्दीप लामिछाने (विराटनगर)

विराटनगर किंग्स पहिलोपटक प्लेअफ स्थानमा पुग्दा कप्तान सन्दीपले बलिङमा एकनासको प्रदर्शन गरेका छन्। ६ खेलमा उनले सर्वाधिक १२ विकेट लिएका छन्। एनपिएलमा चार खेलाडीले समान १२ विकेट हात पारेका छन्। इकोनोमी रनरेटमा सन्दीप शीर्ष स्थानमा छन्। सुदूरपश्चिमविरुद्ध घातक बलिङ गर्दै उनी आफ्नो विकेट संख्या बढाउन चाहन्छन्। विराटनगरका विकेटटेकर बलर सन्दीप अवस्थाअनुसार बलिङ गर्छन्। विकेट नआइरहेको अवस्थामा उनी आफ्नो स्पेल पूरा गर्न अग्रसर हुन्छन्। पछिल्ला केही खेलमा सन्दीप विराटनगरका लागि ब्रेक दिलाउने बलरका रूपमा रहेका छन्। सुदूरपश्चिमले विश्वस्तरीय बलरलाई आफूमाथि हाबी हुन दियो भने खेलमा पछाडि पर्न सक्छ।




हर्मित सिंह (सुदूरपश्चिम)

अमेरिकाका हर्मितले काठमाडौं गोर्खाजविरुद्धको पहिलो खेलदेखि नै उत्कृष्ट प्रदर्शन गरिरहेका छन्। चालू एनपिएलमा उनी अलराउन्डर खेलाडीका रूपमा देखिएका छन्। उनी सर्वाधिक विकेट लिने सूचीको पाँचौं स्थानमा छन्। उनको स्पिन बलमा सेट ब्याट्सम्यान सहजै विट भइरहेका छन्। सुदूरपश्चिम लगातार ६ खेलसम्म अपराजित रहनुको पछाडि हर्मितको प्रदर्शन पनि मुख्य मानिन्छ। ब्याटिङमा समेत योगदान दिइरहेका उनले काठमाडौंसँगको खेलमा केवल १८ बलमै अर्धशतकीय इनिङ्स खेलेका थिए। फास्ट बलर र स्पिनरका कमजोर बलमा उनी सहजै छक्का प्रहार गर्न सक्छन्। टोलीलाई विकेट दिलाउने र रनरेट बढाउन हर्मितले मिहिनेत गरिरहेका छन्। विराटनगरले उनलाई रोक्नुपर्ने हुन्छ।



अर्जुन साउद (चितवन)

नेपाली क्रिकेटकै युवा प्रतिभाशाली खेलाडी अर्जुनले चालू एनपिएलमा चारपटक ब्याटिङको अवसर पाएका छन्। उनले एकपटक मात्र अर्धशतकीय इनिङ्स खेले। जनकपुरसँगको महत्त्वपूर्ण खेलमा उनले ३९ बलमा ५२ रनको योगदान दिए। यस खेलपछि उनी फर्ममा आएका छन्। सुदूरपश्चिमसँगको खेलमा १६ रन जोडेका अर्जुनले पोखरा एभेन्जर्सविरुद्ध स्ट्राइक रेट बढाउनुपर्छ। चितवनले पावर प्लेमा बलियो अवस्थामा राख्न ओपनिङ जोडी क्रिजमा टिक्नुपर्छ। यसमा पनि अनुभवी खेलाडी अर्जुनको विशेष भूमिका रहनेछन्। भारतमा क्रिकेट सिकेका अर्जुनले प्राप्त अवसर मिस गर्दैनन्। विराटनगर किंग्ससँगको खेलमा उनले एक क्याच लिएका थिए। विकेटकिपिङसमेत गर्न सक्ने भएकाले उनी चितवनका प्रभाव पार्न सक्ने खेलाडीमा पर्छन्।



एडम रोसिंटन (पोखरा)

इंग्ल्यान्डका विकेटकिपर ब्याट्सम्यान एडमले कर्णाली याक्सविरुद्ध एक सय आठ रनको शतकीय इनिङ्स खेल्दै चर्चा बुटलेका थिए। कर्णालीबाहेक अन्य खेलमा पनि उनले पोखरालाई ओपनिङमा गतिलो योगदान दिएका थिए। लुम्बिनीविरुद्ध ८१ रनको महत्त्वपूर्ण इनिङ्स खेलेका उनी पछिल्लो खेलमा चुकेका थिए। शतक बनाएको अर्को खेलमै उनी स्ट्रोक लगाउने धुनमा आउट हुन पुगे। यद्यपि, एडमले मौका पाउँदा विपक्षी बलरको टाउको दुखाइ हुने गर्छ। लामो इनिङ्स खेल्न सक्ने क्षमता भएका एडम सेट हुँदा चितवन बलियो स्थितिमा रहने गरेको उदाहरण छ। चितवनसँगको खेलमा पोखराले उनीबाट यस्तै आशा गरेको छ।

आजको तस्बिर



स्कोर बोर्डमा रन थोरै

लुम्बिनी लायन्ससँग पराजित भएपछि साबिक विजेता जनकपुर बोल्ट्सका खेलाडी निराश मुद्रामा।

तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

नामिबियाका जानले सम्हाले जनकपुरको कप्तानी

दोस्रो संस्करणको प्लेअफका लागि निर्णायक भिडन्तमा शुक्रबार जनकपुर बोल्ट्सले लुम्बिनी लायन्सविरुद्ध कप्तान परिवर्तन गरेको थियो। जनकपुरले एक महत्त्वपूर्ण परिवर्तन गर्दै कप्तानको जिम्मेवारी नामिबियाका अलराउन्डर जान लफ्टी इटनलाई दिएको हो। यसअघि दक्षिण अफ्रिकाका अलराउन्डर वायन पार्नेलले पनि कप्तानी गरेका थिए। तर, वायनले लुम्बिनीविरुद्धको प्रतिस्पर्धामा अवसर नै पाएनन्। उनी पहिलो प्लेइङ ११ मै रहेनन्। चालू सिजनमा जनकपुरले दोस्रोपटक कप्तानी परिवर्तन गऱ्यो। नियमित कप्तान अनिल साह आउट अफ फर्म भएपछि उनको स्थानमा वायनले कप्तानीको जिम्मेवारी सम्हालेका थिए। दुई खेल कप्तानी गरेका उनी तेस्रो खेलमा टोलीबाटै बाहिरिएका छन्। उनको स्थानमा लुम्बिनीविरुद्ध श्रीलंकन ब्याट्सम्यान संगीथ कुर्रेले अवसर पाएका थिए।

धेरै डकआउट हुने ब्याट्सम्यान



जोस ब्राउन (सुदूरपश्चिम)

खेल : ५, इनिङ्स : ५, रन : ७७, शून्य रन : ३

अस्ट्रेलियाका दायाँहाते ब्याट्सम्यानले चालू एनपिएलमा खराब रेकर्ड आफ्नो नाममा राखेका छन्। दोस्रो एनपिएलमा धेरैपटक डकआउट हुने खेलाडीमा उनी शीर्ष स्थानमा छन्। ब्राउन तीन खेलमा शून्य रनमै आउट भएका थिए। सुदूरपश्चिमले काठमाडौंविरुद्ध जित निकाले पनि ब्राउन शून्य रनमै आउट भएका थिए। कर्णाली र जनकपुर बोल्ट्ससँगको प्रतिस्पर्धामा पनि उनले रन नै बनाएनन्।




सुमित महर्जन (लुम्बिनी)

खेल : ६, इनिङ्स : ६, रन : ३२, शून्य रन : ३

घरेलु खेलाडी सुमितले ब्याटिङमा लुम्बिनीबाट राम्रो गर्न सकेनन्। जनकपुर बोल्ट्सविरुद्ध शुक्रबार उनी पहिलो बलमै गोल्डेन डकआउट भए। कोरोयको फुललेन्थ बलमा सुमित सीधै बोल्ड भए। यससँगै उनी पनि एनपिएलमा धेरैपटक डकआउट हुने खेलाडी बने। यसअघि सुमित पोखरा एभेन्जर्स र काठमाडौं गोर्खाजसँगको खेलमा शून्य रनमै पेभेलियन फर्केका थिए।

प्रियांक पाञ्चाल (कर्णाली)

खेल : ६, इनिङ्स : ६, रन : १८१, शून्य रन : २




भारतको रणजी ट्रफीका अनुभवी ब्याट्सम्यान प्रियांकले सुरुवातमा धमाकेदार प्रदर्शन गरेका थिए। विराटनगर किंग्ससँगको खेलमा उनले ६३ रन बनाएका थिए। उनी दुई खेलमा डकआउट भएका थिए। काठमाडौं गोर्खाज र सुदूरपश्चिमसँगको महत्त्वपूर्ण खेलमा उनी रन नै नबनाएर क्रिजबाट हटे।

आसिफ शेख (जनकपुर)

खेल : ६, इनिङ्स : ६, रन : १०५, शून्य रन : २


गत वर्ष जनकपुरले उपाधि जित्दा आसिफबाट राम्रो साथ पाएको थियो। यसपटक भने आसिफ खासै चल्न सकेनन्। उनी लगातार दुई खेलमा डकआउट भएका थिए। त्यो पनि दुई प्रमुख खेलमा उनी डकआउट हुन पुगे। सुदूरपश्चिम र पोखराविरुद्ध उनले रन बनाउन सकेनन्। यद्यपि, कर्णालीविरुद्ध ५४ रन जोड्दै उनले जनकपुरलाई आशा दिलाएका थिए।



कुशल भुर्तेल (पोखरा)

खेल : ६, इनिङ्स : ६, रन : १५२, शून्य रन : २

एनपिएलमा पोखरालै कमजोर सुरुवात गरेको थियो। पहिलो दुई खेल गुमाएको खेलमा भने कप्तान कुशलले अर्धशतकीय इनिङ्स खेलेका थिए। उनले विराटनगरसँग ५९ रन तथा सुदूरपश्चिमविरुद्ध ५३ रन जोडेका थिए। ब्याटिङमा दमदार सुरुवात गरेका कुशल भने लगातार खेलहरूमा जनकपुर र लुम्बिनीसँग डकआउट हुन पुगे।



जर्ज मुन्सी (विराटनगर)

खेल : ६, इनिङ्स : ६, रन : ६०, शून्य रन : २



स्कटल्यान्डका मुन्सी असाध्यै राम्रा ब्याट्सम्यान हुन्। एसोसिएट क्रिकेटमा मुन्सीको ब्याटिङ जबर्जस्त मानिन्छ। तर, दोस्रो संस्करणको एनपिएलमा भने उनी आउट अफ फर्ममा छन्। यसमा पनि उनी दुई खेलमा डकआउट भए। लुम्बिनी र कर्णालीविरुद्धको खेलमा मुन्सी शून्य रनमै पेभेलियन फर्केका थिए।

आजका खेल

सुदूरपश्चिम रोयल्स	बिहान ११:१५ बजे	विराटनगर किंग्स	
चितवन राइनोज	दिउँसो ३:३० बजे	पोखरा एभेन्जर्स	



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com